## केदारस्यूँ गाउँपालिका

# स्थानीय अनुकूलन कार्ययोजना

# केदारस्यूँ गाउँपालिकाको

# स्थानीय अनुकूलन कार्ययोजना

Local Adaptation Plan for Action (LAPA)

(२०८२/८३ – २०८६/८७)

केदारस्यूँ गाउँपालिका

## केदारस्यूँ गाउँपालिका, देउरा, बझाङ

२०८२

सर्वाधिकार © केदारस्यूँ गाउँपालिका, देउरा, बझाङ

योजनाको नामः स्थानीय अनुकूलन कार्ययोजना २०८२/८३-२०८६/८७

तयार गरिएको वर्षः २०८२

तयार गर्नेः केदारस्यूँ गाउँपालिका

परामर्शदाताः स्कलर्स कन्सल्ट प्रा.लि., काठमाडौं

केदारस्यूँ गाउँपालिका

केदारस्यूँ गाउँपालिका
(Kedarsyun Rural Municipality)

# गाउँ कार्यपालिकाको कार्यालय
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

9858454835 प्र.अ.प्र.
.टोल फ्री नं 18105000043
Email: kedarasyumun@gmail.com
Email:-info@kedarasyumun.gov.np
Website:www.kedarasyumun.gov.np

पत्र संख्या :- २०८१/०८२
चलानी नं :-

मितिः २०८२/०३/१६

सुदुरपश्चिम प्रदेश अन्तर्गत रहेको दुर्गम बझाङ्ग जिल्लाको केदारस्यूँ गाउँपालिका भौगोलिक रुपमा पिछडिएको र यहाँका अधिकांश मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो । विपद् जोखिम तथा जलवायु परिवर्तनले यहाँ गरिवी र सामाजिक बन्चितिकरण झनै बढ्दो छ र न्यूनीकरणका लागि थप चुनौतिहरु सृजना गरेको छ । अनियमित बर्षा र अत्याधिक एवं पटक पटक आउने पहिरो, बाढि, विनाशकारी हुरि बतास, सुख्खा खडेरी आदि जस्ता सवै प्रकारका प्रकोपहरुले गर्दा गरिव तथा विपन्न वर्गको जीविकोपार्जन सुरक्षामा असर पार्दछन् । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ । विभिन्न खालका प्रकोपहरुले यस गाउँपालिकाका समुदायहरुलाई असर पारेको छ । यहाँका सत प्रतिशत घरधुरीहरु विपद जोखीम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्यनजर गरि केदारस्यूँ गाउँपालिका स्तरिय स्थानीय अनुकूलन कार्ययोजना (लापा) तयार गरिएको छ । यस योजना तयार गर्न प्राविधिक रुपमा स्कलर्स कन्सल्ट प्रा. लि., काठमाडौंले सहजिकरण गरेको हो ।

योजना तयारीको क्रममा पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको लागि विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ । गाउँपालिका स्तरिय स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहयोग प्राप्त गर्नसक्ने सरोकारवालाहरु समेतको सहयोगमा यसलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ । यो कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य आवश्यक श्रोत साधनहरुको व्यवस्थापन गर्न गाउँपालिकाको तर्फबाट सदैव सहयोग रहने छ । यो योजना तयारीको प्रकृयामा सहजीकरण गर्ने स्कलर्स कन्सल्ट प्रा. लि., काठमाडौं, तथा यो कार्ययोजना तयारीमा अहोरात्र खटिने सबै वडाका जनप्रतिनिधीहरु, राजनितिक दलहरु, शिक्षक, समाजसेवी, विपद व्यवस्थापन समितिका पदाधिकारीहरु, महिला, दलित लगायत सहभागी सम्पूर्ण निकाय तथा व्यक्तिहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

गणेश बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

9858454835 प्र.अ.प्र.
.टोल फ्री नं 18105000043
Email: kedarasyumun@gmail.com
Email:-info@kedarasyumun.gov.np
Website:www.kedarasyumun.gov.np

# केदारस्यूँ गाउँपालिका

**(Kedarsyun Rural Municipality)**

# गाउँ कार्यपालिकाको कार्यालय

**(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)**

पत्र संख्या :- २०८१/०८२

देउरा, बझाङ

चलानी नं :-

सुदूरपश्चिम प्रदेश, नेपाल

---

मिति: २०८२/०३/१६

सुदूरपश्चिम प्रदेशको दुर्गम जिल्ला बझाङ अन्तर्गत पर्ने केदारस्यूँ गाउँपालिका भौगोलिक रूपले पछाडि परेको क्षेत्र हो, जहाँ अधिकांश नागरिकको मुख्य जीविकोपार्जनको स्रोत कृषि र पशुपालन हो । पछिल्ला वर्षहरूमा जलवायु परिवर्तन र विविध विपद्का कारण गरिबी र सामाजिक वञ्चन अझै गहिरिएको छ । अनियमित वर्षा, बारम्बार पहिरो, बाढी, डढेलो, हुरीबतास र खडेरीजस्ता प्रकोपहरूले विशेषगरी गरिब तथा जोखिममा रहेका समुदायहरूको जीवनमा गम्भीर असर पारेको छ । जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव विकास योजनामै देखिन थालेको छ।

यी जोखिम र असरहरूको न्यूनीकरण तथा व्यवस्थापनका लागि केदारस्यूँ गाउँपालिका स्तरिय स्थानीय अनुकूलन कार्ययोजना (LAPA) तयार गरिएको छ । यस योजनाको तयारीमा स्कलर्स कन्सल्ट प्रा.लि., काठमाडौंले प्राविधिक सहजीकरण गरेको हो । योजना अन्तर्गत पहिचान गरिएका विपद् तथा जलवायु जोखिमको व्यवस्थापन गर्न आगामी ५ वर्षका लागि विस्तृत कार्ययोजना तयार गरिएको छ ।

यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग सरोकारवाला निकायहरूसँग समन्वय गरी अघि बढाइनेछ । कार्यान्वयनमा आवश्यक पर्ने वित्तीय, प्राविधिक तथा अन्य स्रोतहरूको व्यवस्थापनमा गाउँपालिकाको निरन्तर सहयोग रहनेछ ।

अन्त्यमा, योजनाको तयारीमा योगदान पुर्‍याउने स्कलर्स कन्सल्ट प्रा. लि., वडाका जनप्रतिनिधिहरू, राजनीतिक दल, शिक्षक, समाजसेवी, विपद् व्यवस्थापन समिति, महिला, दलित र सबै सरोकारवाला निकाय तथा सहभागीप्रति धन्यवाद ज्ञापन गर्दछु ।

मनिषा धामी
गाउँपालिका उपप्रमुख
केदारस्यूँ गाउँपालिका, बझाङ

9858454835 प्र.अ.प्र.
☏.टोल फ्री नं 18105000043
Email: kedarasyumun@gmail.com
Email:-info@kedarasyumun.gov.np
Website:www.kedarasyumun.gov.np

# केदारस्यूँ गाउँपालिका

**(Kedarsyun Rural Municipality)**

# गाउँ कार्यपालिकाको कार्यालय

**(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)**

पत्र संख्या :- २०८१/०८२

चलानी नं :

देउरा, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८२/०३/१६

तिव्र औद्योगिक विकास, अव्यवस्थित शहरीकरण, जीवांश इन्धनको अत्यधिक प्रयोग, विषाक्त ग्याँस तथा रसायनिक पदार्थको उत्पादन, वन विनाश आदि जस्ता मानवजन्य क्रियाकलापले उत्पन्न हरितगृह ग्याँसले विश्वव्यापी उष्णीकरण भइरहेको छ । यसको परिणाम स्वरूप जलवायुमा परिवर्तन आएको कुरा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट पुष्टि भईसकेको छ । जलवायु परिवर्तनको असर स्थानीय तहमा पनि प्रत्यक्ष रुपमा देखिन थालिसकेको छ । तसर्थ परिवर्तित जलवायुले निम्त्याएको असरहरुसंग जुध्न अनुकूलनका उपायहरु अपनाउनु अहिलेको प्रमुख चुनौती बनेको छ ।

वर्षेनी नेपालमा अनियमित हिमपात, वर्षा, बाढी, पहिरो, खडेरी, हुरीबतास, असिना आदि जस्ता प्रकोपहरु देखा पर्छन । यस्ता प्रकोपहरुले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जनका स्रोतहरुमा प्रत्यक्ष असर पार्दछन् । यस्ता असरबाट केदारस्यूँ गाउँपालिका पनि अछुतो रहेको छैन । यहाका वासिन्दाहरुले विभिन्न प्राकृतिक प्रकोपहरुको नकारात्मक असरहरु महशुस गरिरहेका छन् । यसै सन्दर्भमा केदारस्यूँ गाउँपालिकाका स्थानीय समुदायसंग प्रत्यक्ष अन्तरक्रिया गरी जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्ध गर्दै सङ्कटासन्न क्षेत्र र समुदाय पहिचान गरिएको छ । यसका साथै जलवायु उत्पन्न प्रकोपहरुलाई विभिन्न विधिहरु प्रयोग गरी स्थानीय अनुकूलनका उपायहरुको पहिचान तथा प्राथमिकिकरण गरिएको छ । यसरी पहिचान गरिएका जलवायु उत्पन्न प्रकोपहरुलाई अनुकूलन गर्नको लागि आगामी पाँच वर्षको लागि विस्तृत कार्ययोजना तयार गरिएको छ ।

यस गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजनालाई सफलतापूर्वक सम्पन्न गर्नको लागि सहजीकरण गर्ने स्कलर्स कन्सल्ट प्रा. लि., काठमाडौं, तथा स्थानीय सरोकारवालाहरु, विभिन्न निकायका प्रतिनिधिहरु, विभिन्न संघसंस्थाहरुको प्रत्यक्ष सहभागिताको लागि धन्यवाद दिन चाहन्छु । लापा संलग्न रहेका योजनाहरुको पारदर्शिता सहित कार्यान्वयन गर्नको लागि सरोकारवाला निकायहरुसंग समन्वय तथा सहकार्यको लागि केदारस्यूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सदा तत्पर रहने छ । यस योजनाको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला तथा सम्बन्धित निकायहरुमा सहयोग तथा सहकार्यको अपेक्षा समेत व्यक्त गर्दछौं । धन्यवाद ।

केशव राज भट्ट
नि. प्रमुख प्रशासकीय अधिकृत

| संक्षेपिकृत शब्दहरु | | | |
|---|---|---|---|
| ° | Degree | | |
| ’ | Minute | | |
| ’’ | Second | | |
| °C | Degree Celsius | | |
| **%** | Percentage (प्रतिशत) | | |
| **CBEWS** | Community Based Early Warning System (समुदायमा आधारित पूर्वानुमान प्रणाली) | | |
| **CBS** | Central Bearu of Statistics (केन्द्रीय तथ्याङ्क ब्यूरो) | | |
| **CCA** | Climate Change Adaptation (जलवायु परिवर्तन अनुकूलन) | | |
| **CF/CFUG** | Community Forest / Community Forest Users Group (सावउस - सामुदायिक वन उपभोक्ता समुह) | | |
| **DCC (जिसस)** | District Coordination Committee (जिल्ला समन्वय समिति) | | |
| **DDMC** | District Disaster Management Committee (जि.वि.व्य.स. - जिल्ला विपद व्यवस्थापन समिति) | | |
| **DIA** | Differential Impact Assessment (फरक प्रभाव विशलेषण) | | |
| **DPRP** | Disaster Preparedness and Response Plan. (विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना) | | |
| **DRR** | Disaster Risk Reduction (विपद् जोखिम न्यूनीकरण) | | |
| **EWS** | Early Warning System. (पूर्व चेतावनी प्रणाली) | | |
| **FbF** | Forecast Based Financing (पूर्वानुमान आधारित लगानी) | | |
| **GESI** | Gender Equality and Social Inclusion (लैससास - लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) | | |
| **GIS** | Geographic Information System (भौगोलिक सूचना प्रणाली) | | |
| **I/NGO** | International/Non-Governmental Organization (अन्तर्राष्ट्रिय/गैर सरकारी संस्था) | | |
| **IPM** | Integrated Pest Management (एकीकृत शत्रु जीव व्यवस्थापन) | | |
| **LACCP** | Local Adaptation to Climate Change Project (जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना) | | |
| **LAPA** | Local Adaptation Plan of Action (स्थानीय अनुकूलन कार्ययोजना) | | |
| **LDCRP** | Local Disaster and Climate Resilience Plan (स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना) | | |
| **LDMC** | Local Disaster Management Committee (स्थानीय विपद् व्यवस्थापन समिति) | | |
| **MoFE** | Ministry of Forests and Environment (वन तथा वातावरण मन्त्रालय) | | |
| **MWUS/MUS** | Multiple Water Use System (जलको बहुउपयोग योजना) | | |
| **NAP** | National Adaptation Plan (राष्ट्रिय अनुकूलन योजना) | | |
| **NAPA** | National Adaptation Programme of Action (राष्ट्रिय अनुकूलन कार्यक्रम) | | |
| **RCP** | Representative Concentration Pathways | | |
| **RM** | Rural Municipality (गापा - गाउँपालिका) | | |
| **RVWRMP** | Rural Village Water Resources Management Project (ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना) | | |
| **SDRMP** | School Disaster Risk Management Plan (विद्यालय विपद् जोखिम व्यवस्थापन योजना) | | |
| **VCA** | Vulnerability and Capacity Assessment (संकटासन्नता तथा क्षमता बिश्लेषण) | | |
| **VRA** | Vulnerability and Risk Assessment (सङ्कटासन्नता तथा जोखिम मूल्याङ्कन) | | |
| **रु.** | रुपैयाँ | हे. | हेक्टर |
| **आ.व.** | आर्थिक वर्ष | मा. वि./ आ. वि. | माध्यमिक विद्यालय/ आधारभुत विद्यालय |

## स्थानीय अनुकूलन कार्ययोजनाको सारांश

### पृष्ठभूमि

वन तथा वातावरण मन्त्रालयको पछिल्लो प्रतिवेदन अनुसार बझाङ जिल्ला **अति उच्च संकटासन्न** जिल्लाका रूपमा वर्गीकृत गरिएको छ । प्रतिवेदनले बझाङलाई **पहिरो सम्बन्धी जोखिममा** उच्च संकटासन्न क्षेत्रका रूपमा पहिचान गरेको छ भने **खडेरीको जोखिम** पनि उल्लेख्य रूपमा रहेको उल्लेख गरिएको छ । बझाङ जिल्ला जलवायु परिवर्तनका असरबाट **अति उच्च संवेदनशील** तथा **न्यून अनुकूलन क्षमतायुक्त** जिल्लाका रूपमा रहेको देखिन्छ (*Vulnerability and Risk Assessment and Identifying Adaptation Options, MoFE, 2021*)। जलवायु परिवर्तन र यसका प्रतिकूल प्रभावहरू समग्र विश्वका लागि साझा चुनौतीका रूपमा उभिइरहेका वर्तमान सन्दर्भमा, बझाङ जिल्लाको केदारस्यूँ गाउँपालिका पनि हाल देखा परिरहेका र भविष्यमा देखिन सक्ने प्रतिकूल प्रभावहरूलाई ध्यानमा राखी **अनुकूलन क्षमताको अभिवृद्धि** गर्न कटिबद्ध छ ।

यस उद्देश्यले, **स्थानीय अनुकूलन योजना कार्यढाँचा, २०७६** ले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरू अवलम्बन गरी यो कार्ययोजना तयार गरिएको हो । यस कार्ययोजनाको तयारीमा **बहु-सरोकारवाला** (जस्तैः गाउँपालिका र वडा तहका निर्वाचित जनप्रतिनिधि, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघ-संस्था, जलवायु क्षेत्रमा कार्यरत संस्थाहरू, महिला, वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिँचाइ समिति, जोखिम तथा सङ्कटासन्न समुदायका प्रतिनिधि, अपाङ्गता भएका व्यक्ति तथा अन्य सरोकारवाला निकायहरू) को सक्रिय सहभागिता रहेको छ ।

वडा तथा बस्ती तहमा पहिचान गरिएका प्रमुख **विपद् जोखिम र अनुकूलनका प्रयासहरूलाई समावेश** गर्दै, आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि यो **स्थानीय अनुकूलन कार्ययोजना (LAPA)** तयार गरिएको हो ।

उक्त कार्ययोजना **जलवायु परिवर्तनको असर न्यूनीकरण, समुदायको अनुकूलन क्षमताको अभिवृद्धि** तथा **उत्थानशील (Resilient) र दिगो विकास** प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको हो ।

यस कार्ययोजना तयारीको क्रममा यस गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, वडा सचिवहरू, शिक्षकहरू, समाजसेवीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, गाउँपालिका अन्तर्गतका विषयगत शाखाका प्रतिनिधिहरू, गरिब, महिला, दलित, जनजाति तथा पछाडि परेका वर्गहरू साथै अन्य बुद्धिजीवीहरूको समेत प्रत्यक्ष र सक्रिय सहभागिता रहेको थियो ।

पाँच वर्षका लागि तयार गरिएको स्थानीय अनुकूलन कार्ययोजनामा यस गाउँपालिकामा विद्यमान सामाजिक, मानवीय, आर्थिक, प्राकृतिक, भौतिक तथा सामुदायिक स्रोतहरू र जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल प्रभाव/प्रकोपहरूको पहिचान तथा लेखाजोखा गर्दै गाउँपालिका र यसअन्तर्गतका वडाहरूको जलवायु संकटप्रवणता (Vulnerability) तथा अनुकूलन क्षमताको मूल्यांकन गरिएको छ । सो मूल्यांकनको आधारमा उच्च अनुकूलन क्षमताको परिकल्पना गर्दै प्रभावकारी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गरिई यो कार्ययोजना तयार गरिएको हो ।

### गाउँपालिकाको सामान्य जानकारी, जलवायु परिवर्तनका प्रभाव, तथा कार्ययोजनाको प्राथमिकतामा परेका मुख्य अनुकूलनका कार्यहरू

| वडा संख्या | ९ |
|---|---|
| साविकका गा वि स | रायल, बाँझ, भामचौर र भैरवनाथ |

| | |
|---|---|
| **क्षेत्रफल** | ११३.१ वर्ग किलोमिटर |
| **कुल जनसंख्या** | २१,३१२ जना |
| **कुल घरधुरी** | ४,२९६ |
| **हावापानी** | उपोष्ण, समशितोष्ण, ठण्डा समशितोष्ण, लेकाली तथा ध्रुवीय |
| **समुदाय / जातजाती** | क्षेत्री, ब्राह्मण, दलित |
| **समुन्द्र सतह देखि उचाई** | ७७२ मिटर देखि ३२९८ मिटर सम्म |
| **धर्मावलम्बी** | हिन्दु |
| **मुख्य पेशा** | कृषि, जडीबुटी, ब्यापार |
| **प्रमुख प्रकोपको अवस्था** | तुलनात्मक असर तथा प्रभावको आधारमा यस गाउँपालिकाको प्रमुख जलवायुजन्य प्रकोपहरूमा क्रमशः बाढी, पहिरो, खडेरी, कृषि रोग, पशु रोग, डढेलो, असिनापानी, हावाहुरी, चट्याङ्ग, तुषारो र हिमपात रहेका छन् । |
| **जलवायु परिवर्तनका प्रभाव तथा असरहरू** | • खडेरी, पहिरो, बाढी जस्ता जलवायुजन्य प्रकोपबाट कृषि वाली, पशुपंक्षी तथा मानवमा नयाँ रोगको प्रकोप बढेको, नयाँ मिचाहा प्रजातिहरू देखिएको, स्थानीय रैथाने बाली जस्तै दलहन (मास, भटमास), मार्सी धान तथा गहुँको उत्पादन घटेको छ ।<br>• खानेपानीको उपलब्धतामा कमी आउनका साथै मुहानहरूमा पानीको मात्रा घटेको तथा केही मुहानहरू हिउँदमा सुक्ने गरेको छ ।<br>• लाम्खुट्टे देखा परेको तथा नयाँ नयाँ रोगहरू (भाइरल ज्वरो, मलेरिया इत्यादि) देखा परेको छ भने पहिरो र बाढीको कारण स्वास्थ्य संस्थामा पहुँच रोकिएकोले स्वास्थ्य सेवा अवरुद्ध हुने गरेको छ जसले गर्दा नियमित स्वास्थ्य सेवा नपाउने अवस्था रहेको छ।<br>• पहिरोको कारण बस्ती जोखिम तथा स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको छ भने सडक, पुल लगायतको संरचना बगाउने गरेको छ ।<br>• बाढीले गाउँपालिकाका सबै वडाका खोला नजिक रहेको बस्ती तथा खेतिबाली बगाउने तथा जग्गा जमिन बगाउने र पुर्ने समस्या रहेको छ । |
| **कार्ययोजनाको प्राथमिकतामा परेका मुख्य अनुकूलनका कार्यहरू** | • सिँचाई कुलो निर्माण, मर्मत तथा स्तरोन्नति, थोपा/फिरफिरे सिँचाई प्रविधि प्रवर्द्धन, टनेल खेती, पुनर्भरण पोखरी निर्माण, पानीका मुहान संरक्षण, खानेपानी टयांकी निर्माण, सिँचाइको लागि आकाशे पानी सङ्कलन पोखरी निर्माण, उन्नत जातको बीउ बिजन तथा नश्ल सुधारको लागि उन्नत जातको बोका/राँगा वितरण, बाखाको खोर सुधार, पशुपालन सम्बन्धी तालिम, पशु स्वास्थ्य शिविर, पशु बिमा, माटो परीक्षण<br>• नदि कटान तथा पहिरो नियन्त्रणका लागि वृक्षारोपण, तटबन्ध निर्माण, ग्याबियन पर्खाल निर्माण तथा बायो-इन्जिनियरिङ<br>• वन तथा पर्ती बाँझो जग्गामा वृक्षारोपण तथा अग्नि नियन्त्रण तालिम तथा उपकरण प्रदान<br>• खोज तथा उद्धार तालिम, बाटो छेउ भल निकास, गोरेटो बाटाको निर्माण तथा स्तरोन्नति, सडकको स्तरोन्नति, विपद कोषको स्थापना, कुटानी पिसानी मिल, मसला पिस्ने उद्योग तथा साबुन उद्योग स्थापना<br>• फोहोरमैला व्यवस्थापन, सरसफाई तथा पोषण सम्बन्धी तालिम, डम्पिंग स्थल निर्माण, स्वास्थ्य चौकीको सबलीकरण, स्वास्थ्य सामग्री व्यवस्थापन<br>• जीविकोपार्जन तथा महिला लक्षित तालिम (बाखापालन, अचार बनाउने, जुस बनाउने, होमस्टे संचालन, मौरीपालन, आधुनिक कृषि  तालिम)<br>• जलवायु सचेतना तथा अभिमुखीकरण तथा जलवायु शिक्षा सम्बन्धी पाठ्यक्रम निर्माण |
| **स्थानीय अनुकूलन कार्ययोजना समायोजन तथा** | यस अनुकूलन कार्ययोजनालाई नेपाल सरकारको स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाका ७ चरणहरू अन्तर्गत वडा स्तरीय योजना प्राथमिकिकरण बैठक, बजेट तथा कार्यक्रम |

| | |
|---|---|
| **मुलप्रवाहीकरण** | तर्जुमा समिति, एकीकृत योजना तर्जुमा प्रणालीबाट कार्यपालिकाको बैठक हुँदै गाउँ सभाको बैठकबाट अनुमोदन गरिनेछ। त्यसैगरी अन्य सम्बद्ध सरकारी तथा गैह्र सरकारी निकायहरूको वार्षिक तथा आवधिक योजनाहरूमा यस कार्ययोजना कार्यान्वयनको लागि समायोजन गरी मुलप्रवाहीकरण गरिनेछ । |
| **स्थानीय अनुकूलन कार्ययोजना अनुगमन तथा मुल्याङ्कन** | समुदाय तहमा लाभान्वित समुदाय छनौटको प्रक्रिया लगायत क्रियाकलाप संचालनार्थ हरेक समयमा वडा तहमा प्रक्रिया र प्रगतिहरू र गाउँपालिका तथा जिल्ला तहमा नतिजा तथा उपलब्धिहरूको विभिन्न वार्षिक समीक्षा, अर्ध वार्षिक समीक्षा, फिल्ड अनुगमन आदिको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि सूचकहरु समेतको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । |

**कार्ययोजना कार्यान्वयनको लागि अनुमानित बजेट**

यस कार्ययोजनाको कार्यान्वयनबाट केदारस्यूँ गाउँपालिकाका सम्पूर्ण वडाका बासिन्दाहरू, विशेषतः लक्षित विपन्न, महिला तथा दलित/जनजाति वर्गहरूको अनुकूलन क्षमता अभिवृद्धि गराउने लक्ष्य लिइएको छ । उक्त परिकल्पनाहरू कार्यान्वयन गर्नका लागि जम्मा रू. ३३,०२,१५,००० (तेत्तीस करोड दुई लाख पन्ध्र हजार रुपैयाँ) बराबरको विस्तृत स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

| क्र. सं. | विषयगत क्षेत्रहरू | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा | ६,४०० | ८,४५० | ८,७०० | ७,३०० | ६,४५० | ३७,३०० |
| २ | जलस्रोत र उर्जा | १,४०० | ५०० | ५०० | ५०० | ५०० | ३,४०० |
| ३ | वन तथा जैविक विविधता | ७,०० | १,३०० | ६०० | ६०० | १,१०० | ४,३०० |
| ४ | जलवायुजन्य प्रकोप तथा विपद् जोखिम न्यूनीकरण | १६,५०० | १७,५०० | ३०० | २२,५०० | २२,५०० | ७९,३०० |
| ५ | स्वास्थ्य, खानेपानी र सरसफाइ | १,९५० | ३,००० | १,९५० | २,५०० | १,५५० | १०,९५० |
| ६ | भौतिक संरचना | ३७,५०० | ३७,५०० | ४१,५०० | ३७,५०० | ३७,५२० | १.९१,५२० |
| ७ | पर्यटन तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदा | ४०० | ४०० | २०० | २०० | २०० | १,४०० |
| ८ | जलवायु परिवर्तन सचेतना अभिवृद्धि, क्षमता विकास तथा लैङ्गिक र सामाजिक समावेशीकरण | ३७० | २५० | ३०० | २०० | - | १,१२० |
| ९ | योजना अनुगमन, मूल्यांकन तथा संस्थागत विकास | १८५ | १८५ | १८५ | १८५ | १८५ | ९२५ |
| | **जम्मा** | **६५,४०५** | **६९,०८५** | **५४,२३५** | **७१,४८५** | **७०,००५** | **३,३०,२१५** |
| | **%** | **१९.८१** | **२०.९२** | **१६.४२** | **२१.६५** | **२१.२०** | **१००.००** |

# विषय सूची


स्थानीय अनुकूलन कार्ययोजनाको सारांश ........................................ VIII

विषय सूची ........................................ XI

तालिकाहरुको सुची........................................ XIV

चित्रहरुको सूची........................................ XVI

परिच्छेद १ः योजनाको औचीत्य तथा मान्यता........................................१

१.१ स्थानीय अनुकूलन योजनाको औचित्य र मान्यता........................................१

१.२ स्थानीय अनुकूलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु........................................२

१.३ स्थानीय अनुकूलन कार्ययोजना र विपद् जोखिम व्यवस्थापन बीच अन्तर्सम्बन्ध........................................३

परिच्छेद २ः केदारस्यूँ गाउँपालिकाको परिचय ........................................५

२जलाधार १. ........................................५

२ २.भौगोलिक अवस्था र अवस्थिति........................................७

२ ३.आर्थिक तथा सामाजिक अवस्था ........................................ १०

२प्राकृतिक श्रोतको अवस्था ४........................................ १४

२वन सम्बन्धि बिवरण १.४. ........................................ १४

२-भू २.४.उपयोग विवरण........................................ १५

२जलश्रोत विवरण ३.४. ........................................ १६

२.५ भौतिक पूर्वाधारको अवस्था........................................ १७

२सडक पुर्वाधार .१.५. ........................................ १८

२भवन .२.५........................................ १८

२सार्वजनिक त .३.५.था सामुदायिक भवन ........................................ १९

२ सार्वजनिक .४.५.सेवा सुविधा........................................ २०

२विद्यालयहरु र क्याम्पस .५.५. ........................................ २१

२.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था ........................................ २१

२गाउँपालिका ७.मा कार्यरत संघसंस्थाहरुको अवस्था तथा उपलब्ध सेवाहरु ........................................ २२

२.८ गाउँपालिकामा सुशासनको अवस्था ........................................ २३

परिच्छेद ३ः अनुकूलन कार्ययोजनाको विधि र प्रक्रिया ........................................ २५

३.१ अनुकूलन कार्ययोजनाको तर्जुमा विधि र प्रक्रिया ........................................ २५

परिच्छेद ४: स्थानीय अनुकूलन कार्ययोजना तर्जुमाका चरणहरु ........................................ २७

४क्षमता अभिवृद्धि जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा १. ........................................ २७

४संकटासन्नता २., जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी ........................................ २७

४प्रकोपको ऐतिहासिक घटनाक्रम १.२. ........................................ २७

४परिवर्तित प्रकोप तथा मौसमी पात्रो तथा बाली पात्रो २.२. ........................................ ३७

४ ३.२.बाली पात्रो ........................................ ३९

४तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण ४.२. ........................................ ४२

४सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन ५.२. ........................................ ४४

४.२जोखिमको रुपरेखा ६. ........................................ ४५

४.२.७ प्रकोप तथा जोखिम विश्लेषण ........................................ ४८

४.२.८ संकटासन्न वर्ग तथा समुदाय पहिचान ........................................ ५२

४प्रकोपको प्राथमिकिकरण ९.२. ........................................ ५३

४.२.१० वडा संकटासन्नताजोखिम बस्तीहरूको पहिचान तथा स्तरीकरण , ........................................ ५४

४.२.११ प्रकोप तथा जोखिम विश्लेषण ........................................ ५४

४.३ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण ........................................ ५४

परिच्छेद ५ विषयगत क्षेत्र तथा जीविकोपार्जनका स्रोतमा पारेको प्रभाव, अनुकुलन कार्यहरुको विश्लेषण ........................................ ५८

५१. विषयगत क्षेत्रमा पारेको प्रभाव ........................................ ५८

५.२ जीविकोपार्जनका स्रोतहरू माथिको प्रभाव विश्लेषण ........................................ ६५

५ ,अनुकूलन कार्यहरूको परिकल्पना ३.पहिचान तथा प्राथमिकीकरण ........................................ ६८

५.३उच्च अनुकूलन क्षमताको परिकल्पना १. ........................................ ६८

५.३.२ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन कार्यहरूको पहिचान ........................................ ६८

५अनुकूलन कार्यहरूको प्राथमिकीकरण ३.३. ........................................ ७२

परिच्छेद ६: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना ........................................ ७९

परिच्छेद ७: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण ........................................ ८४

७.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण ........................................ ८४

७स्थानीय तहको वार्षिक योजना २., बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण ........................................ ८५

७तत्काल गर्नूपर्ने १.२ ........................................ ८५

७योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नूपर्ने २.२. ........ ८६

७फलोअप कार्यक्रम ३.२. ........ ८७

७ ३.अनूगमन तथा मुल्याङ्कन योजना ........ ८७

७ ४.अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन ........ ८९

सन्दर्भ समगीहरु ........ ९१

**अनुसूचीहरु** ........ ९२

अनुसूची १ऐतिहासिक घटनाक्रमको विवरण वडागत : ........ ९२

अनुसूची २वडा अनुसार प्रकोपको स्तरीकरण : ........ १०२

अनुसूची ३वडागत योजनाहरुको नक्सांकन : ........ १०३

अनुसूची ४फोटोहरु : ........ ११२

केदारस्यूँ गाउँपालिका

# तालिकाहरुको सूची


तालिका १ बझाङ जिल्लाको विषयगत क्षेत्रको :संकटासन्नता..........१

तालिका २ :केदारस्युँ गाउँपालिकामा रहेका उपल्लो तटीय तथा तल्लो तटीय बस्तीहरु बिचको सम्बन्ध..........५

तालिका ३: उचाइको आधारमा छेत्रफलको विवरण..........९

तालिका ४: भुआकृतिको आधारमा छेत्रफलको विवरण..........१०

तालिका ५केदारस्यूँ गाउँपालिकाको वडागत जनसंख्याको विवरण :..........११

तालिका ६जातिगत जनसंख्याको विवरण केदारस्यूँ गाउँपालिकाको :..........१२

तालिका ७ :केदारस्यूँ गाउँपालिकाको उमेर तथा लिंगको आधारमा जनसंख्याको विवरण..........१३

तालिका ८उपयोग विवरण-केदारस्यूँ गाउँपालिकाको भू :..........१५

तालिका ९: वडा अनुसार जलस्रोतको विवरण..........१६

तालिका १०: सडकको विवरण..........१८

तालिका ११: घरको प्रकार अनुसार पारिवारिक विवरण..........१८

तालिका १२: वडागत रुपमा विद्यालयको विवरण.......... **Error! Bookmark not defined.**

तालिका १३: गाउँपालिकामा कार्यरत सङ्घसंस्था तथा तिनीहरुले प्रदान गर्ने सेवा..........२२

तालिका १४केदारस्यूँ गाउँपालिकाको सुशासनको अवस्था :..........२४

तालिका १५प्रकोपको ऐतिहासिक घटनाक्रम :..........२९

तालिका १६: परिवर्तित प्रकोप तथा मौसमी पात्रो..........३७

तालिका १७: परिवर्तित बाली पात्रो..........४०

तालिका १८: गाउँपालिकाको जोखिमको रुपरेखा..........४६

तालिका १९: केदारस्यूँ गाउँपालिकाको प्रकोप तथा जोखिमको विश्लेषण..........५०

तालिका २०: संकटासन्न वर्ग तथा सामाजिक समुहहरुको पहिचान..........५२

तालिका 21: गाउँपालिकाका विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण..........५३

तालिका 22: वडागत विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण..........५३

तालिका 23: पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण..........५५

तालिका २४: पारिस्थितिकीय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण..........५६

तालिका २५: विषयगत क्षेत्रमा परेको प्रभाव तथा भविष्य अनुमान..........५८

तालिका 26: जीविकोपार्जनका स्रोतहरूमा प्रभाव विश्लेषण ........................................................ ६५

तालिका २७: प्रकोपले प्रभाव परेको जीविकोपार्जनको स्रोत र अनुकूलन उपायहरुको विश्लेषण ........................ ७०

तालिका २८: अनुकूलनको उपायहरू र प्राथमिकीकरण ........................................................ ७३

तालिका २९: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजनाका लागि बजेट अनुमान .......... ७९

तालिका ३०: योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नुपर्ने ........................................................ ८६

तालिका ३१: अनुगमन तथा मुल्यांकन योजना ........................................................ ८७

केदारस्यूँ गाउँपालिका

# चित्रहरुको सूची


चित्र १: जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन बीच अन्तर्सम्बन्ध........................................४

चित्र २: केदारस्युँ गाउँपालिकाको जलाधार क्षेत्र ........................................७

चित्र ३केदारस्यूँ गाउँपालिकाको अवस्थिति नक्शा : ........................................८

चित्र ४ केदारस्यूँ :गाउँपालिकाको प्रशासनिक नक्शा ........................................९

चित्र ५केदारस्यूँ गाउँपालिकाको समुद्री सतहदेखीको उचाइ तथा धरातलिय नक्शा : ........................................१०

चित्र ६केदारस्यूँ गाउँपालिकाको वडागत जनसंख्याको विवरण : ........................................१२

चित्र ७केदारस्यूँ गाउँपालिकाको जनघनत्वको नक्सा : ........................................१२

चित्र ८ :सम्पन्नताको वर्गीकरणअनुसार परिवार........................................१४

चित्र ९केदारस्यूँ गाउँपालिकामा रहेको वनको प्रकारहरु : ........................................१५

चित्र १०उपयोग नक्शा-केदारस्यूँ गाउँपालिकाको भू : ........................................१६

चित्र ११: केदारस्यूँ गाउँपालिका भित्र रहेको नदीको/खोलाको विवरण........................................१७

चित्र १२स्थानीय अनुकूलन योजना खाकाको तयारीको समग्र प्रक्रिया : ........................................२५

चित्र १३ स्थानीय अनुकूलन :कार्ययोजना विधि प्रक्रिया........................................२६

चित्र १४केदारस्यूँ गाउँपालिकाको वार्षिक औसत तापक्रमको अवस्था : ........................................४२

चित्र १५वार्षिक औसत तापक्रम तथा बार्षिक बर्षाको नक्सा केदारस्यूँ गाउँपालिकाको : ........................................४३

चित्र १६केदारस्यूँ गाउँपालिकाको केदारस्यूँ गाउँपालिकाको कुल बार्षिक बर्षाको अवस्था :........................................४४

चित्र १७: केदारस्यूँ गाउँपालिकाको सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन........................................४५

चित्र १८: केदारस्यूँ गाउँपालिकाको पहिरो जोखिम नक्सा ........................................४९

चित्र १९: केदारस्यूँ गाउँपालिकाको आगलागी जोखिम नक्सा........................................५०

चित्र २० जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम :न्यूनीकरण मुलप्रवाहीकरण खाका........................................८४

चित्र २१पालिका स्तरीय मुख्य योजनाहरुको नक्सांकन :........................................८६

# परिच्छेद १: योजनाको औचीत्य तथा मान्यता

## १.१ स्थानीय अनुकूलन योजनाको औचित्य र मान्यता

जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया हो यद्यपि मानव जन्य क्रियाकलापहरु वन विनाश, बढ्दो औद्योगिकीकरण, यातायात क्षेत्रमा पारम्परिक खनिज इन्धनको व्यापक प्रयोग  र अव्यवस्थित शहरीकरणले हरितगृह ग्यासको चिन्ताजनक उत्सर्जनबाट जलवायु परिवर्तनमा तीव्रता आएको छ । जलवायु परिवर्तनको कारकको रुपमा मानिएको हरितगृह ग्याँसको उत्सर्जनमा नगण्य भूमिका हुँदा हुँदै पनि जर्मनवाच द्वारा प्रकाशीत 'ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स-२०२१' को १६ संस्करणका अनुसार, सन् २०००-२०१९ को अवधिमा जलवायु परिवर्तनबाट प्रभावित प्रमुख दस देशको सूचीमा नेपाल दशौं नम्बरमा परेको छ (Eckstein et al., २०२१)।

जलवायु परिवर्तनले गर्दा तापक्रममा वृद्धि हुने, वर्षामा परिवर्तन हुने र समग्र पृथ्वीको प्राकृतिक सन्तुलनमा फरक पर्न थालेको महशुस हुन थालेको छ । हिमालका हिँउ पग्लने, हिमतालहरू फुट्ने, अनियमित तथा अधिक वर्षा हुने, समुन्द्री सतह बढ्ने, बाढी, पहिरोको जोखिम तथा आवृत्ति बढ्ने, खडेरी लम्बिने तथा कृषि उत्पादनमा ह्रास आउने जस्ता समस्याहरू विकाराल रुपमा देखिदै आएका छन् । जिविकोपार्जनका लागि प्राकृतिक स्रोतहरु र बर्षे पानीमा अधिक निर्भर रहने हाम्रो देशमा यसको असर र पार्न सक्ने प्रभावहरु आउने दिनमा अझै बढोत्तर हुने देखिन्छ । नेपाल विश्वका १९८ मलुक मध्ये भू-कम्पीय जोखिमको हिसाबले ११ औं (यु.एन वि.सि.पि.आर २००४), पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं (मानव विकास प्रतिवेदन २००९) स्थानमा रहेको छ । जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा भौतिक पूर्वाधारमा धेरै नकारात्मक असर परेको विवरण राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७ तथा जलवायु परिवर्तन नीति २०७६ ले जनाएको छ । जलवायु परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगेको कुरा विभिन्न तथ्याङ्क र प्रमाणहरूले पुष्टि गरेका छन् भने यसको असरबाट गरिब, विपन्न, महिला, बालवालिका, वृद्धवृद्धाहरु, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रृत समुदायहरु बढी प्रभावित हुन्छन् भन्ने तथ्य समेत विभिन्न अध्ययनहरुले प्रष्ट पारिसकेका छन् ।

तालिका 1: बझाङ जिल्लाको विषयगत क्षेत्रको संकटासन्नता

| विषयगत क्षेत्र | सम्मुखता | संवेदनशीलता | अनुकूलन क्षमता | सङ्कटासन्नता |
|---|---|---|---|---|
| कृषि तथा खाद्य सुरक्षा | न्यून | उच्च | अति न्यून | अति उच्च |
| वन, जैविक विविधता तथा जलाधार संरक्षण | अति उच्च | अति उच्च | न्यून | उच्च |
| जलस्रोत तथा ऊर्जा | मध्यम | उच्च | अति न्यून | अति उच्च |
| खानेपानी तथा सरसफाइ | अति कम | कम | अति न्यून | अति उच्च |
| स्वास्थ्य | न्यून | उच्च | अति कम | उच्च |
| ग्रामीण तथा सहरी बस्ती | NA | NA | NA | NA |
| उद्योग, यातायात तथा भौतिक पूर्वाधार | अति न्यून | न्यून | मध्यम | मध्यम |
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन | पहिरो | | | उच्च |
| | बाढी | | | अति कम |

| विषयगत क्षेत्र | सम्मुखता | संवेदनशीलता | अनुकूलन क्षमता | सङ्कटासन्नता |
|---|---|---|---|---|
| लैङ्गिक तथा सामाजिक समावेशिता तथा जीविकोपार्जन | मध्यम | अति उच्च | अति न्यून | अति उच्च |
| पर्यटन, प्राकृतिक तथा साँस्कृतिक सम्पदा | उच्च | उच्च | कम | उच्च |

Source: MoFE, 2021

यसै सन्दर्भमा जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरुको सामना गर्न नेपाल सरकारले जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६ का साथसाथै विभिन्न स्थानीय अनुकूलन कार्ययोजनाहरु समेत तयार गरी सफलतापूर्वक कार्यान्वयन गरिंदै आएको छ । सँगसँगै जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दिर्घकालीन (सन् २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan) तयारी गरेको छ । विगतका अनुभव, अन्तराष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पूनर्संरचना अनुकूल हुने गरी नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, जारी गरिसकेको छ भने स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परीमार्जीत स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचनाको खाका २०७६ पारीत गरेको छ ।यो परिमार्जित खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरु व्यवस्थापन गर्न र दीर्घकालिन जलवायुमैत्री विकासका योजनाहरु पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ । यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरुबीच नियमित सहकार्य तथा सम्वाद मार्फत् स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ ।

यसै सन्दर्भमा जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पारेको असरहरुसंग सामना गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ बझाङ जिल्लाको केदारस्यूँ गाउँपालिकाको संकटासन्नता, सम्मुखता र अनुकूलन क्षमताको विश्लेषणको आधारमा जोखिम मुल्याकंन तयार पारिएको छ । संकटासन्न नक्शामा आधारित भई स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्वन गरी बहुसरोकारवाला निकायहरु गाउँपालिका, जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडा स्तरवाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यो कार्ययोजना मिति २०८२ जेठ २९ गते पालिका स्तरीय गोष्ठी गरिएको थियो भने गाउँपालिकाको सवै वडाहरुमा स्थलगत अवलोकन तथा अनुकूलन कार्ययोजना तर्जुमा सहभागितात्मक विधिवाट तयार गरिएको थियो ।

## १.२ स्थानीय अनुकूलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु

**स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य तथा मान्यता**

स्थानीय अनुकूलन कार्ययोजनाका निर्दिष्ट सिद्धान्तहरु (समावेशी, उध्वगामी, लचिलो, तत्परता) लाई आधार विन्दु मानिएको छ । केदारस्यूँ गाउँपालिकामा निर्मित स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयन पश्चात केदारस्यूँ गाउँपालिका अन्तर्गत पर्ने सम्पूर्ण वडाहरु, वस्ती, टोल तथा समुदायको अनुकूलन क्षमता अभिवृद्दि भई जीविकोपार्जनमा सुधार ल्याएको हुनेछ । यस योजनाका औचित्यहरु निम्नानुसार रहेका छन्:

- अति जलवायु सङ्कटासन्न वडा, टोल, बस्ती तथा समुदाय र तिनका अनुकूलन चुनौती तथा अवसर लगायत कार्य पहिचान गर्न,
- स्थानीय समुदायले आफ्ना आवश्यकताबारे आफैले निणर्य गर्न सहज तरिका प्रयोग गर्न सक्ने गरी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न,
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न र स्थानीय सरकार संचालन ऐन बमोजिम सो कार्ययोजनालाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनामा समेत समायोजन गर्न,
- सेवा प्रदायक निकायले समयमै प्रभावकारी ढंङ्गले स्रोत परिचालन गरी अनुकूलन कार्य क्रमबद्ध रूपमा अपनाउन/कार्यान्वयन गर्न,
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न, र
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा अनुकूलनका प्रभावकारी विकल्प पहिचान गर्न ।

**मान्यताहरु**

- स्थानीय जलवायु अनुकूलन कार्ययोजना स्थान बिशेष अनुसार फरक फरक हुन्छ ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरुको सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असरसँग सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकिकरण गरी स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- पालिका स्तरीय अनुकूलन योजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले संचालन गर्न सकिन्छ ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागि अनुकूल वातावरणको श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा गाउँपालिकामा रहेको सम्पूर्ण सरोकारवालाहरुलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त उध्वगामी, समावेशी, तत्परता र लचिलोमा आधारित भई स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै बिषयगत क्षेत्र समेटि बिभिन्न सरकोकारवाला निकायहरुको सहभागितामा कार्ययोजना तयार गरिएको छ ।
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा स्थानीय विपद् ब्यवस्थापनका पक्षहरुलाई पनि विशेष ध्यान दिईएको छ ।

### १.३ स्थानीय अनुकूलन कार्ययोजना र विपद् जोखिम व्यवस्थापनबीच अन्तर्सम्बन्ध

स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि वन तथा वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना तयार गरी लागु गरेको छ भने स्थानीय विपद् व्यवस्थापन योजना तयारीको लागि संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयबाट मार्गदर्शन तयार गरी लागु गरिएको छ । दुवै दस्तावेजको लागि छुट्टाछुट्टै

मन्त्रालयवाट मार्गदर्शन लागु गरिएको भएता पनि यसको उद्देश्य, आशय, योजना तर्जुमा, प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैंन । दुबै योजनाको मुख्य उद्देश्य नेपालले भोगीरहनु पर्ने र दोहोरीरहने बाढी, पहिरो, माहामारी, आगलागी, शीतलहर जस्ता विनाशकारी समस्या तथा जोखिमहरुसँग जुध्न उत्थानशील समुदायको निर्माण गर्नु रहेको छ । स्थानीय अनुकूलन कार्ययोजनाले जलवायु परिवतर्नवाट सिर्जित जलवायुजन्य प्रकोपहरुमा केन्द्रित भई संकटासन्न समुदायको अनुकूलीत क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ योजना तयार गरेको र स्थानीय विपद् व्यवस्थापन योजनाले जलवायुजन्य तथा अन्य प्रकोपहरुलाई समेटी विपद् व्यवस्थापनका पक्षलाई केन्द्रित गरी योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन कार्ययोजना र स्थानीय विपद् जोखिम व्यवस्थापन योजना समायोजन गर्नु पर्ने आवश्यकता देखिएकोले विपद् व्यवस्थापन योजनामा समावेश भए गरेका विपद व्यवस्थापन सम्वन्धि योजनाहरु पनि स्थानीय अनुकूलन योजनामा समावेश गरी कार्यान्वयन गर्दा अझ बढी प्रभावकारी हुने देखिएकोले यस योजनामा दुवै योजनाका समान रहेका पक्षहरुलाई समावेश गर्ने प्रयास गरिएको छ ।




चित्र १: जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनबीच अन्तर्सम्बन्ध

# परिच्छेद २: केदारस्यूँ गाउँपालिकाको परिचय

केदारस्यूँ गाउँपालिका सुदूरपश्चिम प्रदेशको बझाङ जिल्लामा अवस्थित एउटा महत्वपूर्ण ग्रामीण प्रशासनिक एकाई हो । हिमाली तथा उच्च पहाडी भू-भागमा फैलिएको यस गाउँपालिका प्राकृतिक स्रोतसाधन, सांस्कृतिक धरोहर, धार्मिक स्थल तथा जैविक विविधताले भरिपूर्ण छ । गाउँपालिकाभित्रका खोला, खोल्सी र वनजंगलले यहाँको जलाधार, पर्यावरणीय सन्तुलन र स्थानीय आजीविकामा प्रत्यक्ष असर पुर्याउँछन् । प्राकृतिक श्रोत तथा भू-उपयोग अवस्था, सामाजिक-आर्थिक संरचना, भौगोलिक अवस्थिति र भौतिक पूर्वाधारको विकास अवस्था बुझेर यहाँको जलवायु अनुकुलन विकास तथा अनुकूलन कार्ययोजना तयार पारिएको छ । यस परिच्छेदमा केदारस्यूँ गाउँपालिकाको जलाधार अवस्था, भौगोलिक अवस्थिति, आर्थिक-सामाजिक तथा मानवीय अवस्था, वनजंगल र जलश्रोतको अवस्था, भौतिक पूर्वाधार, संघ-संस्था तथा सुशासनको हालको अवस्था लगायतका पक्षलाई समेटिएको छ ।

## २.१ जलाधार

केदारस्यूँ गाउँपालिका कर्णाली नदी बेसीन को प्रमुख जलाधार सेती नदी जलाधारमा अवस्थित छ । यस गाउँपालिकाभित्र रहेका सम्पूर्ण साना खोला, खोल्सी तथा गाडहरू अन्ततः कालङ्गा वा सेती नदीमा मिसिन्छन् । गाउँपालिका भित्र भएका साना खोला/खोल्सीहरुको आफ्नै उप-जलाधार रहेको छ, जसले तल्लो तटीय बस्ती र माथिल्लो तटीय बस्तीबस्तीबीच अन्तर्सम्बन्ध राख्दछ । यी उप-जलाधारहरूले सिँचाइ, खानेपानी, वन स्रोत तथा कृषि उत्पादनमा निर्भरता कायम राख्दै स्थानीय समुदायलाई जीवनयापनमा सहायक भूमिका निर्वाह गर्दछ । तल्लो तटीय र माथिल्लो तटीय अन्तर्सम्बन्ध राख्ने यस गाउँपालिकाको प्रमुख उप-जलाधारहरूमा **पाल्तीछाडा गाड, नारु गाड, कालङ्गा गाड, बजुवा खोला, रोता गाड, सनडा खोला, जुली गाड तथा सेला खोला** रहेका छन् । यी उप-जलाधार क्षेत्रहरू स्थानीय जलस्रोत व्यवस्थापन, दिगो सिँचाइ तथा मौसमजन्य जोखिम न्यूनीकरणमा समेत महत्वपूर्ण आधार हुन् ।

**तालिका 2: केदारस्युँ गाउँपालिकामा रहेका उपल्लो तटीय तथा तल्लो तटीय बस्तीहरु बिचको सम्बन्ध**

| वडा नं | माथिल्लो तटीय बस्ती | तल्लो तटीय बस्ती | सम्बन्ध | जलाधार क्षेत्र |
|---|---|---|---|---|
| १ | कनाडा, डुडिल, सिम चौडाला, चौडाम, रातापानी, कापडिगाउँ | बगाल, रायल, पथुडा, खेत बिली बगर, देउरा, जुवालीखेत, कालाढुंगा | उपल्लो तटीय बस्तीबाट आउने पानी र झरनाको बहावले तल्लो तटीय बस्तीको खेतीको सिँचाइमा मद्दत गरिरहेको छ । | कालङ्गा सेती दोभान |
| | पडाला, रुला | बगड, सिमार, पाल्ली छडा, ना | | पाल्लीछडा गाड र सेती नदी |
| | टिक | गर्जेपानी, नयाँ वगर, आडेसाज | | नारु गाड |
| २ | | | उपल्लो तटीय क्षेत्रबाट सबै क्षेत्रका बासिन्दा हरुले काठ, घाँस, पानी उपयोग गर्दछन् । | कालङ्गा सेती दोभान |
| | कोटीगाउँ, ओखडगाउँ | बजुवा बगर | | बजुवा खोला |
| | , बाइतोली, जुब, महरगाउँ, रंग्याज, पटौटा, लेख खौला, मजेगाडा, काकरतोला | गजपनेरा, तल्ली बाकरु, काठखेत, मेला, गैरा | | नारु गाड |
| ३ | हस्साडा, डाफ्रु, गडीगाँउ, धारी, गैरकुल्ला, केदार | झडखेत, काँकरहान्ना, काबडी, तलबडा | | नारु गाड |

| वडा नं | माथिल्लो तटीय बस्ती | तल्लो तटीय बस्ती | सम्बन्ध | जलाधार क्षेत्र |
| --- | --- | --- | --- | --- |
| | डाँडा, लामखेत, थाप्ली बाँझ | | | |
| ४ | रिगुडा, किमरुस्का, खलापाटा, छिल्लेक, सुदाडा, इश्वरभिडा, ओडार, आङगडेगडा, खेपचडा तिवारीगाउँ, द्वाडा, बखेत, तलखेत | तोली, भाडे र , मलाड ढालढुङ्ग्रा, पडपेल्लेपानी | | रोता गाड खोला अडकने खोला बौले गाड खोला रिगुडा खोला |
| | कोरेला, कुलीवान, नोलागोदा, रुवाकाडा, चमडसैना, | सैन्सु, जडीबगर, घट्ट, मुल्याँ, मुस्या, धुराली, टपटेन, बागथला, बागलागाउँ, घाटबगर, खेतकुचा, खोलामौर | | गोगन खोला कालङ्गा गाड सेला खोला |
| | | | | |
| ५ | गुरेना, इश्वरकाँडा, चौडेल्ली, साननडाँडा, बैगड, बेरकाँडा, जाडेपातल, बहुराडी, | सेडीखोला, पाउटा, बगडी | | कालङ्गा गाड |
| | बिरालसैन, सिङ्गेचुला | | | धौला वगर खोला |
| | बाँझ, सैगडी | | | बगडी खोला |
| ६ | दसैन, उपरगाउँ, थापागाउँ, भाडसैन, बिनाडा त्याडीगाउँ, ठेक गडान मल डाडा गाजरी, भाडसैन् | बखरदार, सिङराल्ली, | | रोता खोला हुक्काने खोला कसि धार खोला |
| | | रोता गडा, सिराड | | घट्ट गाड खोला |
| | | | | विनाडि गाड |
| ७ | भामचौर, सुँगरे | | | सुगरे खोला |
| | कोटेली, काँडाचौर | जसुडा, दोमाल, पारिबगर, दहसैन | | जसुडा खोला घट्टगाड खोला |
| | खिकरी | | | खिकरी खोला |
| ८ | रजाडा, लोतु, सिराडी, मल्लेसी, धारी तलिखेत, खेती, टोड्का, ढिकुरा सानकाट्टे, टुडिखेल, सुकानाउला सिलङ्गी | डोप्के, भणार, अथ्रला, तलिखेत | | जुइली गाड सिराडी गाड मौभेरी खोला |
| | दुनीधारी, रजाडा, डाडा | | | अनारि गाड |
| ९ | कुलीबान, खाती बिनाडा, गल्लेक, धामीलेक, ज्याडा, | ढोड्याखेत, जुइल, झोता, पौडी, उपाध्या, जुइल | | जुली गाड र सेती नदी |

| वडा नं | माथिल्लो तटीय बस्ती | तल्लो तटीय बस्ती | सम्बन्ध | जलाधार क्षेत्र |
|---|---|---|---|---|
| | सेकु | | | |
| | | सुडीखोला | | सुडीखोला |

स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा उपल्लो र तल्लो क्षेत्र (अप-स्ट्रिम, डाउन-स्ट्रिम) अन्तर्निर्भरता र बहु-विपद् जोखिम र संवेदनशीलतालाई समेत मध्यनजर गर्दै अनुकूलनका क्रियाकलापहरु छनोट गरिएको छ ।




चित्र २: केदारस्युँ गाउँपालिकाको जलाधार क्षेत्र

## २.२ भौगोलिक अवस्था र अवस्थिति

केदारस्यूँ गाउँपालिका हाल सुदुरपश्चिम प्रदेशको बझाङ जिल्लाका १२ पालिकामध्ये एक हो । यो गाउँपालिका २९°३२'३८" देखि २९°४०'५२" उत्तरी अक्षांश र ८०°५६'५०" देखि ८१°०६'४८" पूर्वी देशान्तर सम्म फैलिएको छ । यस गाउँपालिकाको क्षेत्रफल ११३.९१ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको पूर्व-पश्चिम लम्बाइ करिब १५-१७ किलोमिटर र उत्तर-दक्षिण चौडाइ करिब १२-१४ किलोमिटर रहेको छ ।

साविकका रायल, बाँझ, भामचौर र भैरवनाथ गाउँ विकास समितिहरु मिली बनेको यस गाउँपालिकामा ९ वटा वडा हरु रहेका छन् भने यसको केन्द्र देउरा रहेको छ । केदारस्यूँ गाउँपालिकाको प्रशासनिक सीमाना पूर्वमा दुर्गाथली गाउँपालिका र थलारा गाउँपालिका, पश्चिममा बुङ्गल नगरपालिका र बित्थडचिर गाउँपालिका, उत्तरमा बुङ्गल नगरपालिका, र दक्षिणमा थलारा गाउँपालिका, बित्थडचीर गाउँपालिका तथा डोटी जिल्ला रहेको छ ।

समुन्द्री सतहदेखि ७७२ मिटर देखि ३२९८ मिटर सम्मको उचाइमा रहेको यस गाउँपालिका एक सुन्दर प्राकृतिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा बोकेको स्थान हो (केदारस्यूँ गाउँपालिकाको संक्षिप्त विवरण, २०८१)। यस गाउँपालिकाको पूर्व - पश्चिम दिशा भएर पश्चिम सेती नदी तथा उत्तर - दक्षिण दिशा भएर कालङ्गा नदी बग्दछ जहाँ समथर जमिन तथा नदीले बनाएको टार क्षेत्र छ भने यस गाउँपालिकाको उत्तर दिशामा उच्च पहाडी भेग रहेको छ भने यसको दक्षिण दिशामा मध्य पहाडी भू-भाग रहेको छ ।




चित्र ३: केदारस्यूँ गाउँपालिकाको अवस्थिति नक्शा




**चित्र ४: केदारस्यूँ गाउँपालिकाको प्रशासनिक नक्शा**

समुन्द्री सतहदेखि ७७२ मिटर देखि ३२९८ मिटर सम्मको उचाइमा रहेको यस गाउँपालिका एक सुन्दर प्राकृतिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा बोकेको स्थान हो (केदारस्यूँ गाउँपालिकाको संक्षिप्त विवरण, २०८१)। यस गाउँपालिकाको पूर्व - पश्चिम दिशा भएर पश्चिम सेती नदी तथा उत्तर - दक्षिण दिशा भएर कालङ्गा नदी बग्दछ जहाँ समथर जमिन तथा नदीले बनाएको टार क्षेत्र छ भने यस गाउँपालिकाको उत्तर दिशामा उच्च पहाडी भेग रहेको छ भने यसको दक्षिण दिशामा मध्य पहाडी भू-भाग रहेको छ ।

**तालिका ३: उचाइको आधारमा छेत्रफलको विवरण**

| उचाइ | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|
| १००० मि भन्दा मुनि | ९.४ | ८.३ |
| १००० मि. देखि १५०० मि. सम्म | ३४.२ | ३०.१ |
| १५०० मि. देखि २००० मि. सम्म | ३७.७ | ३३.१ |
| २००० मि. देखि २५०० मि. सम्म | २५.९ | २२.७ |
| २५०० मि. भन्दा माथि | ६.६ | ५.८ |

**स्रोतः** नापी विभाग, २०७८

केदारस्यूँ गाउँपालिकाको अधिकांश भूभाग (लगभग ३७.७ %) १५०० मिटरदेखि २००० मिटरको उचाइ दायरा भित्र पर्दछ । यस गाउँपालिकाको अधिकांश क्षेत्र उच्च पहाडी भौगोलिक क्षेत्रमा पर्ने हुँदा यसको अधिकांश भूभाग १५०० मिटरभन्दा माथि अवस्थित छ । तथापि, केही दक्षिणी भू-भागहरु १००० मिटरभन्दा मुनी रहेको पाइन्छ ।




चित्र ५: केदारस्यूँ गाउँपालिकाको समुद्री सतहदेखीको उचाइ तथा धरातलिय नक्शा

केदारस्यूँ गाउँपालिकाको भू-आकृति भिरालोपनको आधारमा चार वर्गमा विभाजन गरिएको छ । समथर भू-भाग (०– ८ डिग्री भिरालोपना) गाउँपालिकाको कुल क्षेत्रफलको ३.४% रहेको छ, जुन खेती तथा आवासीय प्रयोजनका लागि उपयुक्त मानिन्छ। त्यसपछि तल्लो पहाडी भू-भाग (८– १५ डिग्री भिरालोपना) पर्दछ, जसले ५.५% भू-भाग ओगटेको छ । पहाडी भू-भाग (१५– ३५ डिग्री भिरालोपना) सबैभन्दा ठूलो भागमा फैलिएको छ, जसले गाउँपालिकाको कुल क्षेत्रफलको ४८.२% ओगटेको छ । यस्तै, उच्च पहाडी भू-भाग (४५ डिग्री भन्दा माथिको भिरालोपना) कुल क्षेत्रफलको ११.७०% रहेको छ । यसरी हेर्दा, गाउँपालिकाको अधिकांश भू-भाग मध्यमदेखि उच्च भिरालोपनयुक्त पहाडी क्षेत्रमा अवस्थित रहेको देखिन्छ ।

तालिका 4: भुआकृतिको आधारमा छेत्रफलको विवरण

| भू-आकृति | भिरालोपना | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|
| समथर | ८ डिग्री भन्दा कम | ३.८ | ३.४ |
| तल्लो पहाडी | ८ डिग्री देखी १५ डिग्री सम्म | ६.२ | ५.५ |
| मध्य पहाडी | १५ डिग्री देखी ३५ डिग्री सम्म | ५४.९ | ४८.२ |
| उच्च पहाडी | ३५ डिग्री देखी ४५ डिग्री सम्म | ३७.२ | ३२.७ |
| हिमाली | ४५ डिग्री भन्दा माथी | ११.७ | १०.३ |

## २.३ आर्थिक तथा सामाजिक अवस्था

जनसंख्याको हिसाबले यस केदारस्यूँ गाउँपालिकामा कुल  ४,२९६ घरधुरीमा २१,३१२ जना मानिसहरु बसोबास गर्छन् । कुल जनसंख्याको ४६.२ % पुरुष रहेका छन् भने ५३.८% महिला रहेका छन् । यस गाउँपालिकाको कूल साक्षरता दर ७१.९%, पुरुष साक्षरता दर (८३.९%) र महिला साक्षरता दर (६१.८ %) रहेको छ । यहाँ

अधिकाशं हिन्दु धर्मावलम्वीहरूको बाहुल्यता रहेको छ ।यहाँ क्षेत्री समुदायको बाहुल्यता पाइन्छ भने क्रमशः विश्वकर्मा, ब्राह्मण, ठकुरी, परियार, सन्यासी/दसनामी, मिजार, सुनुवार , नेवाः (नेवार) र राई पनि रहेका छन् ।

**तालिका 5: केदारस्यूँ गाउँपालिकाको वडागत जनसंख्याको विवरण**

| वडा नं | क्षेत्रफल (वर्ग कि.मि.) | जम्मा जनसंख्या | महिला संख्या | पुरुष संख्या | जम्मा घरधुरी संख्या | जनघनत्व (प्रति वर्ग कि.मि.) | लैङ्गिक अनुपात | औसत परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | १५.३७ | ३०२८ | १५९८ | १४३० | ६८१ | १९७ | ८९.४९ | ४.४ |
| २ | ४.४२ | १६४३ | ९३४ | ७०९ | ३०५ | ३७१ | ७५.९१ | ५.४ |
| ३ | १३.७१ | १६६१ | ९११ | ७५० | २९१ | १२१ | ८२.३३ | ५.७ |
| ४ | १५.७५ | २६०४ | १३६२ | १२४२ | ५९२ | १६५ | ९१.१९ | ४.४ |
| ५ | ११.९६ | २२८३ | १२२८ | १०५५ | ४२८ | १९१ | ८५.९१ | ५.३ |
| ६ | १५.९३ | २७७७ | १४६० | १३१७ | ४८० | १७४ | ९०.२१ | ५.८ |
| ७ | १३.७९ | २१५७ | ११७३ | ९८४ | ४०३ | १५६ | ८३.८९ | ५.४ |
| ८ | १४.२४ | २५६३ | १३५६ | १२०७ | ५३२ | १८० | ८९.०१ | ४.८ |
| ९ | ८.४२ | २५९६ | १४३४ | ११६२ | ५८४ | ३०८ | ८१.०३ | ४.४ |
| **जम्मा** | ११३.५९ | २१३१२ | ११४५६ | ९८५६ | ४२९६ | १८८ | ८६.०३ | ४.९६ |

**स्रोतः** राष्ट्रिय जनगणना, २०७८



चित्र ६: केदारस्यूँ गाउँपालिकाको वडागत जनसंख्याको विवरण




चित्र ७: केदारस्यूँ गाउँपालिकाको जनघनत्वको नक्सा

यहाँका मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन (७४.६%) रहेको छ ।त्यसैगरी थोक व्यापार (९.२%), निर्माण (४.३%), शिक्षा (३.६%), उत्पादन (१.७%) र बाकी अन्य सेवामा रहेका छन् । अन्न बालीमा मुख्य गहुँ, जौ, उवा, चिनु, फापर, कोदो, आलु रहेका छन् । सिँचाइको सुविधा भएको स्थानहरुमा दुई बाली खेती हुने गरेको पाइन्छ भने सिँचाइको पर्याप्त सुविधा नभएको र कम तापक्रम भएका लेकाली भूभागहरुमा एक बाली मात्र खेती हुने गरेको पाइन्छ । यस भेगका उच्च स्थानहरुमा स्याउ, ओखर र आलुलाई व्यवसायिक खेतीका रुपमा पनि प्रवर्द्धन गर्न खोजिएको पाइन्छ। अन्नबाली उत्पादन र पशुपालनमा अधिक समय बिताउने भएतापनि यहाँका कृषि निर्वाहमुखि मात्र रहेको छ ।स्थानीयका अनुसार अधिकाशं परीवारमा छ महिनाभन्दा बढी पुग्ने खाद्यान्न उत्पादन हुन कठिन छ । यहाँको मानिसहरु अधिकांश मानिसहरु नेपाली भाषा बोल्ने गर्दछन् । यहाँका करिब ०.१% मानिस प्राकृतिक प्रकोपका कारण बसाईँसराइ गरेका छन् ।

तालिका ६: केदारस्यूँ गाउँपालिकाको जातिगत जनसंख्याको विवरण

| जातजाति | जनसंख्या | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| क्षेत्री | १५२३५ | ७२ | ७०२७ | ७१.३ | ८२०८ | ७१.७ |
| विश्वकर्मा | २४७१ | १२ | ११३३ | ११.५ | १३३८ | ११.७ |
| ब्राह्मण - पहाड | १६३० | ८ | ७६९ | ७.८ | ८६१ | ७.५ |
| ठकुरी | ११८५ | ६ | ५६२ | ५.७ | ६२३ | ५.५ |
| परियार | ४७१ | २ | २२७ | २.३ | २४४ | २.१ |

| जातजाति | जनसंख्या | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| सन्यासी/दसनामी | १३१ | १ | ५९ | ०.६ | ७२ | ०.७ |
| मिजार | ९२ | ० | ४९ | ०.५ | ४३ | ०.४ |
| सुनुवार | २५ | ० | १० | ०.१ | १५ | ०.१ |
| नेवाः (नेवार) | १८ | ० | १० | ०.१ | ८ | ०.१ |
| राई | १५ | ० | १० | ०.१ | ५ | ०.१ |
| अन्य | ३९ | ० | ३ | | ३६ | ०.१ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

केदारस्यूँ गाउँपालिकाको जनसंख्यात्मक संरचना हेर्दा बालबालिका र किशोरहरूको संख्या धेरै रहेको छ, जसले उच्च जन्मदरलाई संकेत गर्दछ । कामकाजी उमेर समूहमा महिलाको संख्या पुरुषको भन्दा बढी देखिन्छ, जसको कारण अधिकांश पुरुषहरू वैदेशिक रोजगार वा अन्य ठाउँमा बसोबास गर्ने प्रवृत्ति हो। वृद्ध उमेर समूहमा महिलाको दीर्घायु दर पनि पुरुषभन्दा बढी देखिन्छ । यसले गाउँपालिकामा परम्परागत संयुक्त परिवार प्रणाली, उच्च प्रजनन दर र वैदेशिक रोजगारीमा पुरुषहरूको निर्भरता अझै कायम रहेको स्पष्ट पार्दछ ।

**तालिका 7: केदारस्यूँ गाउँपालिकाको उमेर तथा लिंगको आधारमा जनसंख्याको विवरण**

| उमेर समुह | पुरुष | महिला | उमेर समुह | पुरुष | महिला |
|---|---|---|---|---|---|
| ००-०४ | १०९९ | ९९८ | ५०-५४ | ४०० | ४५७ |
| ०५-०९ | १३९१ | १२७३ | ५५-५९ | ३२७ | ३११ |
| ०९-१० | १६०७ | १६१७ | ६०-६४ | २४५ | २७४ |
| १५-१९ | ११६१ | १४०७ | ६५-६९ | २०८ | २५८ |
| २०-२४ | ७११ | १०४४ | ७०-७४ | १६२ | ३१७ |
| २५-२९ | ५५७ | ७६५ | ७५-७९ | ९७ | १९८ |
| ३०-३४ | ५४६ | ६८० | ८०-८४ | ३२ | ५२ |
| ३५-३९ | ४७७ | ६४९ | ८५-८९ | ७ | ३७ |
| ४०-४४ | ४४१ | ६२१ | ९०-९४ | ३ | १५ |
| ४५-४९ | ३८१ | ४७९ | ९५ माथि | ४ | ४ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकाका धेरैजसो घरपरिवार अति न्युन स्तरको जीविकोपार्जन व्यतित गरिरेका छन् र जलवायुजन्य प्रकोपबाट समेत उच्च जोखिममा रहेका छन् ।




चित्र ८ः सम्पन्नताको वर्गीकरणअनुसार परिवार

## २.४ प्राकृतिक श्रोतको अवस्था

### २.४.१ वन सम्बन्धि बिवरण

केदारस्यूँ गाउँपालिकाको कुल क्षेत्रफलमध्ये करिब २१.२५% (२४.२१ वर्ग कि.मि.) क्षेत्र वन तथा जङ्गलहरूले ओगटेको छ । वडागत रूपमा हेर्दा सबैभन्दा धेरै वन क्षेत्र वडा नं. ६ मा (४.३८ वर्ग कि.मि.) रहेको छ भने सबैभन्दा कम वन क्षेत्र वडा नं. २ मा (०.४४ वर्ग कि.मि.) मात्र रहेको पाइन्छ । हालसम्म यस गाउँपालिकामा ३२ वटा सामुदायिक वन दर्ता भई सञ्चालनमा रहेका छन् र ती सामुदायिक वनहरूबाट करिब १,२५० घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् ।



### चित्र ९: केदारस्यूँ गाउँपालिकामा रहेको वनको प्रकारहरु

गाउँपालिकामा रहेका वनहरुमा मुख्य रूपमा ठिन्ग्रेसल्ला, बाँझ, उतिस, गोब्रेसल्ला, खोटेसल्ला, काफल, डिम्मर, टुनी, ओखर आदि विरुवाहरु पाइन्छन्। गैर काष्ठ वन पैदावरमा अमला, रीठा, सतुवा, कटुकी, झ्याउ, विष जरा, भ्रिंगीराज, लालीगुराँस, ओखर, झुलो, पाषणवेद, खिरौंला, टुना (लिस्सी), लोक्ता, च्याउ प्रचुर मात्रामा पाइन्छन् भने अतीस, अल्लो, आरु, ओखर, आँप, अमला, असुरो, अरिण्डो, अपमार्गी, आकाशबेली, अयार, ऐसेडो, इसमगोल, उन्यू, ऐँसेलु, ऐँजेरु, कपास, कचुर, काफल, काप्रो, कालो कचुर, केतुकी, कोइरालो, कुकुरडाइनो, कुरिलो, कण्टकारी, कटुकी, करवीरे फुल, काकडी, काँस, कुश, काली निउरो, खिरो, खैर, सरिक, खोटे सल्लो, गुर्जो, गुच्ची च्याउ, गोब्रे सल्लो, गुराँस, गिठा, घण्टी फूल, गोलकाँक्री, व्राम्हणी, घिउकुमारी, चरीमरी, चिराइतो, चुत्रो, चमेली फूल, जटामसी, किर्मुडो, टुनी, टिम्मुर, तितेपाती, तुलसी, टुकी फूल, झुलो, ताराचुक, तेजपात, देवदार, बाघबेली, दाडीम, धूपजडी, सिमल, नागबेली, पिपल, भिडाइती, प्याउली, हत्ताजडी, पदमचाल, पैयुँ, पाँगर, बाँस, बकाइनो, बोझो, बायोजडी, कोला, बैंस, भाकामिलो, बाँको, मछाइनो, मलायो, भोजपत्र, भुतकेश, मेल, मजिठो, पुदिना, मसला, रिठा, रुइनो, मर्सि, बाँजखोटो, लाटेबाँझ, लेकलौंठ, भाँगामिलो, लाटे टिमुर, लालचन्दन, सिमल, सयपत्री, हजारी, सतुवा, सिउँडी, च्याउ, हरडो, मरडो, हलले आदि पाइन्छन्। यस क्षेत्रमा चितुवा, रतुवा, स्याल, बाँदर, लङ्गुर, घोरल, मृग, मलसाँप्रो, न्याउरीमुसो, कस्तुरी मृग, भालु, हिउँचितुवा, बँदेल, फ्याउरो आदि स्तनधारी जन्तुहरू पाइन्छन्। त्यसैगरी, पानीहाँस, डाँफे, मुनाल, चिल, कालो गिद्ध, सेतो गिद्ध, भ्याकुर, ढुकुर, कालिज, च्याखुरो, वन कुखुरा, काफल पाक्यो, आदि चराहरू पाइन्छन् ।

## २.४.२ भू-उपयोग विवरण

केदारस्यूँ गाउँपालिकाको मुख्य भू-उपयोगमा खेतीयोग्य जमिन, बुट्यान क्षेत्र, वनजंगल र पाटन/खर्क प्रमुख रूपमा रहेका छन् । केदारस्यूँ गाउँपालिकामा जम्मा ११३.९१ वर्ग किलोमिटर क्षेत्रफलमध्ये सबैभन्दा ठूलो हिस्सा खेतीयोग्य जमिन हो, जसले करिब ३६.६१% क्षेत्र ओगटेको छ । यसको अर्थ गाउँपालिकाको ठूलो भाग कृषि क्रियाकलापमा प्रयोग हुन्छ, जुन स्थानीय अर्थतन्त्रको मेरुदण्ड हो । दोस्रो ठूलो भू-उपयोग श्रेणी बुट्यान भएको क्षेत्र (२७.५%) हो, जसले अव्यवस्थित वनस्पति क्षेत्रलाई जनाउँछ र सम्भावित रूपमा चरन क्षेत्र तथा सामुदायिक वन व्यवस्थापनसँग सम्बन्धित हुन सक्छ । वनजंगल क्षेत्र २१.२५% रहेको छ, जसले जैविक विविधता र सामुदायिक वन स्रोतको महत्वलाई देखाउँछ । पाटन तथा खर्क क्षेत्र १२.९८% छ, जुन प्रायः गोठालो तथा गाईवस्तु चरनका लागि प्रयोग हुने खुला घाँसेमैदान क्षेत्र हो । नदी, बगर क्षेत्र र बाझो जमिनको हिस्सा क्रमशः अत्यन्तै न्यून (०.५५%, ०.६७%, र ०.१६%) मात्र रहेको छ, भने १ ताल तथा पोखरी रहेको छ, जुन प्राकृतिक पोखरीहरूको न्यून उपस्थिति वा अभिलेख नभएको जनाउँछ । केदारस्यूँ गाउँपालिकामा कृषि र वनसम्पदा प्रमुख भू-उपयोग हुन् भने चरन क्षेत्रले समेत उल्लेखनीय योगदान दिएको छ । यसले भू-साधनहरूको उचित व्यवस्थापन, सन्तुलित उपयोग र दीगो विकास रणनीतिमा ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ ।

### तालिका ४: केदारस्यूँ गाउँपालिकाको भू-उपयोग विवरण

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|
| खेतीयोग्य जमिन | ४१.७ | ३६.६१ |
| बाझो जमिन | ०.१८ | ०.१६ |
| वनजंगल | २४.२१ | २१.२५ |
| पाटन तथा खर्क | १४.७८ | १२.९८ |
| ताल तथा पोखरी | ० | ० |

| | | |
|---|---|---|
| नदी | ०.६३ | ०.५५ |
| बगर क्षेत्र | ०.७६ | ०.६७ |
| बुट्यान भएको क्षेत्र | ३१.३३ | २७.५ |
| अन्य | ०.३२ | ०.२८ |
| जम्मा | 113.91 | |

**स्रोतः** नापी विभाग, २०७८




**चित्र १०: केदारस्यूँ गाउँपालिकाको भू-उपयोग नक्शा**

## २.४.३ जलश्रोत विवरण

यस गाउँपालिकामा अवस्थित मुख्य नदीनालाहरुमा पाल्तीछाडा गाड, नारु गाड, कालङ्गा गाड, बजुवा खोला, रोता गाड, सनडा खोला, जुली गाड, सेला खोला, बौले गाड, रिगुडा खोला, खोला मोर खोला, घट्टे गाड खोला, ढोडे गाड, सेती नदी, सिराडी गाड, हुक्काने खोला, बगडी खोला रहेका छन् । साथै दहसैनमा एउटा सानो र सुन्दर ताल रहेको छ। यहाँका खोला/खोल्सीको मुख्य प्रयोग सिंचाइको लागि गरिन्छ भने कालङ्गा गाड जलविद्युत उत्पादनको लागि पनि उपयोगमा ल्याइएको छ ।

**तालिका ९: वडा अनुसार जलस्रोतको विवरण**

| वडा नं | नदि/ खोला/ खोल्सी / ताल/ सिमसार | मुख्य प्रयोजन |
|---|---|---|
| १ | कालङ्गा गाड, सेती नदी, पाल्तीछाडा गाड तथा नारु गाड | सिचाइ तथा जलविद्युत उत्पादन |
| २ | कालङ्गा गाड, बजुवा खोला तथा नारु गाड | सिचाइ तथा खानेपानी |
| ३ | बजुवा खोला तथा नारु गाड | सिचाइ तथा खानेपानी |
| ४ | कालङ्गा गाड, रोता गाड, सनडा खोला तथा सेला खोला | सिचाइ, खानेपानी तथा जलविद्युत |

| वडा नं | नदि/ खोला/ खोल्सी / ताल/ सिमसार | मुख्य प्रयोजन |
|---|---|---|
| | | उत्पादन |
| ५ | कालङ्गा गाड, रोता गाड तथा सनडा खोला | सिचाइ, खानेपानी तथा जलविद्युत उत्पादन |
| ६ | जुली गाड, रोता गाड तथा सनडा खोला | सिचाइ तथा खानेपानी |
| ७ | जुली गाड तथा सनडा खोला | सिचाइ तथा खानेपानी |
| ८ | जुईली गाड | सिचाइ तथा खानेपानी |
| ९ | सेती नदी, बैदनाथी खोला, जुली गाड तथा पाल्तीछाडा गाड | सिचाइ तथा **खानेपानी** |




चित्र ११: केदारस्यूँ गाउँपालिका भित्र रहेको नदीको/खोलाको विवरण

## २.५ भौतिक पूर्वाधारको अवस्था

केदारस्युँ गाउँपालिका बझाङ जिल्लाको सदरमुकामसँग जोडिने प्रमुख राजमार्गमा अवस्थित भएकोले यस क्षेत्रका भौतिक पूर्वाधारहरू तुलनात्मक रूपमा राम्रो अवस्थामा रहेका छन् । विशेषगरी राजमार्ग छेउका बस्तीहरूमा सडक सञ्जाल, यातायात सुविधा, बिजुली, खानेपानी तथा सञ्चार जस्ता पूर्वाधारहरू सुगम क्षेत्रसरह व्यवस्थित रहेका छन् । तर, गाउँपालिकाका केही दुर्गम भेगहरूमा अझै पनि आधारभूत पूर्वाधारको पहुँचमा कमी देखिन्छ, जसले गर्दा ग्रामीण बस्तीहरूमा यातायात, आवास, खानेपानी र सरसफाइ व्यवस्थापनमा थप सुधार आवश्यक देखिन्छ । पछिल्लो समय विभिन्न सरकारी तथा गैर-सरकारी निकायहरूद्वारा सडक विस्तार, पुल निर्माण, खानेपानी योजना तथा बिजुली वितरणजस्ता पूर्वाधार विकासका गतिविधिहरू सघन रूपमा संचालन भइरहेका छन्, जसले गाउँपालिकाको समग्र भौतिक पूर्वाधारको अवस्था क्रमिक रूपमा सुधार भइरहेको संकेत गर्दछ ।

### २.५.१. सडक पुर्वाधार

केदारस्युँ गाउँपालिकामा विभिन्न प्रकारका सडकहरूको कूल लम्बाइ हेर्दा गोरेटो बाटो सबैभन्दा बढी छ । जसको लम्बाइ २८ कि.मि. रहेको छ । यस गाँउपालिकाका सबै बस्तीहरु सम्म सडकको ट्र्याक खोल्ने कामहरु हुदैछ । यसले देखाउँछ कि गाउँपालिकामा सडक सञ्जाल व्यापक भए पनि अझै धेरैजसो बाटोहरू गोरेटो अवस्थामा नै छन्, जसलाई स्तरोन्नति गर्न आवश्यक छ ।

तालिका 10: सडकको विवरण

| सडकको प्रकार | लम्बाइ (कि.मि.) |
|---|---|
| गोरेटो बाटो | २८१.४ |
| राजमार्ग | १८.२ |
| जिल्ला सडक | १०.६ |
| अन्य सडक | ३४.८ |

### २.५.२. भवन

केदारस्युँ गाउँपालिकाका विभिन्न वडाहरूमा घरको जग, छाना, भुईं, बाहिरी गारो तथा समग्र गुणस्तरको अवस्था विश्लेषण गर्दा भवन हरुको भौतिक अवस्था मिश्रित रहेको छ । अधिकांश घरहरू माटोको जोडाई भएका ईँटा वा ढुङ्गाबाट (८१.७%) बनेका छन् भने सिमेन्टको जोडाई १४.६% र ढलान पिल्लर सहितका घरहरू २.२% मात्र छन् । काठ/बाँसका खम्बा गाडेर बनेका घरहरू १.४% र अन्य ०.२% छन् । छाना सामग्रीमा ढुङ्गा/स्लेट (६३.५%) प्रमुख छ, जस्ता/टिन/च्यादर २०.८% र सिमेन्ट ढलान छाना ११.३% मा मात्र छन् । खर/पराल/छवाली ३.२%, टायल/खपडा/झिँगटी १% र अन्य छाना नगण्य छन् । भुईंमा माटो (८५.७%) नै मुख्य छ, सिमेन्ट ढलान ११.१% र काठ/फल्याक/बाँस २% छन् । ईँटा/ढुङ्गा १% र सेरामिक टायल ०.२% मा छन् । बाहिरी गारोमा पनि माटोको जोडाई भएका ईँटा वा ढुङ्गा (७१.८%) नै बढी छन्, सिमेन्ट जोडाई २५.२% र अन्य विकल्प अत्यल्प छन् । गुणस्तर हेर्दा ७३.८% घर मध्यम स्तरका छन् भने पर्याप्त र अत्याधुनिक संरचना अझै सीमित छ न्। यसले परम्परागत निर्माण शैलीको प्रभुत्व र सुधारको आवश्यकता देखाउँछ ।

तालिका 11: घरको प्रकार अनुसार पारिवारिक विवरण

| क्र. स. | घरको प्रकार | परिवार (प्रतिशत) |
|---|---|---|
| १ | घरको जग | |
| १.१ | माटोको जोडाई भएको ईँटाढुङ्गा/ | ८१.७ |
| १.२ | सिमेन्टको जोडाई भएको ईँटाढुङ्गा/ | १४.६ |
| १.३ | ढलान पिल्लर सहितको | २.२ |
| १.४ | काठबाँसको खम्बा गाडेको/ | १.४ |
| १.५ | अन्य | ०.२ |
| २ | घरको छाना | |
| २.१ | ढुङ्गास्लेट/ | ६३.५ |
| २.२ | जस्ताच्यादर/टिन/ | २०.८ |
| २.३ | सिमेन्ट ढलान | ११.३ |
| २.४ | खरछवाली/पराल/ | ३.२ |
| २.५ | टायलझिँगटी/खपडा/ | १ |
| २.६ | माटो | ०.१ |

| क्र. स. | घरको प्रकार | परिवार (प्रतिशत) |
|---|---|---|
| २.७ | काठफल्याक/ | ०.१ |
| २.८ | अन्य | ० |
| **३** | **घरको भुँई** | |
| ३.१ | माटो | ८५.७ |
| ३.२ | सिमेन्ट ढलान | ११.१ |
| ३.३ | काठको फल्याकबाँस/ | २ |
| ३.४ | ईँटाढुङ्गा/ | १ |
| ३.५ | सेरामिक टायल | ०.२ |
| ३.६ | अन्य | ०.१ |
| ४ | **घरको बाहिरी गारो** | |
| ४.१ | माटोको जोडाई भएको ईँटाढुङ्गा/ | ७१.८ |
| ४.२ | सिमेन्टको जोडाई भएको ईँटाढुङ्गा/ | २५.२ |
| ४.३ | जस्ताच्यादर/टिन/ | २.४ |
| ४.४ | काचो ईँटा | ०.३ |
| ४.५ | काठफल्याक/ | ०.१ |
| ४.६ | बाँसजन्य सामग्री | ०.१ |
| ४.७ | अन्य | ०.१ |
| ४.८ | प्रिफ्याब | ० |
| **५** | **घरको गुणस्तर** | |
| ५.१ | मध्यम | ७३.८ |
| ५.२ | अपर्याप्त | १३ |
| ५.३ | पर्याप्त | ९.७ |
| ५.४ | सबैभन्दा पर्याप्त | ३.४ |
| ५.५ | कम से कम पर्याप्त | ०.१ |

**स्रोतः** राष्ट्रिय जनगणना, २०७८

### २.५.३. सार्वजनिक तथा सामुदायिक भवन

केदारस्युँ गाउँपालिका भित्र सार्वजनिक तथा सामुदायिक भवनहरु कुल ५२ वटा रहेका छन् । केदारस्युँ गाउँपालिकाभित्रका सार्वजनिक भवन तथा संरचनाहरू मा गाउँपालिका कार्यालय, वडा कार्यालय, अस्पताल तथा स्वास्थ्य चौकी, विद्यालय, समुदायिक भवन, बालविकास केन्द्र, प्रहरी चौकी आदि स्थानिय सेवा प्रवाहका आधारभूत पूर्वाधारका रूपमा रहेका छन् । गाउँपालिकाको मुख्य कार्यालय सिमेन्टको पक्की संरचनामा रहेको छ भने केही वडा कार्यालयहरू अझै पनि अस्थायी तथा भूकम्पले जीर्ण बनाएको संरचनाबाट सञ्चालन भइरहेका छन्, जसले सेवा प्रवाहमा कठिनाइ निम्त्याउने गरेको छ । स्वास्थ्य संस्थाहरूको भवन स्थिति मिश्रित छ; कतिपय स्वास्थ्य चौकी जिर्ण भवन सञ्चालित छन् । यस्तै, अधिकांश विद्यालयहरू पक्की भवन बन्ने प्रक्रिया मा भए तापनि केही दुर्गम वडामा अझै पनि अस्थायी टहरोमा पठनपाठन भइरहेको छ, र प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटरको पहुँच सीमित देखिन्छ । बालविकास केन्द्रहरू प्रायः सबै वडामा रहेका छन् तर ती भवनहरू पनि सामग्री र संरचनाको दृष्टिले कमजोर अवस्थामा छन् । प्रहरी चौकी तथा अन्य सुरक्षा निकायका संरचनाहरू सबै वडामा पुग्न सकेका छैनन् । समग्रमा हेर्दा, केदारस्युँ गाउँपालिकाभित्र रहेका सार्वजनिक भवनहरूको गुणस्तरमा सुधार आवश्यक छ ।

भवनहरूको मर्मत, नयाँ पक्की संरचना निर्माण, पहुँच सुदृढीकरण, र सेवा प्रदायकहरूका लागि आवास व्यवस्था जस्ता पहलहरूलाई प्राथमिकतामा राखेर दीर्घकालीन पूर्वाधार सुधार कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता बनेको छ ।

### २.५.४. सार्वजनिक सेवा सुविधा

केदारस्युँ गाउँपालिकाको सार्वजनिक सेवा सुविधाहरूः टेलिफोन, इन्टरनेट, विद्युत, खानेपानी, इन्धन, र सञ्चारको अवस्था हालसम्म मिश्रित रहेको छ, जसले ग्रामीण भेगको भौगोलिक र पूर्वाधार विकासको चुनौतीलाई प्रतिबिम्बित गर्छ । केदारस्युँ गाउँपालिकामा इन्टरनेटको पहुँच निकै कमजोर देखिन्छ । उपलब्ध तथ्यांक अनुसार वडा नं. १, २, ३, ४, ५ र ९ मा केही परिवारले मात्र इन्टरनेट प्रयोग गर्ने गरेका छन्, जसमध्ये वडा नं. ९ मा सबैभन्दा बढी २.७% परिवारले इन्टरनेट प्रयोग गर्छन् । वडा नं. ६, ७ र ८ मा भने इन्टरनेट प्रयोग गर्ने परिवार शून्य छन् । यसले देखाउँछ कि गाउँपालिकामा डिजिटल पहुँच सीमित रहेको छ र सूचना प्रविधिको विस्तार आवश्यक छ ।

केदारस्युँ गाउँपालिकाका अधिकांश घरधुरीहरू (७०.२% घरधुरीले धारा मार्फत पानी प्राप्त गर्छन्, जुन प्रमुख स्रोत हो । अन्य विकल्पहरूमा ४१५ घरधुरीले १४.१% ले मूलधारा प्रयोग गर्छन्, ६.६% ले ढाकिएको इनार/कुवा, खुला इनार/कुवा १.५% र खोला/झरना ०.७% घरधुरीले खोला वा नदीको पानी प्रयोग गर्छन् । खानेपानीको पहुँचमा विविधता भए पनि अझै केही घरधुरीहरू असुरक्षित स्रोतमा निर्भर छन् ।

केदारस्युँ गाउँपालिकामा विद्युत पहुँच अझै पनि सीमित छ । कुल घरधुरीमध्ये ५६.६ प्रतिशतले विद्युत सेवा प्रयोग गरिरहेका छन् भने ४२.१ प्रतिशत घरधुरीले सौर्य ऊर्जा (सोलार) लाई मुख्य प्रकाश स्रोतको रूपमा अपनाएका छन् । १.२ प्रतिशत घरधुरीमा अन्य वैकल्पिक स्रोतहरूबाट प्रकाशको व्यवस्था गरिएको छ भने ०.३ प्रतिशत घरधुरी अझै पनि मट्टीतेल प्रयोग गरिरहेका छन् । बायोग्याँस मार्फत प्रकाश लिने घरधुरीको संख्या ०.०२ प्रतिशत रहेको छ । ग्रामीण भेगमा सौर्य ऊर्जा प्रमुख विकल्पका रूपमा स्थापित भइसकेको छ, यद्यपि स्थायी तथा भरपर्दो विद्युत आपूर्तिका लागि राष्ट्रिय ग्रिडको पहुँच अझै सबै वडासम्म विस्तार गर्नु अत्यावश्यक देखिन्छ । केदारस्युँ गाउँपालिकामा खाना पकाउनका लागि अधिकांश घरधुरी परम्परागत इन्धन स्रोतमा निर्भर छन् । उपलब्ध तथ्यांकअनुसार, ९०.९ प्रतिशत घरधुरीले काठ/दाउरा प्रयोग गर्छन्, जुन प्रमुख इन्धन स्रोतको रूपमा रहेको छ । त्यसपछि ८.८ प्रतिशतले एल.पी. ग्यास प्रयोग गर्छन्, जबकि बायोग्यास प्रयोग गर्ने घरधुरीको संख्या ०.१ प्रतिशत मात्र छ । मट्टीतेल ०.०५ प्रतिशत घरधुरीले प्रयोग गर्ने देखिएको छ । यस गाउँपालिकामा स्वच्छ तथा दिगो इन्धन स्रोतहरूको पहुँच अझै सीमित छ, र स्वच्छ इन्धनको प्रवर्धन तथा पहुँच विस्तार गर्नु वर्तमान आवश्यकता हो ।

केदारस्युँ गाउँपालिकाको पश्चिम सिमानामा कालिङ्ग जलविद्युत आयोजना सञ्चालनमा रहेको छ साथै गाउँपालिकाका साना खोला खोल्सीहरूमा परम्परागत पानी घट्टहरू पनि सञ्चालनमा रहेका छन्, जसले स्थानीय बासिन्दाहरूलाई अन्न पिसाइ लगायतका काममा सहयोग पुर्‍याउँदै आएका छन् । यसले प्राकृतिक स्रोतहरूको उपयोगमार्फत ग्रामीण क्षेत्रमा ऊर्जा तथा सेवा सुविधाको उपलब्धता सुनिश्चित गरेको देखिन्छ ।

### २.५.५. विद्यालयहरु र क्याम्पस

केदारस्युँ गाउँपालिकामा ५२ वटा विद्यालयहरु रहेका । विद्यालयहरुले गाउँपालिकाभर शिक्षाको पहुँच सुनिश्चित गरेको छ ।

**वडागत शैक्षिक संस्थाहरुको विवरण २०८२**

| क्र.सं. | वडा नं. | सामुदायिक विद्यालयका बालविकास केन्द्रहरुको संख्या समुदायमा जम्मा | विद्यालयहरुको संख्या | | |
|---|---|---|---|---|---|
| | | | सामुदायिक | संस्थागत | जम्मा |
| १. | १ | ७ | ७ | १ | ८ |
| २. | २ | ४ | ४ | ० | ४ |
| ३. | ३ | ४ | ४ | ० | ४ |
| ४. | ४ | ५ | ५ | २ | ७ |
| ५. | ५ | ७ | ७ | १ | ८ |
| ६. | ६ | ८ | ८ | ० | ८ |
| ७. | ७ | ४ | ४ | १ | ५ |
| ८. | ८ | ९ | ९ | ० | ९ |
| ९. | ९ | ४ | ४ | १ | ५ |
| | जम्मा | ५२ | ५२ | ६ | ५८ |

**शैक्षिक संस्थाहरुको तहगत विवरण २०८२**

| कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | जम्मा | बझाङ दीप क्याम्पस | वाल विकास केन्द्रहरु | सामुदायिक सिकाई केन्द्रहरु |
|---|---|---|---|---|---|---|---|---|
| १८ | २२ | ५ | ३ | १० | ५८ | १ | ५४ | ३ |

### २.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

समूहगत छलफल तथा अवलोकनबाट प्राप्त जानकारीको आधारमा गाउँपालिकामा जागिर, व्यापार जस्ता उत्पादनशील कार्यहरूमा पुरुषको सहभागीता महिलाको तुलनामा धेरै पाइएको छ भने खेतीपाती, घाँस दाउरा, पानी, भान्सा, केटाकेटीको रेखदेख जस्ता पुर्नउत्पादनशील तथा हेरचाह मूलक कार्यहरूमा महिलाहरूको सहभागिता धेरै पाइएको छ। त्यसैगरी सामाजिक तथा राजनैतिक क्रियाकलापहरूमा पनि महिलाहरूको संलग्नता पुरुषहरूको तुलनामा निकै कम छ ।

त्यसैगरि, समान कामको लागि पनि पुरुषलाई भन्दा महिलालाई कम ज्याला प्रदान गर्ने प्रचलन यहाँ पनि विद्यमान छ । नीतिगत तहमा आएका महिलामूखि नीतिहरू तथा विभिन्न निकायहरूबाट सञ्चालन भइरहेका सशक्तिकरणका क्रियाकलापहरूले गर्दा महिलाहरूको सचेतना स्तर बढ्दै गएता पनि समग्र समाजको महिलाहरु प्रतिको दृष्टिकोणमा खासै परिबर्तन आउन नसकेको र महिलाहरुको सामाजिक भूमिका परिबर्तन हुने गरि जनचेतनाका कार्यक्रमहरु संचालन खासै नभैराखेको हालको सन्दर्भमा भविष्यमा उत्पादनशील, सामाजिक तथा राजनैतिक क्रियाकलापहरुमा महिलाहरूको संलग्नता बढ्न सक्ने देखियता पनि महिलाहरुको कार्यबोझ घट्ने र महिला नेतृत्वले हालको अवस्थामा भोगिरहेको समस्याहरुमा खासै परिबर्तन आउने देखिदैन । गाउँपालिकाका सबै वडामा युवा-संजाल,

किशोरी-संजाल तथा महिला-संजाल रहेको छ जसको विभिन्न सामाजिक काममा सहभागिता हुने तथा वडा-स्तरीय कार्यक्रममा सबै संजालबाट प्रतिनिधित्व हुने गरेको छ।

## २.७ गाउँपालिकामा कार्यरत संघसंस्थाहरुको अवस्था तथा उपलब्ध सेवाहरु

यस गाउँपालिकामा विभिन्न गैह्रसरकारी संस्थाहरुले कार्य गरिरहेका छन् । यि सङ्घसंस्थाहरूले जलवायु अनुकूलन, प्रकोप न्यूनिकरण, जीवनस्तर सुधार, खानेपानी तथा सरसफाइ तथा स्वच्छता, बालपोषण, गरीबी निवारण, लैङ्गिक समानता तथा सुशासन, भौतिक पूर्वाधार निर्माण, महिला सशक्तीकरण जस्ता क्षेत्रहरूमा कार्य गर्दै आएका छन् ।

तालिका 12: गाउँपालिकामा कार्यरत सङ्घसंस्था तथा तिनीहरुले प्रदान गर्ने सेवा

| सङ्घसंस्था | ठेगाना | विपद सँग सम्बन्धित सेवा प्रदान गर्ने सेवा | सेवा प्रदान गर्ने समय | | |
|---|---|---|---|---|---|
| | | | विपद पूर्व | विपद समयमा | विपद पछि |
| गाउँपालिका | देउरा, बझाङ | बहुप्रकोप नक्साङ्कन, विपद कोष, विपद सामग्री,, तथ्याङ्क तथा सूचना सङ्कलन अन्य निकायसँग समन्वय, पुनःस्थापनाको लागि राहत वितरण, पुनःनिर्माण | √ | √ | √ |
| वडा कार्यालय | वडा कार्यालयहरू | विपद सामग्री, तथ्याङ्क सङ्कलन अन्य निकायसँगै समन्वय, पुनः स्थापनाको लागि राहत वितरण पंजिकरण, सिफारिस दिने, जनचेतना र जीविकोपार्जन गर्ने कार्यक्रमहरू, सूचना प्रदान | √ | √ | √ |
| नेपाल रेडक्रस सोसाइटी | बझाङ राहत, उद्धार तथा रिफर | विपद सामग्री, नेपाल रेडक्रस सोसाइटी परिचालन, समन्वय, राहत वितरण राहत बाढ्ने समयमा महिला तथा किशोरीहरुले भोग्न सक्ने समस्यालाई समेत ध्यानमा राखि राहत सामग्रीहरु उपलब्ध गराउनेछन । | | √ | √ |
| स्वास्थ्य चौकी | सबै वडा | आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन, स्वास्थ्य सेवा प्रदान, विपद क्षेत्रमा स्वास्थ्य स्वयम् सेवक परिचालन, विपदको समयमा सुत्केरी तथा गर्भवती महिलाका लागि विशेष सेवा सञ्चालन | | √ | √ |
| खोप केन्द्रहरू | सबै वडा | बच्चाहरूलाई नियमित खोप सेवा | √ | √ | √ |
| सामुदायिक वन उपभोक्ता समितिहरू | सबै वडा | पहिरो सम्भावित क्षेत्रमा सोको रोकथामको लागि उपयुक्त प्रजातिहरुको वृक्षारोपण, पुनः स्थापनाको लागि काठ तथा दाउराका] व्यवस्थापन, विपतमा परेका विपन्न वर्गलाई सा.व.को खाली जग्गामा आयमुलक कार्यको लागि कबुलियती वनको व्यवस्था, डढेलो व्यवस्थापन | √ | √ | √ |
| विद्यालयहरू | सबै वडा | विद्यार्थीलाई प्रकोप सम्बन्धी शिक्षा प्रदान, प्रभावित समुदायलाई आपत्कालिन बसोबास | √ | √ | √ |

| सङ्घसंस्था | ठेगाना | विपद सँग सम्बन्धित सेवा प्रदान गर्ने सेवा | सेवा प्रदान गर्ने समय | | |
|---|---|---|---|---|---|
| | | | विपद पूर्व | विपद समयमा | विपद पछि |
| आमा/महिला/ किशोरी समुह तथा युवा/बाल क्लब/संजाल | सबै वडा | आकस्मिक बसोबासको लागि सेल्टर निर्माणमा सहयोग, स्वयंसेवा, खोज तथा उद्धार, स्वास्थ्य शिविरमा सहयोग, राहत वितरणमा सहजीकरण, विपदको समयमा महिला तथा किशोरी लक्षित राहत सामाग्री वितरण | √ | √ | √ |
| जिल्ला प्रशासन कार्यालय | चैनपुर, बझाङ | प्रकोप नक्साकन, विपद कोष सरकारी तथा गैर सरकारी संस्थालाई परिचालन, राहत वितरण | √ | √ | √ |
| नेपाल प्रहरी | रायल, देउरा र झोता प्रहरी चौकी' | सूचना प्रवाह गर्ने, खोज तथा उद्दारमा सहयोग गर्ने, आकस्किम बसोबास तथा सेल्टरमा हुनसक्ने सम्भावित यौनजन्य दुरव्यवहार रोक्न विशेष कार्यक्रम सञ्चालन गर्ने | | √ | √ |
| बैक तथा वित्तीय संस्था | पालिका | पुनः स्थापनाको लागि ऋण सहयोग -महिला तथा विपन्न वर्गको लागि विशेष प्याकेजको घोषणा_, विपदको समयमा आर्थिक सहयोग | | √ | √ |
| संचार माध्यम/ रेडियो | एफ एमहरु | चेतनामुलक कार्यक्रम, सूचना प्रवाह, मौसम सम्बन्धि जानकारी प्रदान | √ | √ | √ |
| IDS | बालुवाटार, काठमाडौं | स्वास्थ्य पोषण र भौतिक संरचना निर्माण | √ | √ | √ |
| WFP | पाटनढोका, ललितपुर | विद्यालय क्षेत्रमा दिवा खाजा | √ | √ | √ |
| REED नेपाल | ज्वागल, ललितपुर | शिक्षक तालिम, विद्यालयमा अस्थायी टहरा निर्माण, स्वास्थ्य क्षेत्रमा काम | | | |
| Action For Nepal | बौद्ध, काठमाडौं | शिक्षक तालिम, विद्यालयमा अस्थायी टहरा निर्माण, स्वास्थ्य क्षेत्रमा काम | √ | | √ |
| ग्रीन तारा | बालुवाटार, काठमाडौं | महिनावारी, सरसफाई तथा स्वच्छता सम्बन्धि तालिम र जनचेतना, समुदाय र विद्यालयमा शौचालय निर्माण | √ | | √ |
| EGRP | | पाठ्यक्रम सम्बन्धि शिक्षकलाई तालिम, शैक्षिक सामग्री वितरण, विद्यालयमा बुक कर्नर निर्माण | √ | | √ |
| हेफर | हात्तीवन, ललितपुर | कृषि तथा पशुपालन सम्बन्धि तालिम प्रदान तथा सहयोग | √ | | √ |

## २.८ गाउँपालिकामा सुशासनको अवस्था

नेपाल सरकारको राष्ट्रिय नीति अनुसार विद्युतीय सुशासन प्रणालीमा प्रवेश गर्ने मूल मन्त्रका साथ यस केदारस्यूँ गाउँपालिकामा Sub National Treasury Regulatory Application (SuTRA) प्रणालीबाट लेखा श्रेष्ता राख्ने सुरुवात भएको छ । सूचना प्रविधिले सबैलाई सहज सेवा पुर्याउन वेभसाइट मार्फत् सुचना उपलब्ध गराउने र अद्यावधिक गर्ने गरीएको छ । साथसाथै इन्टरनेट मार्फत् सूचना तथा संचारको कार्यहरु अघि बढाउने लक्ष्य राखिएको छ ।

आर्थिक प्रशासनको पारदर्शिताका र जवाफदेहिताका लागि हरेक योजनाहरुमा पालिकाले सार्वजनिक सुनुवाईलाई प्राथमिकतामा राखेको छ भने बिस्तारै प्रत्येक वडाहरु र गाउँपालिकाले हरेक वर्ष सामाजिक लेखा परिक्षण तथा सार्वजनिक सुनवाई गर्ने गरेको छ ।

स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा विधि परिक्षण गोष्ठिमा गाउँपालिकाका जनप्रतिनिधी, गाउँपालिकाको सूचना शाखा र कर्मचारीहरुसँगको छलफलबाट गाउँपालिकाको सुशासनको अवस्था तलको तालिका अनुसार रहेको पाइयो ।

तालिका 13: केदारस्यूँ गाउँपालिकाको सुशासनको अवस्था

| क सं | सस्थागत संरचना | विवरण |
|---|---|---|
| १ | जलवायु परिवर्तनका सम्बन्धि काम गर्ने शाखा | छुट्टै शाखा नभएपनि वातावरण तथा फोहोरमैला व्यवस्थापन शाखा मार्फत कार्यसम्पादन गरिएको |
| २ | जलवायु परिवर्तन/विपद्सँग काम गर्ने संघ संस्था/नागरिक समाज | |
| ३ | समन्वय संयन्त्र | गाउँपालिकामा समन्वय गर्नलाइ छुट्टै संयन्त्र स्थापित |
| ४ | जलवायु परिवर्तन सम्बन्धि कार्यक्रमहरु/परियोजना | |
| | संस्थागत प्रक्रिया | |
| १ | कार्यविभाजन र नीतिगत व्यवस्था | मन्त्रालयको परिपत्र अनुसार कर्मचारीको व्यवस्था भएको |
| २ | पारदर्शिता/सूचनाको पहुँच | सूचना शाखा स्थापना गरिएको साथै गै.स.स सहयोगको लागि छुट्टै शाखा स्थापना गर्ने क्रममा रहेको |
| ३ | योजना, कार्यन्वयन र अनुगमन संयन्त्र | योजना, कार्यान्वयन र अनुगमन संयन्त्र रहेको |
| ४ | प्रभावकारिता, मितव्ययीता | योजना कार्यान्वयन र अनुगमन संयन्त्र र आर्थिक प्रशासन शाखा रहेको |
| ५ | जलवायु परिवर्तन सम्बन्धि बजेट विनियोजन (आन्तरिक श्रोत) | केहि मात्रामा गरिएको |
| ६ | वित्तीय संयन्त्र | आर्थिक प्रशासन शाखा रहेको सो अन्तर्गत लेखा, प्रशासन, राजश्व र आन्तरिक लेखा परिक्षण शाखा रहेको |
| ७ | जलवायु परिवर्तन सम्बन्धि योजना छनौट तथा कार्यान्वयन | जलवायु परिवर्तन सम्बन्धि क्षमता विकास तालिमहरु गरिएको |
| ८ | विषयगत क्षेत्रमा जलवायु परिवर्तन सम्बन्धि योजनाहरुको समायोजन | केहि मात्रामा गरिएको |

# परिच्छेद ३: अनुकूलन कार्ययोजनाको विधि र प्रक्रिया

## ३.१ अनुकूलन कार्ययोजनाको तर्जुमा विधि र प्रक्रिया

अनुकूलन योजना तयार गर्दा राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परीमार्जीत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, वातावरण नीति, २०७६ लाई आधार मानिएको छ । स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना (लापा) को राष्ट्रिय संरचनाका चार निर्देशक सिद्धान्तहरु (उध्वगामि, तत्परता, लचकता र समावेशी) र छ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधि तथा औजारहरुको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ । साथै स्वास्थ्य मन्त्रालयले तयार गरेको स्वास्थ्य राष्ट्रिय अनुकूलन योजना (H-NAP) सन् २०१६-२०२० लाई पनि अनुकूलन कार्ययोजना तयारीको क्रममा आधार मानिएको छ जसले निकट भविष्यमा जनस्वास्थ्यमा जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट बच्न वा रोक्नको लागि देशको स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन प्रारम्भिक योजना र सुदृढीकरणका लागि उपयुक्त रणनीतिको साथ कार्ययोजना तयार गरिएको छ।




चित्र १२: स्थानीय अनुकूलन योजना खाकाको तयारीको समग्र प्रक्रिया

स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा विधि गोष्ठि केदारस्यूँ गाउँपालिकामा जनप्रतिनिधीहरु र गाउँपालिका स्तरिय सरोकारवालाहरुलाई जलवायु परिवर्तन अनुकूलन सचेतिकरण गरेर शुरुवात गरिएको थियो । सो गोष्ठिमा गाउँपालिका क्षेत्रमा मुख्य मुख्य प्रकोपहरुको पहिचान साथै जोखिमहरुको विश्लेषण गरिएको थियो । त्यसैगरी वडा स्तरमा जलवायु परिवर्तन सम्बन्धी सचेतिकरण, प्रकोपको पहिचान र वस्तिहरु छनौट पश्चात् बस्तीहरुमा संकटासन्नता

लेखाजोखा र अनुकूलनका क्रियाकलापहरुको पहिचान गरिएको थियो । वडामा संकटासन्ता लेखाजोखा, प्रकोप श्रोत नक्सांकन समेत तय गरी अनुकूलनका क्रियाकलापहरु पहिचान गरिएको थियो । प्रत्येक क्रियाकलापहरुलाई विभिन्न सुचकको आधारमा प्राथामिकिकरण गरिएको थियो । प्रत्येक वडाबाट आएका सुचनाहरुलाई गाउँपालिकामा प्रस्तुत गरिएको थियो । वडाहरुको स्तरीकरण, श्रोत नक्सांकन, गाउँपालिकाको जोखिम विश्लेषण, गाउँपालिका स्तरिय अनुकूलनका क्रियाकलापहरु पहिचान साथै वर्गिकरण गरिएको थियो ।




चित्र १३: स्थानीय अनुकूलन कार्ययोजना विधि प्रक्रिया

# परिच्छेद ४: स्थानीय अनुकूलन कार्ययोजना तर्जुमाका चरणहरु

यस स्थानीय अनुकूलन कार्ययोजनाका तयारी गर्दा अपनाईएका चरण तथा तिनका नतिजाहरु निम्नानुसार रहेका छन् ।

## ४.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

जलवायु परिवर्तन नविनतम विषय भएकाले यसले पार्ने प्रभाव र असरलाई सम्बोधन गर्न प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्नु आवश्यक छ । यसका लागि जलवायुले पारिरहेको असर कस्तो छ, भविष्यमा कस्ता प्रभावहरू पर्न सक्छन्, विद्यमान अनुकूलन अवसरहरू तथा चुनौतीहरू के छन्, र तिनको सामना गर्न आवश्यक स्रोत तथा साधनहरू कसरी जुटाउने भन्ने सम्बन्धी सूचना स्थानीय तहसम्म पुऱ्याउनुपर्ने आवश्यकता देखिएको थियो ।

यस सन्दर्भमा, समुदाय, वडा, बस्ती तथा गाउँपालिका स्तरमा १० वटा सचेतना तथा अभिमुखीकरण क्रियाकलापहरू सञ्चालन गरिएका थिए । साथै, जोखिमयुक्त बस्तीहरू तथा संकटासन्न व्यक्तिहरूसँग लक्षित समूह छलफलहरू समेत गरिएका थिए । ती कार्यक्रमहरूमार्फत कुल १३५ जना व्यक्ति लाभान्वित भएका छन् ।

सचेतना कार्यक्रममा संकटासन्न समुदाय, स्थानीय निकाय, राजनीतिक दलहरू, शैक्षिक तथा सेवा प्रदायक संघ-संस्थाहरू, विज्ञ, दलित, जनजाति, किसान, युवा तथा सर्वसाधारणको सहभागिता सुनिश्चित गरिएको थियो । कार्यक्रमलाई प्रभावकारी बनाउन जलवायु परिवर्तनसम्बन्धी प्रस्तुति, सामूहिक छलफल, समूहगत कार्य, लक्षित समूह छलफल, तथा सहभागितामूलक ग्रामीण लेखाजोखा (Participatory Rural Appraisal) जस्ता विधिहरू प्रयोग गरिएको थियो ।

## ४.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी

यस प्रक्रिया मार्फत संकटासन्न व्यक्ति तथा समुदायहरु र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको विवरण तयार गरी सो बमोजिम अनुकूलन र जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरु तयार गर्न मद्दत पुगेको छ । संकटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि मौसमी पात्रो, बाली पात्रो, ऐतिहासिक समय रेखा, संकटासन्नता नक्सांकन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, पारिस्थितिकीय प्रणालीमा परेका प्रभाव, जीविकोपार्जनका स्रोत र प्रकोपबीच अन्तर्सम्बन्ध, जोखिम तथा अनुकूलनको बिश्लेषण, अनुकूलनका उपायहरुको प्राथमिकिकरण र सेवा प्रदायक/संस्थागत विश्लेषण जस्ता सहभागितामूलक अभ्यास तथा विश्लेषण गरि सोबाट आएका नतिजाहरु तल उल्लेख गरिएको छ ।

### ४.२.१ प्रकोपको ऐतिहासिक घटनाक्रम

यस केदारस्यूँ गाउँपालिका, बझाङमा विगतमा भएका विभिन्न जलवायुजन्य प्रकोपका घटनाक्रमहरुको प्रकृति र प्रभाव बिश्लेषण गर्न बिगत ३० बर्षदेखि हालसम्मको जलवायुजन्य प्रकोप, प्रभाव, प्रभावित समुदाय र त्यससँग जुध्न समुहले गरेका प्रयासहरुका साथै सो प्रकोपको असरहरुको भविष्यको परिदृष्यको बारेमा केदारस्यूँ गाउँपालिकाको बस्ती, वडा र पालिका स्तरमा जनप्रतिनिधिहरु, जेष्ठ नागरिक, वुद्धिजीवि तथा जानिफकारहरुको उपस्थितीमा समग्र विश्लेषण गरी संकटासन्नताको समग्र अवस्था निम्न तालिकामा उल्लेख गरिएको छ ।

केदारस्यूँ गाउँपालिकाको प्राकृतिक प्रकोप तथा जोखिम अवस्था विश्लेषण गर्दा पाईएको तथ्यांक अनुसार गाउँपालिका जलवायुजन्य तथा गैर-जलवायुजन्य प्रकोपहरूबाट अत्यधिक प्रभावित हुँदै आएको छ । बाढी र पहिरो यहाँका प्रमुख प्रकोपका रूपमा रहेका छन् जसका कारण हरेक वर्ष बस्ती विस्थापन, घर र विद्यालय भवन ध्वस्त, पुल-पैदल पुल र सडक अवरोध, सिंचाई कुलो तथा खानेपानी मुहानमा क्षति हुने गरेका छन् । यसका साथै खेतीयोग्य जमिनको ठूलो क्षेत्र नष्ट हुने तथा किसानहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर पर्ने देखिएको छ । आगलागीको समस्या पनि समय समयमा दोहोरिने गरेको छ जसले सामुदायिक वन, गोठ र घरहरूमा क्षति पुर्याउने गरेको छ । हावाहुरी र चट्याङका कारण घर तथा विद्यालयका छाना उड्ने, जनधन तथा पशुधनमा क्षति पुग्ने समस्या पनि प्रायः हरेक वर्ष देखिने गरेको छ । जंगली जनावरको आतंकले किसानका बाली नष्ट पार्दा खाद्य सुरक्षामा समेत असर परेको छ भने कृषि बाली रोग र पशु रोग (जस्तै लम्पी स्किन) ले ठूलो मात्रामा पशुधनको मृत्यु गराउँदा किसान आर्थिक रुपमा कमजोर बन्दै गएका छन् । केही स्थानमा भिरबाट लडेर र सडक दुर्घटनाबाट समेत मानवीय क्षति हुने गरेको छ भने कोभिड-१९ महामारीले स्वास्थ्य सुरक्षामा थप चुनौती सिर्जना गरेको छ । यसैगरी, खडेरी, असिना पानी र अन्य मौसमी घटनाले खेती बालीमा नकारात्मक प्रभाव पार्दा ग्रामीण जनजीवनमा थप कठिनाई उत्पन्न भइरहेको छ । यी सबै जोखिमलाई न्युनिकरण गर्न पूर्वतयारी, दीगो व्यवस्थापन तथा विपद् उत्तरदायी पूर्वाधार विकासमा ध्यान केन्द्रित गर्नु अत्यावश्यक रहेको देखिन्छ ।

### तालिका 14: प्रकोपको ऐतिहासिक घटनाक्रम

| क्र.सं. | प्रकोप | बर्ष/बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुने सक्ने यसका असर तथा प्रभावहरु | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| वडा न. १ | | | | | | |
| १ | बाढी | २०६६ | १५ घर बगाएको, ५ पशुचौपायाको मृत्यु | बिलि चिनापानि | ३ घरधुरी उच्च जोखिम | |
| | | २०७४ | नारिंगे खोलाले ५ घर सहित १ पसल बगाएको | नारुगाड | | |
| | | २०७८ | २० घर विस्थापित, गर्जेपानी विद्यालय भवन बगाएको, पलिखेत, झल्लामा ३ रोपनी खेतीयोग्य जमिन नष्ट , सिमार र देउरामा २ झुलुंगे पुल बगाएको, डुडिलमा ३ घर क्षति, कनाडामा जय पृथ्वी राजमार्ग अबरोध (३ महिना नारुगाड), बिधुत र संचार अवरोध, खानेपानी अवरोध - देउरा र डुडिल | सिमार, गर्जेपानी | | करिब ५०-६० त्रिपाल र डोरीको भण्डार, राहत वितरण |
| | | २०७९ | ४ घर विस्थापित, करिब २०-२५ रोपनी खेतीयोग्य जमिन बगाएको | पथुडा | | नदी किनारमा RCC वालको निर्माण कार्य गरिएको छ |
| २ | पहिरो | २०४३ | ६ को मृत्यु, ५ पशुचौपाया बगाएको, ३ मीनेट जति सेती नदी थुनिएको, वाटो अबरोध भएको १ महिना जति, ५ पसलहरु विस्थापित, २० रोपनी खेतियोग्य जमिन पुरीएको | भाउडार/पैरटा | | तटबन्धन निर्माण गरेको, बाटो छेउछाउ Epil नामक विरुवा रोपेको । |
| | | २०७८ | | कनाडा | २ घर जोखिम | |
| | | २०८० | ४ पशुचौपायाको मृत्यु | डुडिल | | |
| ३ | आगलागी | २०८१ | २ पसल नष्ट | नरुगौणा, बिलिबगर | | |

| क्र.सं. | प्रकोप | बर्ष/बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुने सक्ने यसका असर तथा प्रभावहरु | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| | | २०७० | २ घर नष्ट | कनाडा | | |
| | | २०६६ | ३ घर नष्ट | कनाडा | | |
| ४ | हावाहुरी | २०७९ | १ घर पूर्ण क्षति | कनाडा | | |
| | | २०७४ | १ विद्यालय भवन क्षति (भवानी मा.बि) | डुडिल | | |
| | | २०६८ | बेताल मा.बि भवन ३ कोठा क्षति, भवानी मा.बि २ कोठा भवन क्षति | डुडिल/ चौडाम | | |
| ५ | जंगली जनावर आतंक | बर्षेनी | खेतीबाली नष्ट | वडाभरि | | |
| ६ | कृषि बाली रोग | बर्षेनी | बाली नाली नष्ट, उत्पादन मा कमि | वडाभरि | | |
| वडा न. २ | | | | | | |
| ७ | बाढी | २०७३/२ | १ को मृत्यु, ४ घर आंशिक क्षति, ४ बाखा, २ गाई, १० कुखुरा बगाएको | जुव | | |
| | | २०६८ | ४ रोपनी खेतीयोग्य जमिन क्षति | जुव/बजुवा | | |
| | | २०७८/६ | सिँचाइ नहर नष्ट, बालीनाली नष्ट | बजुवा | | |
| ८ | पहिरो | २०७८ | १ घर पूर्ण नष्ट, बिद्यालयको खेल मैदान बगाएको, ५ रोपनी खेतीयोग्य जमिन बगाएको, १ महिना सम्म सडक अबरोध, खानेपानी मुहान भत्केको | मारगाउँ/ जुव/ रातामाटी | | |
| | | २०५० बाट निरन्तर | ३५ परिवार विस्थापित, १०० रोपनी खेतीयोग्य जमिन नष्ट, १ बालकको मृत्यु, खानेपानी, सिँचाइ र वन जंगलमा क्षति | मैतौली | | |
| ९ | आगलागी | २०५० | गोगन पानि सामुदायिक वनमा क्षति | गोगन पानि सामुदायिक वन | | |
| १० | हावाहुरी | २०७८ | घर, मष्टा प्रा. बि. को छाना उडाउने, राईस मिल उडाएको | जुव | | |
| ११ | पशु रोग | २०७९ | लम्पिस्किनबाट करिब २०० गाईवस्तुको मृत्यु | वडाभरि | | |

| क्र.सं. | प्रकोप | बर्ष/बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुने सक्ने यसका असर तथा प्रभावहरु | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| वडा न. ३ | | | | | | |
| १२ | बाढी | २०७९ | ६ रोपनी खितियोग्य जमिन नष्ट, ३ दिन जति सडक अबोरोध | नारुगौडा गुरेढुंन्गा | | |
| १३ | पहिरो | २०६७ | १५ रोपनी जमिन बगायको, ३ वटा गोरु गोठ भत्किएका, २ वटा सिचाहीई कुला भत्किएका, ३ वटा खानेपानी मुहान लाईन भत्किएका, | हसडा | | |
| | | २०७९/८० | ५ वा कुला भत्कीएको र सिथाई अवरुद, ३ वटा खानेपानी भत्कीएको, ६ रोपनी खेतियोग्य जमिन बगाएको | हसडा | | |
| | | २०८० | करिब ५०-६० रोपनी खेति योग्य जमिन क्षति, ४ घर पूर्ण क्षति, २५ घर सामान्य क्षति | भादिकोट | | ४ घर परिवार लै पहिलो र दोश्रो किस्ता गरे २५-२५ हजार दीएको |
| १४ | चट्याङ | २०६५ | ३ बाखाको मृत्यु | हस्साडा | | |
| | | २०७० | २ भैसीको मृत्यु | हस्साडा | | |
| | | २०७२ | ३ गोरु, २ भैसी मृत्यु | हस्साडा | | |
| १५ | असिना पानि | २०७५ | गहुँ खेती, फलफुल नष्ट | मैतोली/ डाफ्रु/ हस्साडा | | |
| | | २०७९ | धन बाली नष्ट | मैतोली/ डाफ्रु/ हस्साडा | | |
| | | २०८१ | भटमास, कोदो नष्ट | मैतोली/ डाफ्रु/ हस्साडा | | |
| १६ | आगलागी | २०८१ | ३ गोठ नष्ट | हस्साडा | | |
| | | २०७० | २ गोठ नष्ट | हस्साडा | | |
| १७ | पशु रोग | २०८० | लम्पीस्किनबाट ३०० जति पशुको मृत्यु | वडाभरि | | |
| वडा न. ४ | | | | | | |

| क्र.सं. | प्रकोप | बर्ष/बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुने सक्ने यसका असर तथा प्रभावहरु | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| १८ | बाढी | २०७९ | खेतियोग्य जमिन बगाएको १० रोपनी कोलङ्गा पुल बगाएको १ वटा, पशुचौपाया ३ बाखा गाई बाच्छा ५ वटा, १ घर विस्थापित, ७ पसल पुरेर नष्ट, ८ रोपनी खेतीयोग्य जमिन नष्ट, ४ नहर , १ पानीघट्ट मा पूर्ण क्षति | बाघथला | | |
| | | २०८० | २० रोपनी खेतियोग्य जमिन क्षति, ८/१० घर क्षति, सिँचाइ कुलो क्षति | पाउटा, बाघथला | | |
| १९ | पहिरो | २०८०/८१ | १ गाडी बगाएको तर मानवीय क्षति नभएको, सडक अबरोध, १ सामान ट्रक बगाएको, ५ बाखा,१ गाई बगाएको, २० रोपनी खातियोग्य जमिन नष्ट, ५ गोठ नष्ट, १०-१२ घर मध्यम क्षति | बखेत/ बाघथला | | |
| | | २०७८ | १ घर पूर्ण क्षति | बाघथला | | |
| २० | आगलागी | २०८० | भू-गाउँ पिपलधर सामुदायिक बन, भुमिदेउली , भुमि राज, भवानी , नवादेउ सा. वनमा क्षति | भू-गाउँ पिपलधर सामुदायिक बन, भुमिदेउली, भुमि राज, भवानी, नवादेउ सा. वन | | |
| | | २०८१ | १ घाइते | अख्तबगर | | |
| २१ | सडक दुर्घटना | २०७९ | ३ जना मृत्यु | बाघथला | | |
| २२ | भिर बाट लड्ने | २०८०/८१ | ४ जना मृत्यु , ६ जना अपाङ्ग | परिवन, नौला गडा | | |
| २३ | पशु रोग (लुम्पी स्किन) | | २००० जनावर मृत्यु | वडा भर | | |
| **वडा न. ५** | | | | | | |
| २४ | बाढी | ३/२/२०७९ | ४० रोपनी खेतीयोग्य जमिन पूर्ण क्षति, १ पुल बगाएको, वडा कार्यालय आउने बाटो अबरोध, पाउटा देखी चौडेल्ली बिद्यालय जाने बाटो अबरोध | धनगढ खोला | | |

| क्र.सं. | प्रकोप | बर्ष/बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुने सक्ने यसका असर तथा प्रभावहरु | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| | | २०८० | खोला किनारमा रहेको करिब १५० रोपनी जग्गा बगाएको, सडक अवरोध, सिँचाइ कुलो भत्केको, बाटाहरु अवरोध, धनगढ खोला पुल बगाएको | बगडीखोला | | |
| २५ | भारि वर्षा | २०८१/४/ | २ घर पूर्ण क्षति | गुरेना, बगडी | | |
| २६ | पहिरो | | खानेपानी मुहान थुनेको | बगडी | | |
| | | २०७७ | खानेपानी मुहान थुनेको, १ घर सामान्य क्षति | गुरेना | | |
| | | २०८१ | १ को मृत्यु | सिलंगी | | |
| २७ | आगलागी | २०८०/१२ | सामुदायिक वन क्षति | गुरेना | | |
| २८ | हावाहुरी | २०७५/७६ | घरको र बिद्यालयको छाना उडाएको | वडाका विभिन्न स्थानमा | | |
| २९ | चट्याङ | २०७८/०४ | १० पशुचौपायाको मृत्यु, १ जना घाइते | बाँझ | | |
| ३० | महामारी | | कोरोनाबाट १ जना पुरुषको मृत्यु | | | |
| वडा न. ६ | | | | | | |
| ३१ | पहिरो | २०७५-७६ | सीङराली देखि भाडसैन जाने वाटो अवरुद्ध, ३५ रोपनी खेतियोग्य जमिन बगाएको विनाडा- भाडसैन बाटो अबरोध, भोलंङ्गेपुल बगाएको गाजरी भाडसैन, २ विध्यालय भवन भत्काएको : भुमिदेव प्रा०वि० र नवजोती , ७ सिँचाइ कुलो, ७ खाने खानेपानि मुहान, ५ सामुदायिक वन , मलामी बाटो अबरोध | भाटसैन, सीङराली, त्याडीगाउँ, रोतागडा, त्याडीगाउँ | | |
| | | २०७९ | बिद्यालय भवन बगाएको – स्वरसती मा.वि | बिनाडा | | |
| | | २०८० /८१ | सडक अबरोध, सिँचाइ कुलो, बाटो र २/३ घर क्षति, खेति बारी नष्ट | रोतागडा | | |

| क्र.सं. | प्रकोप | बर्ष/बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुने सक्ने यसका असर तथा प्रभावहरु | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| ३२ | बाढी | २०७९/८० | १० घर जोखिम, ४० घर आंशिक क्षति, २ झुलुंगे पुल, ३५ रोपनी खेतीयोग्य जमिन, १० वटा बाखा, १०सिँचाइ कुलो बगाएको | रोतागडा | | |
| ३३ | चट्याङ | २०८० | २ घरमा क्षति, १ लघु-बिधुत आंशिक क्षति | थापागाउँ | | |
| ३४ | हावाहुरी | २०८० | १ खोप क्लिनिक, १ बिद्यालयको छाना उडेको , ३० छाना को छाना उडाएको | वडा भर, भाडशेन | | |
| ३५ | पशु रोग | २०७९ | लम्पिस्किन रोग ले ४०० जति पशुको मृत्यु | वडा भर | | |
| वडा न. ७ | | | | | | |
| ३६ | बाढी | २०७४ | १ को मृत्यु, २० रोपनी खेतीयोग्य जमिन नष्ट | काडाचौर | | |
| | | २०८० | २ वटा घर, ५ वटा पानिघट्ट , ८ कुलहरू, ११ वटा खानेपानी मुहान  बगाएको | मल्लो जसुडा | | |
| ३७ | पहिरो | २०८१ | २ घर, ५ पनि घट्ट, ९ पानीको मुहान, २०० रोपनी खेतीयोग्य जमिनमा पूर्ण क्षति | काडाचौर, जसुडा, छिप्यान | | |
| ३८ | चट्याङ | | २ बाखाको मृत्यु, १ जना  घाईते | | | |
| ३९ | हावाहुरी | २०८० | ४ बिद्यालयको छाना, १० घरको छाना उडाएको, १ को मृत्यु | | | |
| ४० | पशु रोग | २०७९ | लम्पिस्किन रोग बाट करिब ७०० पशुचौपायाको मृत्यु | वडा भर | | |
| ४१ | आगलागी | २०७७ | १ घर पूर्ण क्षति | बखेत | | |
| वडा न. ८ | | | | | | |
| ४२ | भेल बाढी | ६४७२८ | २२ घर पूर्ण क्षति, ७ जनाको मृत्यु, बिधुत पवर हाउस बगाएको, सडक, कुलो, खानेपानी अबरोध, ५०० जति पशुचौपायाको मृत्यु, २५ रोपनी खितियोग्य जमिन नष्ट, ४ | गण्डकी, अथरल्ला, भडार, मल्लेसी | | |

| क.सं. | प्रकोप | बर्ष/बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुने सक्ने यसका असर तथा प्रभावहरु | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| | | | काठेपुल , ४ कल्भर्ट, १३ पानिघट्ट बगाएको | | | |
| ४३ | आगलागी | २०८०/८१ | ३ सामुदायिक वन नष्ट | | | |
| ४४ | हावाहुरी | २०७७ | ७५ वटा घरको छाना उडेको | वडाभरि | | |
| | | २०८० | ६ बिद्यालय भवनको छाना उडेको | वडाभरि | | |
| **वडा न. ९** | | | | | | |
| ४५ | बाढी | ६४७०१ | ५ पनि घट्ट बगाएको, १ कुखुरा फर्म बगाएको, ३० कुखुरा बगाएको, १५ वटा घर जोखीममा कटान गरेर १० वटा सिँचाइकुला बगाएको, १ वटा खानेपानी मुहान बगाएको टंकी, पाईप जइलीगाड ढोडखेट देखी गण्डकी सड्क बगाएको खेतीयोग्य जमिन बगाएको १५ रोपनी | जुइल गाड, आम्थाना, पौडी बजार, मोरा | | |
| | | २०७९/४ | जयपृथ्वी राजमार्ग नदीको कटानको जोखिममा, ४ रोपनी खेतीयोग्य जमिन कटान (निरन्तर) | पौडी बजार | | |
| | | २०८१/४ | सिँचाइकुलो पुर्ण क्षेती, ४० रोपनी धानवाली नष्ट जमिन पुरीयको, १पानीघट्ट बगाएको, १ घर पुरीएको, २ घर जोखीम भयको (उच्च जोखीम), १ झुलुंगे पुल जोखीममा नदिको कटानले | जुइल गाड, आम्थाना, पौडी बजार | | |
| ४६ | आगलागी | २०७९ | १ घर नष्ट | शेखु | | |
| | | २०८१ | वन नष्ट | धामीलेख | | |
| ४७ | खडेरी | | बालीनाली मा क्षति | सकु, गल्लेख, थला | | |
| ४८ | चट्याङ | २०८० | २ गाई, ७ बाखाको मृत्यु | गल्लेख | | |
| ४९ | पशु रोग (लुम्पिस्किन) | २०७९ | १३७७ गाई बस्तुको मृत्यु | वडा भर | | |

| क्र.सं. | प्रकोप | बर्ष/बारम्बरता | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय तथा वर्ग | भविष्यमा हुने सक्ने यसका असर तथा प्रभावहरु | बचाउका प्रयास तथा संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|
| ५० | अशिना पानि, हावाहुरी , | हरेक वर्षा हुने | खेतीपाती नष्ट | वडा भर | | |

केदारस्यूँ गाउँपालिका

### ४.२.२ परिवर्तित प्रकोप तथा मौसमी पात्रो तथा बाली पात्रो

स्थानीय मौसम, मौसमी अवस्था, बाली र प्रकोपमा आएको परिवर्तनबारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रो विधि प्रयोग गरिएको थियो । समुदायका ज्येष्ठ नागरिक, बुद्धिजीवीहरूसँग भएको छलफलबाट प्राप्त जलवायु सम्बन्धी विवरणअनुसार तापक्रम, वर्षा, बिरुवाको व्यवहार र प्रकोपको स्वरूपमा आधारित यो पात्रो तयार गरिएको हो ।

मौसमी पात्रो सम्बन्धि जानकारी सङ्कलन गर्न विगत करिब ३० वर्षअघि र वर्तमानको तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदिमा आएको परिवर्तन समुदायमा स्पष्ट देखिएको थियो । यस प्रक्रियामा समुदायका ज्येष्ठ नागरिक, बुद्धिजीवी तथा विज्ञहरूको सक्रिय सहभागिता रहेको थियो ।

यसै विधिबाट समुदायस्तरमा जलवायु परिवर्तनका कारण बालीचक्र, वनस्पति प्रजातिको जीवनचक्र/व्यवहार, प्रकोपको स्वरूप र अन्य क्षेत्रहरूमा देखिएका परिवर्तनहरूको समेत जानकारी प्राप्त भएको छ ।

केदारस्यूँ गाउँपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका 15: परिवर्तित प्रकोप तथा मौसमी पात्रो

| सम्मुखताको सूचकहरू | समय | बैशाख | जेठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र | समयमा देखिएको परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मीको दिन (पहिले) | | | | | | | | | | | | | पहिले गर्मी बैशाखदेखि असारसम्म बढी महशुस हुन्थ्यो । |
| | गर्मीको दिन (अहिले) | | | | | | | | | | | | | अहिले साउन भदौसम्म पनि गर्मी लम्बिएको छ । |
| | जाडोको दिन (पहिले) | | | | | | | | | | | | | पहिले कार्तिकदेखि फाल्गुनसम्म चिसो महशुस हुन्थ्यो । |
| | जाडोको दिन (अहिले) | | | | | | | | | | | | | अहिले जाडो छोटिएको र कम तीव्र भएको छ । |
| वर्षा तथा यसको स्वरूप | मौसमी वर्षा (पहिले) | | | | | | | | | | | | | पहिले असार, साउनमा प्रशस्त वर्षा हुन्थ्यो । |
| | मौसमी वर्षा (अहिले) | | | | | | | | | | | | | अहिले असोजसम्म वर्षा लम्बिने र कहिले काहीँ अनियमित रुपमा हुने गरेको छ । |
| | हिउँदे वर्षा (पहिले) | | | | | | | | | | | | | |

| सम्मुखताको सूचकहरू | समय | बैशाख | जेठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र | समयमा देखिएको परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हिउँदे वर्षा (अहिले) | | | | | | | | | | | | | |
| | तुषारो (पहिले) | | | | | | | | | | | | | |
| | तुषारो (अहिले) | | | | | | | | | | | | | |
| बिरुवाहरूको व्यवहार | फुल फुल्ने (पहिले) | | | | | | | | | | | | | पहिले साउन असोजमा अधिक फुल्ने गर्थ्यो । |
| | फुल फुल्ने (अहिले) | | | | | | | | | | | | | अहिले समयमा अलिक ढिला वा चाँडो हुने गरेको छ । |
| | फल लाग्ने (पहिले) | | | | | | | | | | | | | पहिले भाद्र, असोजमा फल पाको हुन्थ्यो । |
| | फल लाग्ने (अहिले) | | | | | | | | | | | | | अहिले फल पाक्ने ढाँचा अनियमित भएको छ । |
| प्रकोपको स्वरूप | खडेरीको घटना (पहिले) | | | | | | | | | | | | | पहिले खडेरी कम हुन्थ्यो । |
| | खडेरीको घटना (अहिले) | | | | | | | | | | | | | अहिले बैशाखदेखि असारसम्म खडेरी हुने सम्भावना बढी भएको छ । |
| | बाढी पहिरोको घटना (पहिले) | | | | | | | | | | | | | पहिले मौसमी वर्षामा मात्र बाढी पहिरोको खतरा हुन्थ्यो । |
| | बाढी पहिरोको घटना (अहिले) | | | | | | | | | | | | | अहिले असोजसम्म बाढी पहिरोको खतरा रहन्छ। |
| जीविकोपार्जनको क्रियाकलाप | फापर छर्ने र भित्र्याउने समय (पहिले) | | | | | | | | | | | | | पहिले असोजमा छर्ने र मंसिर-पुषमा भित्र्याउने गरिन्थ्यो। |
| | फापर छर्ने र भित्र्याउने समय (अहिले) | | | | | | | | | | | | | अहिले ढिलाइ हुने र उत्पादन घटेको देखिन्छ। |
| भौतिक जानकारी | पानीको मूल फुट्ने (पहिले) | | | | | | | | | | | | | पहिले बैशाख, जेठमा मूल फुट्ने गर्थ्यो। |
| | पानीको मूल फुट्ने (अहिले) | | | | | | | | | | | | | अहिले मूल फुट्ने समय अनिश्चित भएको छ र पानीको स्रोत घट्दै गएको छ। |

श्रोतः सामुहिक छलफल, २०८२

मौसमी पात्रोको विश्लेषण गर्दा केदारस्यूँ गाउँपालिकामा जलवायुमा ठुलो परिवर्तन आएको स्पष्ट देखिन्छ । पछिल्ला वर्षहरूमा जाडोको अवधि घट्दै गएको, गर्मीका दिनहरू लम्बिँदै गएका र मौसम सामान्यभन्दा बढी तातो हुने गरेको पाइएको छ । मनसुनी तथा हिउँदे वर्षाको समय, मात्रा र ढाँचा पनि परिवर्तन भएको छ ।

पहिलेको तुलनामा मौसमी वर्षा ढिला सुरु हुने र छोटो अवधिमा एकैचोटि अत्यधिक वर्षा हुने प्रवृत्ति देखिएको छ, जसले गर्दा बाढी, पहिरो र भूक्षयका घटनाहरू बढेका छन् । हिउँदे वर्षा पनि पहिलेभन्दा छोटो अवधि र कम मात्रामा हुने गरेको जनाइएको छ, जसले खेतीपातीमा निर्भर किसानहरूलाई थप समस्या पुऱ्याएको छ । वर्षा नपर्दा खडेरीको अवधि लम्बिँदै गएको छ भने पहिले मंसिरदेखि माघसम्म लाग्ने तुषारोको अवधि अहिले झण्डै डेढ महिना घटेको छ ।

तापक्रम र वर्षाको यस अस्थिरतालाई ध्यानमा राख्दै स्थानीय बासिन्दाहरूले मकै, गहुँ, चिनो, फापर र आलु जस्ता प्रमुख बालीहरू लगाउने र भित्र्याउने समयमै परिवर्तन आएको बताएका छन् । वनजंगल र पाटन क्षेत्रमा फुल्ने फूलहरू पहिलेभन्दा छिटो फुल्न थालेका छन् भने वर्षायाममा पानीका मूल फुट्ने क्रम पनि घटेको छ ।

यसरी जलवायुमा आएको परिवर्तनले केवल कृषि उत्पादनमा मात्र नभई मानव स्वास्थ्य, पानीका स्रोतहरूको उपलब्धता, वनजंगल र जैविक विविधतामा प्रत्यक्ष असर पारेको छ । यी परिवर्तनहरूले स्थानीय बासिन्दाहरूको जीविकोपार्जन थप जटिल बनाइदिएको र उनीहरूको दैनिकी अझ चुनौतीपूर्ण बनेको प्रष्ट रूपमा देखिन्छ ।

### ४.२.३ बाली पात्रो

बाली तथा वनस्पति अवस्थाबारे समुदायमा गरिएको छलफलबाट स्पष्ट रूपमा बालीमा जलवायु परिवर्तनको असर देखिन थालेको निष्कर्ष निकाल्न सकिन्छ । मकै लगाउने समय पारम्परिक रूपमा चलिआए पनि हाल यसको पाक्ने समय र लगाउने समयमा निरन्तरता छैन । पहिलेभन्दा करिब १५ दिन पहिले पाक्ने गरेको छ । गर्मीयाम लामो समयसम्म रहने हुँदा छिटो पाक्न थालेको स्थानीय समुदाय बताउँछन् । उन्नत जातका बीउ बढी प्रयोग भइरहेको पाइन्छ ।

धानमा पहिले एक बाली मात्र हुन्थ्यो भने अहिले सिँचाइको सुविधा र हाईब्रिड तथा उन्नत जातका बीउ भएका ठाउँमा दुई बाली लगाइन्छ । तथापि, पहिलेको एकै बाली र अहिलेको दुवै बालीको उत्पादनमा लगभग फरक नपाएको स्थानीय बासिन्दाहरूको अनुभव छ ।

वर्षा हुने समय परिवर्तन हुँदै गएकाले रोप्ने बेला, फुल्ने र दाना लाग्ने समयमा खडेरीले गर्दा धान खेतीमा पर्याप्त असर परेको देखिन्छ । हिउँदे वर्षा पनि धेरै कम भएको हुँदा गहुँ खेती विस्थापित हुँदै गएको स्पष्ट देखिन्छ ।

आलु खेतीमा वृद्धि हुँदै गएको छ र कृषकहरू पनि सोतर्फ आकर्षित भएका छन्, तर लामो समयको खडेरी र तुषारोको समस्या देखिन्छ ।

## तालिका 16: परिवर्तित बाली पात्रो

| विवरण | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको बीउ लगाउने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| धान काट्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| मकै छर्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| मकै भित्र्याउने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| गहुँ काट्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| लाली गराँस फुल्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| काफल पाक्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| ऐसेलु पाक्ने | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |

श्रोतः सामुहिक छलफल, २०८२

केदारस्यूँ गाउँपालिका

### ४.२.४ तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण

केदारस्यूँ गाउँपालिकाको तापक्रम र वर्षाको परिवर्तन विश्लेषणका लागि यस गाउँपालिकासँग नजिक पर्ने चैनपुर (पश्चिम) स्थित जल तथा मौसम विभागको मापन केन्द्रको तथ्यांकसहित, NASA को वेबसाइटबाट प्राप्त देउराको तथ्यांक प्रयोग गरी अध्ययन गरिएको हो ।

सन् १९८१ देखि २०२४ सम्मको तथ्यांक विश्लेषण गर्दा, केदारस्यूँ गाउँपालिकामा दीर्घकालीन रूपमा वातावरणीय तापक्रम क्रमिक रूपमा वृद्धि भइरहेको देखिन्छ । औसत वार्षिक अधिकतम तापक्रमको प्रवृत्तिमा हेर्दा सन् १९८१ मा ३३.७३˚C रहेको तापक्रम सन् २०२४ मा ३५.७६˚C मा पुगेको पाइएको छ । यस आधारमा वार्षिक अधिकतम तापक्रमको वृद्धि दर औसतमा करिब ०.०५˚Cप्रति वर्ष देखिन्छ ।

त्यस्तै, न्यूनतम तापक्रममा पनि उल्लेखनीय परिवर्तन देखिएको छ। सन् १९८१ मा न्यूनतम तापक्रम -३.३८°C रहेकोमा सन् २०२४ मा ०.६८°C मा पुगेको छ । केही वर्षहरूमा अत्यन्त न्यून तापक्रम (-५.६८°C सन् २०१३) समेत देखिए तापनि, समग्र प्रवृत्तिमा न्यूनतम तापक्रममा समेत क्रमिक वृद्धि भएको छ, जुन Global Warming को संकेत मान्न सकिन्छ ।




**चित्र १४: केदारस्यूँ गाउँपालिकाको वार्षिक औसत तापक्रमको अवस्था**

तापक्रम तथा यसको परिवर्तनको विश्लेषण गर्दा देखिन्छ कि वैशाखदेखि असार महिनासम्मको अवधि सबैभन्दा बढी गर्मी हुने समय हो, जसमा अधिकतम तापक्रम उच्चतम स्तरमा पुग्ने गर्दछ । उदाहरणका लागि, सन् १९८७ को असारमा अधिकतम तापक्रम ३५.७९°C र सन् २०२४ को असारमा ३५.७६°C मापन गरिएको छ । यी तथ्यांकहरूले गर्मीको चरम अवधिमा अधिकतम तापक्रम क्रमिक रूपमा बढिरहेको स्पष्ट देखाउँछन् ।

त्यसैगरी, माघ र फागुन महिनामा न्यूनतम तापक्रम अत्यन्त न्यून हुने गरेको छ, तर पछिल्ला वर्षहरूमा यसमा पनि क्रमिक वृद्धि देखिएको छ, जुन मौसम चक्रमा भएको परिवर्तनको संकेत हो ।




**चित्र १५: केदारस्यूँ गाउँपालिकाको वार्षिक औसत तापक्रम तथा बार्षिक बर्षाको नक्सा**

तापक्रम दायरा अर्थात् अधिकतम र न्यूनतम तापक्रमको बीचको अन्तरको विश्लेषण गर्दा सन् १९८१ को दशकमा यसको औसत ११ देखि १३ डिग्री सेल्सियसको आसपास देखिन्छ । तर पछिल्लो दशकमा, विशेष गरी सन् २०२० पछिको अवधिमा यो केही घट्दै गएको पाइन्छ र औसत तापक्रम दायरा ९.५ देखि १०.५ डिग्री सेल्सियसको आसपास सीमित भएको छ ।

यसले देखाउँछ कि रात र दिनको तापक्रमको अन्तर घट्दो क्रममा छ, जुन जलवायु प्रणालीमा असामान्यता बढ्दै गएको वा चरम मौसम अवस्थाहरु (Extreme Weather Events) को सम्भावना उच्च हुँदै गएको संकेत हो । वार्षिक तापक्रम वृद्धिदर विश्लेषण गर्दा सन् १९८१ देखि १९९० को दशकमा औसत अधिकतम तापक्रम ३२°C रहेकोमा, यो सन् १९९१ - २००० मा ३३.४°C सन् २००१ - २०१० मा ३३.५°C सन् २०११ - २०२० मा ३३.८°C र सन् २०२१ - २०२४ को छोटो अवधिमा समेत ३३.८८°C पुगेको देखिन्छ। यसले प्रत्येक दशकमा औसत अधिकतम तापक्रम झण्डै ०.२°C देखि ०.३°C को दरले वृद्धि भइरहेको स्पष्ट देखाउँछ । यस्तै प्रवृत्ति न्यूनतम तापक्रममा पनि देखिन्छ, जसले दीर्घकालीन तापक्रम वृद्धि (warming trend) र जलवायु परिवर्तनको संकेत दिन्छ ।

सन् १९८१ देखि २०२४ सम्मको तथ्यांक विश्लेषण गर्दा यस गाउँपालिकामा बार्षिक औसत ८५० मिलिमिटर वर्षा हुँदै आएको देखिन्छ जुन बढ्दो क्रममा रहेको छ, तर बार्षिक बर्षाको अवस्था हेर्दा अनियमित वर्षा भइरहेको

देखिन्छ । तर विगत २० बर्षको मात्र तथ्याकं हेर्ने हो भने औसत वर्षा कम हुँदै गएको देखिन्छ जुन पछिल्लो समयमा यस गाउँपालिकाको विभिन्न वडामा देखिएको खडेरीको घटनाले पनि पुष्टि गर्दछ ।




**चित्र १६: केदारस्यूँ गाउँपालिकाको केदारस्यूँ गाउँपालिकाको कुल बार्षिक बर्षाको अवस्था**

सन् १९८१ देखि २०२४ सम्मको वर्षा तथ्यांकको विश्लेषण गर्दा केदारस्यूँ गाउँपालिकामा वर्षा वितरण अत्यन्तै अनियमित देखिन्छ । यस अवधिमा वार्षिक औसत वर्षा करिब ८५० देखि ९५० मिलिमिटर को हाराहारीमा देखिएको छ । तथापि, केही वर्षहरूमा अत्यधिक वर्षा भएको छ भने, केही वर्षहरूमा अत्यन्त न्यून वर्षा मापन गरिएको छ । सन् २०२० मा अहिलेसम्मकै उच्च वर्षा २३७५.६ मि.मि. मापन गरिएको छ जुन सामान्य औसतको करिब तीन गुणा बढी हो । यसैगरी, २०१३ (१३७३.२ मि.मि.), २०११ (१३०४ मि.मि.), र २००७ (११९९.७ मि.मि.) जस्ता वर्षहरूमा पनि उल्लेख्य रूपमा उच्च वर्षा भएको देखिन्छ । यस्ता चरम वर्षा का घटनाहरू पछिल्लो दशकमा दोहोरिँदै गएको पाइन्छ, जसले बाढी, भूक्षय, र ढल व्यवस्थापनमा चुनौती सिर्जना गरेको संकेत दिन्छ । विपरीत रूपमा, केही वर्षहरूमा अत्यन्त न्यून वर्षा मापन गरिएको छ, जसमा १९८९ मा ३३५.४ मि.मि., १९८७ मा ३४५.९ मि.मि., र १९९३ मा ३६१.६ मि.मि. उल्लेखनीय छन् । यस्ता वर्षहरूमा सम्भावित खडेरी, जलस्रोतको अभाव, र कृषि उत्पादनमा असर पर्न सक्ने खतरा उच्च रहन्छ । मासिक रूपमा विश्लेषण गर्दा, अधिकतम वर्षा प्रायः जुनदेखि सेप्टेम्बर महिनाको बीचमा केन्द्रित देखिन्छ, जुन नेपालको मनसुन कालसँग मेल खान्छ। विशेषगरी जुलाइ र अगष्ट महिनाहरूमा वर्षा चरममा पुग्ने प्रवृत्ति देखिन्छ (उदाहरणः २०१० मा जुलाइमा ४६५.६ मि.मि., २००७ मा ४१०.१ मि.मि.) । यिनै महिनाहरूमा कुल वार्षिक वर्षाको झन्डै ६० - ७०% वर्षा हुने गरेको पाइन्छ । दीर्घकालीन औसत वर्षा स्थिर भए पनि प्रत्येक वर्षको वर्षा दरमा उच्च भिन्नता देखिएको छ । पछिल्लो दशकमा चरम वर्षा र अनियमित वितरणका घटना दोहोरिन थालेका छन्, जुन जलवायु परिवर्तनको प्रभावको संकेत हुन सक्छ ।

### ४.२.५ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन

माथि उल्लेखित मौसमी पात्रो र ऐतिहासिक घटनाक्रमको समयरेखा विश्लेषणका माध्यमबाट यकिन गरिएका प्रमुख प्रकोपहरूले प्रभावित क्षेत्रहरूलाई केदारस्यूँ गाउँपालिकाको नक्सामा चित्रण गर्न यो विधिको प्रयोग गरिएको हो ।

सहभागितामूलक तरिकाबाट तयार गरिएको चित्र १७ को नक्सामा जलवायुजन्य प्रमुख प्रकोप दोहोरिन सक्ने स्थानहरू र प्रभावित हुन सक्ने बस्ती तथा समुदायहरू देखाइएको छ ।




चित्र १७: केदारस्यूँ गाउँपालिकाको सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन

### ४.२.६ जोखिमको रुपरेखा

यस विधिको प्रयोगबाट केदारस्यूँ गाउँपालिका क्षेत्रका हाल विद्यमान प्रकोपहरू, ती प्रकोपहरूबाट भइरहेका तथा भविष्यमा हुन सक्ने समस्याहरूको अवस्था र प्रकोपबाट प्रभावित तथा प्रभावित हुन सक्ने संकटासन्न समुदायहरूको विश्लेषण गरिएको छ ।

## तालिका 17: गाउँपालिकाको जोखिमको रुपरेखा

| प्रकोप | हालको जोखिमको अवस्था | हालको संकटासन्नता | भविष्यमा हुन सक्ने जोखिमको प्रभाव |
|---|---|---|---|
| पहिरो | सानो सानो हुँदै पहिरोले ठुलो रुप लिएको, माथिल्लो भागमा जमिन चिरा परेकोले पहिरो निरन्तर गइरहेको, उत्पादनयोग्य जमिन कटानी गर्दै गएको, उर्बर माटो बगाइ लगेको, बेसीमा भएका खेतमा थेग्रान जम्मा गरेको, बाटो र बस्तीका घर पनि बगाउन सक्ने अवस्था आएको, तल्लो भेगका बस्ती पुरिन सक्ने र माथिल्लो भेगका बस्ती झर्न सक्ने संभावना बढेको, बाटोमा क्षति तथा खोला थुनिने समस्या रहेको, पानीको स्रोत पुर्ने गरेको छ। | महिला, बालबालिका, बृद्धबृद्धा (ज्येष्ठ नागरिक), गर्भवती महिला, कृषक | सानो सानो हुँदै पहिरोले ठुलो रुप लिएको, माथिल्लो भागमा जमिन चिरा परेकोले पहिरो निरन्तर गइरहेको, उत्पादनयोग्य जमिन कटानी गर्दै गएको, उर्बर माटो बगाइ लगेको, बेसीमा भएका खेतमा थेग्रान जम्मा गरेको, बाटो र बस्तीका घर पनि बगाउन सक्ने अवस्था आएको, तल्लो भेगका बस्ती पुरीन सक्ने र माथिल्लो भेगका बस्ती झर्न सक्ने संभावना बढेको, बाटोमा क्षति तथा खोला थुनिने समस्या रहेको, पानीको स्रोत पुर्ने गरेको छ। |
| बाढी | बाढीले घरखेत नै बगाउने गरको, मानिस पशुपंक्षी तथा धनजनको क्षति गराउने गरको, पुल, सडक तथा अन्य भौतिक पूर्वाधार क्षति हुने गरेको, लघु जलविद्युतको इन्टेक बगेको, पानीको स्रोत तथा मुहान बगेको तथा पुरेको तथा सिँचाई कुलो, मुहान बगाउने गरेको छ। | बालबालिका, वयस्क, महिला, एकल व्यक्ति, वृद्ध, खोला नजिक बसोबास गर्ने बस्ती | पानी पर्ने तरिकामा फेरवदल आउनुका साथै माथिल्लो क्षेत्रमा अस्वभाविक पहिरोले बाढीका घटनाहरु बढ्ने, जडारीगाड नजिकको खेती कटान हुने देखिन्छ, पानीको स्रोत बगाउनाले महिलाको कार्य बोझ बढ्नेछ, तमैल सडकमा बाढीले क्षति गर्नाले स्वास्थ्य तथा अन्य सेवाको लागि सदरमुकाम सम्मको पहुँच अवरुद्ध हुनेछ । |
| खडेरी | वनजंगलहरुमा धेरै सुख्खापन भएर आगलागीका घटनाहरु बढेका, पानीका मुहानहरु सुक्दै गएका, खानेपानीको अभाव, सिँचाइको पर्याप्त सुविधा नभएको ठाँउमा खेतीपाती गर्न कठिनाई भई उत्पादनमा कमी आएको र बोटबिरुवामा वर्षेनी विभिन्न किसिमका रोग किरा बढ्ने गरेको, पशुपंक्षी र मानवलाई पनि सरसफाइको कमीले हुने एवं संक्रामक रोग लाग्ने क्रम बढेको, खानेपानी, कृषि र अन्नमा बढी समय र खर्च बढेको, सिँचाई कुलोमा पानीको उपलब्धतामा कमी आएको, हरियो घाँसको अभाव, चरण क्षेत्र घटेको | | वनजंगलहरुमा धेरै सुख्खापन भएर आगलागीका घटनाहरु बढेका, पानीका मुहानहरु सुक्दै गएका, खानेपानीको अभाव, सिँचाइको पर्याप्त सुविधा नभएको ठाँउमा खेतीपाती गर्न कठिनाई भई उत्पादनमा कमी आएको र बोटबिरुवामा वर्षेनी विभिन्न किसिमका रोग किरा बढ्ने गरेको, पशुपंक्षी र मानवलाई पनि सरसफाइको कमीले हुने एवं संक्रामक रोग लाग्ने क्रम बढेको, खानेपानी, कृषि र अन्नमा बढी समय र खर्च बढेको, सिँचाई कुलोमा पानीको उपलब्धतामा कमी आएको, हरियो घाँसको अभाव, चरण क्षेत्र घटेको |
| असि पा | अन्न बाली तथा तरकारी बालीमा क्षति, पाकेका बाली | महिला, | असिना पानीको बारम्बारतालाई हेर्दा |

| प्रकोप | हालको जोखिमको अवस्था | हालको संकटासन्नता | भविष्यमा हुन सक्ने जोखिमको प्रभाव |
|---|---|---|---|
| | झार्ने, कहिलेकाहीं बीउको लागि पनि जोगाउन नसकेको दृष्टान्त, खाद्य संकट, मानिस एवम् पशुपंक्षीलाई क्षति पुर्याउन सक्ने, धेरै असिनापानीले बाढी निम्त्याएको तथा अन्नबाली पुरै क्षति गरेको तथा पशुचौपायालाई पनि क्षति गर्ने गरेको छ भने वन्यजन्तुलाई पनि हानी गर्ने गरेको छ । | बालबालिका, कृषक तथा वन्यजन्तु | भविष्यमा असिनापानीको समस्या बढ्दै जाने देखिन्छ जसले गर्दा खाद्य बाली, तरकारी बाली र फलफुलको क्षति हुने, खाद्यान्नको उत्पादनमा र गुणस्तरमा ह्रास आउने देखिन्छ । |
| पशुपंक्षीमा रोग | पशुपंक्षीमा रोगका कारण एक देखि बथानमा मृत्यु हुन गरेको, कुखुरामा नयाँ रोगहरु देखा परेको, दूध तथा मासु उपलब्धता घटेको, गाई भैंसी मरेर आर्थिक जोखिम बढ्ने गरेको छ। | कृषक, बालबालिका, युवा, वयस्क, वृद्ध, महिला | पशुपालनमा मानिसको चाहना हराउन सक्ने, पशुपंक्षीबाट मानिसमा संक्रामक रोगहरु सर्न सक्ने, स्थानीय जातका पशु चौपाया लोप हुन सक्ने देखिन्छ। |
| कृषिमा रोग | धान तथा गहुँमा खैरो, गोबारो, पतेरो, कालो लाग्ने, सिन्दुरे तथा किराहरुको प्रकोप बढेको, तरकारीमा नयाँ रोगहरु देखा परेको, मकैमा फौजी किराको प्रकोप बढेको, मास तथा कोसे बालीमा किराको प्रकोप बढेकोले उत्पादन हुन छोडेको, फलफूलमा किराको प्रकोप बढेको छ। | कृषक, बालबालिका, वयस्क, महिला, युवा, वृद्ध | खेतीपातीमा युवा पुस्ताको आकर्षण घट्न सक्ने, हरेक वर्ष खाद्यान्नको अभाव झेल्नु पर्ने, खाद्यान्न संकट पर्न सक्ने, भोकमरी कुपोषणका घटना बढ्न सक्ने देखिन्छ भने कृषि क्षेत्र बाँझो भै कृषि उत्पादन कमी हुने देखिन्छ। |
| हावाहुरी | घर छाना उडाउने, जनधनको क्षति भएको, अन्न बाली नाश गर्ने गरेको, फलफुलका फल फुल झार्ने र साना बिरुवा ढाल्ने गरको | महिला, बालबालिका, कृषक, मानिस | हावाहुरीले जस्तापाता उडाउने, घर भत्काउन सक्ने, कृषि तथा खालि जग्गामा रहेका रुख बिरुवा ढल्न गइ जनधनको क्षति हुन सक्ने, कृषि बालीमा नोक्सान हुने सम्भावना रहेको छ। |
| मानिसमा रोग | डेंगु बिरामिहरु देखिने गरेको, लामखुट्टे बाट सर्ने रोगको प्रकोप देखिएको, नयाँ रोगहरुबाट धेरै संख्यामा मानिसहरुलाई ज्वरो आउने, घाटि दुख्ने, रुघा खोकीका बिरामी बढेको, गरेको, भाइरल ज्वरोको बारम्बरता बढेको छ। | बालबालिका, युवा, वयस्क, महिला, एकल व्यक्ति, वृद्ध, दीर्घरोगी | नयाँ नयाँ संक्रमण समुदाय स्तरमा फैलिई, संक्रामक रोगको प्रकोपहरु बढ्ने, जंक फुडको धेरै प्रयोगको कारण नसर्ने रोग बढ्न सक्ने, स्वास्थ्य संस्थाको स्तरोन्नति तथा पहुँचले मृत्युदर कम हुने देखिन्छ। |
| चट्याङ्ग | पशु चौपायामा क्षति, मानव जनजिवनको क्षति, विद्युतीय उपकरणहरु, सोलार प्यानलहरु, जेनरेटर तथा इन्भर्टर क्षति हुने गरेको छ। | बालबालिका, वृद्ध, महिला, विद्यार्थी, कृषक | ग्रामिण विद्युतीकरणसँगै अर्थिंग व्यवस्थाले चटयाङ्गको प्रभाव कम पर्नेछ। MCB को जडानको कारण विद्युतीय सामग्रीको क्षति कम हुनेछ। तर घरबाहिर काम गरिरहेको अवस्थामा चट्यांगको जोखिम रहिरहने छ भने अति बिपन्न घरधुरी रहेको अवस्थामा घरमा अर्थिंग समेत गर्न सम्भावना नरहेका घराधुरिहरु सधै जोखिममा रहनेछन । |
| डढेलो/ आगलागी | वनपैदावर, जडीबुटी नाश भएका साथै मानिसलाई आवश्यक काठ दाउरा संकलन गर्न कठिनाई हुने | वन, वन नजिकको | साना बिउबिरुवा नष्ट हुन सक्ने, दुर्लभ र लोपोन्मुख जीवको बासस्थान र जीवको |

| प्रकोप | हालको जोखिमको अवस्था | हालको संकटासन्नता | भविष्यमा हुन सक्ने जोखिमको प्रभाव |
|---|---|---|---|
| | गरेको एवं वनको विनाशले पानीका स्रोत सुक्ने र कहिलेकाँही बस्तीमा आई जनधन क्षति पनि गराउने गरको भने वन्यजन्तु क्षति हुने गरेको छ। | वस्ती, महिला, बालबालिका, विपन्न वर्ग | अन्त्य हुन सक्ने तथा पानीको मुहान सुक्न सक्ने र खानेपानीको पाइप जलाउने सम्भावना रहेको छ। विभिन्न समुदायले बनमा रहेका जडिबुटी लगायत अन्य बन पैदावारमा आश्रित रहेकोमा सो श्रोतको नास हुन जाने । |

**स्रोतः** वडा-स्तरीय लापा तयारी छलफल, २०८२

### ४.२.७ प्रकोप तथा जोखिम विश्लेषण

समग्र गाउँपालिकाको भविष्यमा प्रकोप हुन सक्ने सम्भावना, असरको गम्भीरता र असरको सम्भावनाको आधारमा प्रकोपको प्रभावको स्तर, प्रकोप हुन सक्ने सम्भावना र प्रभाव पार्न सक्ने सम्भावनाहरूको स्तर लाई १ देखी ३ अङ्क भार दिई विश्लेषण गरिएको छ जसमा १ भन्नाले न्यून प्रभाव तथा गम्भीरता र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा गम्भीरता भन्ने बुझिन्छ । यसरी प्रकोपको सम्भावना, प्रकोपबाट हुन सक्ने असर र असरको गम्भीरताको अङ्क भारलाई गुणा गरी प्रकोपको जोखिमको स्तर तय गरिएको थियो ।

पहिरोको असरले मानव जीवनको क्षति, बस्ती तथा पूर्वाधारमा क्षति, र प्राकृतिक स्रोतहरू (जस्तैः वन, जमिन, कुलो) को विनाश पुऱ्याउने गर्दछ । बाढीले खेतबारी डुबाउने, संरचना बगाउने, र उत्पादन प्रणालीमा दीर्घकालीन असर पार्ने गरेको पाइन्छ । खडेरीको प्रभाव वनजंगल सुक्ने, उत्पादनमा गिरावट आउने, खानेपानी अभाव हुने, र रोगको वृद्धि जस्ता विविध क्षेत्रमा देखिन्छ । कृषिमा रोगकिराले खाद्य सुरक्षा संकट सिर्जना गर्ने, पशुचौपाया तथा मानिसमा रोग फैलाउने, र आर्थिक बोझ बढाउने काम गर्दछ । यस्ता प्रकोपहरूको समग्र जोखिम मूल्याङ्कन गर्दा ती सबैजसो असरहरूको जोखिम उच्च मा रहेको पाइन्छ, जसले ती प्रकोपहरूलाई स्थानीय स्तरमा प्राथमिकतामा राख्नुपर्ने खालका देखिन्छन् ।

केदारस्यु गाउँपालिका




चित्र १८ः केदारस्यूँ गाउँपालिकाको पहिरो जोखिम नक्सा

यसका अतिरिक्त हावाहुरी, चट्याङ्ग र असिनापानी जस्ता प्रकोपहरूको जोखिम स्तर मध्यम रहेको छ । हावाहुरीले घर, विद्यालय तथा स्वास्थ्य संस्थाको छाना उडाउने, फलफूल तथा बालीमा क्षति गर्ने, र उत्पादनमा गिरावट ल्याउने असर पार्दछ । चट्याङ्गले मानिस तथा पशुचौपायामा क्षति पु-याउने, विद्युतीय उपकरण विगार्ने, तथा कहिलेकाहीँ वनमा आगलागी समेत निम्त्याउने गर्दछ । असिनाले मुख्य रूपमा फलफूल तथा खाद्यान्न बालीमा असर पार्ने गरेको छ । यिनको गम्भीरता र सम्भावना मध्यम भएकाले यी प्रकोपहरूलाई मध्यम जोखिम को श्रेणीमा वर्गीकरण गरिएको छ ।




### चित्र १९: केदारस्यूँ गाउँपालिकाको आगलागी जोखिम नक्सा

रोग महामारी तथा अन्य संक्रामक रोगहरू, यद्यपि दीर्घकालीन असर पार्नसक्ने भए पनि हालको तथ्यांक अनुसार त्यसको गम्भीरता र सम्भावना तुलनात्मक रूपमा कम रहेको पाइन्छ । यसले स्वास्थ्य प्रणालीलाई दबाब दिने भएतापनि प्राथमिक प्रकोप व्यवस्थापनको सूचीमा उच्च प्राथमिकता नदिई, मध्यमदेखि न्यून जोखिमका रूपमा व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### तालिका 18: केदारस्यूँ गाउँपालिकाको प्रकोप तथा जोखिमको विश्लेषण

| प्रकोप | असर तथा प्रभावहरू | असरको गम्भीरता | प्रकोप हुनसक्ने सम्भावना | असरको सम्भावना | कुल अङ्क |
|---|---|---|---|---|---|
| पहिरो | मानिसको मृत्यु | ३ | ३ | ३ | २७ |
| | खेतीयोग्य जमिन पुरेको | ३ | | ३ | २७ |
| | वनजंगलमा क्षति | २ | | ३ | १८ |
| | सडक, बाटोघाटो पुर्ने/भत्काउने | ३ | | २ | १८ |
| | सिँचाई कुलो पुर्ने | ३ | | २ | १८ |
| | चरण क्षेत्र कटानी/भू-क्षय | ३ | | ३ | २७ |
| | खानेपानीको पाइप बगाउने | ३ | | २ | १८ |
| | बस्ती बगाउने/घरधुरी क्षति | ३ | | ३ | २७ |
| | स्वास्थ्य संस्थाको पहुँच विच्छेद गर्ने | ३ | | २ | १८ |
| बाढी | खेतबारी बगाउने | ३ | ३ | ३ | २७ |
| | बालीनाली डुबान | ३ | | ३ | २७ |

| प्रकोप | असर तथा प्रभावहरू | असरको गम्भीरता | प्रकोप हुनसक्ने सम्भावना | असरको सम्भावना | कुल अङ्क |
|---|---|---|---|---|---|
| | लघु जलविद्युतगृहमा क्षति | २ | | ३ | १८ |
| | पशुचौपाया बगाएको | २ | | २ | १२ |
| | मानिस घाइते तथा मृत्यु | ३ | | २ | १८ |
| | घर बस्ती जोखिम बढेको | ३ | | ३ | २७ |
| | सिँचाई कुलो भत्काउने तथा पुर्ने | २ | | ३ | १८ |
| | उर्वर शक्ति भएको माटो बगाउने | २ | | ३ | १८ |
| | सडक तथा बाटोघाटोमा क्षति | ३ | | ३ | २७ |
| | चरीचरण क्षेत्रमा असर | १ | | १ | ३ |
| | खानेपानीको मुहान बगाउने | ३ | | २ | १८ |
| | खानेपानीको पाइप बगाएको | २ | | ३ | १८ |
| | पिसानी घट्ट बगाएको | ३ | | ३ | २७ |
| | पक्की पुल बगाएको | ३ | | २ | १८ |
| हावाहुरी | घरको छाना उडाउने | २ | २ | ३ | १२ |
| | विद्यालयको छानो उडाउने | ३ | | ३ | १८ |
| | फलफूलको फुल झारेको | २ | | ३ | १२ |
| | बालीनाली नष्ट भएको | ३ | | ३ | १८ |
| | उत्पादनमा कमी भएको | २ | | ३ | १२ |
| | स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार क्षति | ३ | | ३ | १८ |
| मानिसमा रोग | मानिसको मृत्यु | ३ | २ | २ | १२ |
| | गाउँ नै बिरामी परेको | ३ | | २ | १२ |
| | स्वास्थ्य खर्च बढेको | ३ | | २ | १२ |
| खडेरी | वनजंगल सुकेको | ३ | ३ | ३ | २७ |
| | अन्न बाली उत्पादनमा कमी | ३ | | ३ | २७ |
| | भोकमरी | ३ | | २ | १८ |
| | बाली लगाउन नपाएको | ३ | | ३ | २७ |
| | घाँसपातको कमी | २ | | २ | १२ |
| | रोग वृद्धि | ३ | | ३ | २७ |
| | बालीनाली सुकेको | ३ | | ३ | २७ |
| | सिंचाइको पानी कमी | २ | | ३ | १८ |
| | पानीको मूल सुकेको | ३ | | ३ | २७ |
| | खानेपानीको अभाव | ३ | | ३ | २७ |
| | रोगकिराको प्रकोप बढेको | ३ | | ३ | २७ |
| | कृषि कार्यमा कार्य बोझ बढ्ने | २ | | ३ | १८ |
| असिनापानी | फलफूलको फुल झारेको | २ | २ | ३ | १२ |
| | अन्न बालीमा क्षति गरेको | २ | | ३ | १२ |
| | खाद्य बाली नस्ट गरेको | ३ | | २ | १२ |
| | फलफूलको चिचिला झारेको | २ | | २ | ८ |

| प्रकोप | असर तथा प्रभावहरू | असरको गम्भीरता | प्रकोप हुनसक्ने सम्भावना | असरको सम्भावना | कुल अङ्क |
|---|---|---|---|---|---|
| | बाढी निम्त्याएर पूर्वाधारको क्षति | २ | | २ | ८ |
| डढेलो/ आगलागी | वनजंगल विनाश भएको | ३ | ३ | ३ | २७ |
| | वन्यजन्तु वासस्थान विनाश | ३ | | २ | १२ |
| | खानेपानीको पाइप डढेको | २ | | ३ | १८ |
| | खानेपानीको मुहान सुक्न लागेको | ३ | | ३ | २७ |
| | चरी चरण क्षेत्र विनाश | २ | | ३ | १८ |
| | मानिसको मृत्यु | ३ | | १ | ९ |
| चट्याङ्ग | विद्युतिय सामग्री बिग्रने | २ | ३ | २ | १२ |
| | मानिसको मृत्यु | ३ | | २ | १८ |
| | पशुचौपाया मृत्यु | २ | | २ | १२ |
| | वन डढेलो बढेको | २ | | १ | ६ |
| पशुपंछी/ कृषिमा रोगकिरा | घरपालुवा पशुचौपाया क्षति | ३ | ३ | ३ | २७ |
| | खाद्यान्न उत्पादनमा कमी | ३ | | ३ | २७ |
| | आर्थिक नोक्सानी | ३ | | ३ | २७ |
| | मान्छेमा संक्रामक रोग सरेको | ३ | | ३ | २७ |
| | भोकमरी परेको | ३ | | १ | ९ |
| | पशु चौपायामा रोग लाग्ने | ३ | | ३ | २७ |
| | कृषि औसधि उपचारमा खर्च बढेको | २ | | ३ | १८ |

**स्रोतः** वडा-स्तरीय लापा तयारी छलफल, २०८२

### ४.२.८ संकटासन्न वर्ग तथा समुदाय पहिचान

प्रकोपले सिर्जना गरेका असरहरु विश्लेषण गरी उमेर समुह, लिंग, सामाजिक स्तर, वर्ग र जातजाती अनुसार पर्ने र पारेको प्रभावहरुमा छलफल गरियो । प्रकोपका असरहरुले समुदायका वर्ग, जातजातिमा कस्ता कस्ता प्रभाव पारेका छन् र ति प्रभावहरु कुन समुहमा बढि असर गर्दछन् भन्ने सवालहरुमा छलफल गरि सबै भन्दा उच्च असर पार्ने लाई ३, मध्यमलाई २ र न्युन असर गर्नेलाइ १ अंक दिएको थियो ।

यस गाउँपालिकामा जलवायु परिवर्तनबाट प्रभावित समूह, लिङ्ग तथा समुदायको विश्लेषण गर्दा जलवायु परिवर्तन र जलवायुजन्य प्रकोपहरू (पहिरो, बाढी, खडेरी, कृषिमा रोग, हावाहुरी, पशुमा रोग, चटयाङ्ग आदि) बाट सबैभन्दा बढी बालबालिका, महिला, अति विपन्न वर्ग तथा जातजातिको आधारमा दलित तथा सामाजिक स्तरको हिसाबले एकल महिला र फरक क्षमता भएका व्यक्तिहरू उच्च सङ्कटासन्न रहेको देखिएको छ। यी प्रकोप तथा जोखिमहरूबाट अन्य वर्ग समुदाय प्रभावित भएता पनि उनीहरूसँग ती प्रकोपहरूको सामना गर्न सक्ने क्षमता तुलनात्मक रूपमा उच्च रहेको देखिन्छ।

**तालिका 19: संकटासन्न वर्ग तथा सामाजिक समुहहरुको पहिचान**

| प्रकोप | प्रकोपको सङ्कटासन्न वर्ग | | | | |
|---|---|---|---|---|---|
| | उमेर समूह | लिङ्ग | आर्थिक स्तर | सामाजिक स्तर | जातजाति |

| | बालबालिका | युवा | वयस्क | वृद्ध | महिला | पुरुष | अति विपन्न | विपन्न | मध्यम वर्ग | सम्पन्न वर्ग | अपांगता भएका व्यक्ति | एकल महिला | दलित | क्षेत्री | ब्राह्मण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | ३ | ३ | २ | २ |
| बाढी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | ३ | ३ | २ | २ |
| खडेरी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | २ | २ |
| असिनापानी | ३ | २ | २ | २ | ३ | ३ | ३ | २ | १ | १ | ३ | ३ | ३ | २ | २ |
| पशुमा रोग | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | १ | ३ | ३ | ३ | ३ |
| बालीमा रोगकिरा | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | १ | ३ | ३ | ३ | ३ |
| मिचाहा प्रजाति | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | ३ | ३ |
| हावाहुरी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | २ | २ | २ |
| मानिसमा रोग | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | ३ | ३ |
| चट्याङ्ग | ३ | २ | २ | ३ | २ | २ | २ | २ | २ | २ | ३ | २ | २ | २ | २ |
| आगलागी/ डढेलो | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | ३ | २ | २ |

**स्रोतः** वडा-स्तरीय लापा तयारी छलफल, २०८२

### ४.२.९ प्रकोपको प्राथमिकिकरण

यस विधिको प्रयोगबाट ऐतिहासिक घटनाक्रम तथा प्रकोप नक्सांकनबाट पहिचान गरिएका केदारस्यूँ गाउँपालिका अन्तर्गतका ९ वडामा रहेका विभिन्न जलवायुजन्य प्रकोपहरु मध्ये सबैभन्दा बढी असर तथा प्रभाव पारेको प्रकोप कुन हो भनी स्तरीकरण गर्दै विश्लेषण गरिएको थियो । विद्यमान प्रमुख प्रकोपको वडागत पहिचान तथा स्तरीकरण अनुसूची २ मा दिइएको छ भने गाउँपालिकाको प्रकोप स्तरीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 20: गाउँपालिकाका विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण

| मुख्य प्रकोप | पहिरो | बाढी | खडेरी | वन्यजन्तु आतंक | हावाहुरी | आगलागी | असिना पानी | महामारी | चट्याङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|
| स्तर | प्रथम | दोस्रो | तेस्रो | चौँथो | पाचौं | छैठौं | सातौं | आठौं | नवौ |

स्रोतः वडास्तरीय समुह छलफलको निष्कर्स, २०८१

तालिका 21: वडागत विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण

| प्रकोप/वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | १ | २ | २ | २ | २ | २ | २ | १ | १ |
| पहिरो | २ | १ | १ | १ | १ | १ | ३ | २ | २ |
| हावाहुरी | ७ | ७ | १० | ९ | ३ | ६ | ६ | ६ | ७ |
| चट्याङ | - | ११ | ६ | - | ७ | ७ | ४ | ७ | १० |
| आगलागी | ३ | ८ | ३ | ७ | ६ | - | - | ५ | ५ |
| असिनापानी | - | ६ | ४ | - | - | ५ | १ | १० | ६ |
| वन्यजन्तु आतंक | ४ | ५ | ५ | ३ | ३ | ४ | ९ | ४ | ४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि रोग | ५ | ३ | ९ | ५ | ८ | ८ | ८ | ३ | ८ |
| पशु रोग | ६ | ४ | ८ | ४ | - | ९ | १० | ८ | ९ |
| महामारी | ८ | १० | ७ | ८ | ५ | १० | ११ | ९ | ११ |
| खडेरी | ९ | ९ | ११ | - | १० | ३ | ५ | ११ | ३ |
| हिमपात | - | - | - | - | - | - | ७ | - | - |

स्रोतः वडास्तरीय समुह छलफलको निष्कर्श, २०८२

### ४.२.१० वडा संकटासन्नता, जोखिम बस्तीहरूको पहिचान तथा स्तरीकरण

यस गाउँपालिकाका सबै वडाहरू जलवायुजन्य प्रकोप तथा जोखिमको कुन स्तरमा रहेको छ भनेर निर्धारण गरिएको छ। वडा जोखिम तथा संकटासन्नता स्तर निर्धारण गर्नको लागि बसोबास, भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार, वातावरणीय सेवा, कृषि, विपद् जोखिम व्यवस्थापन, वन तथा जैविक विविधता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, खानेपानी, तथा सरसफाइ, पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, पूर्वाधार, ग्रामीण बस्ती र जीविकोपार्जन क्षेत्रका सूचकहरूलाई समावेश गरी विश्लेषण गरिएको छ।

वडाभित्र घटेका जलवायुजन्य प्रकोपको बारम्बारता, प्रकोपले ल्याएको असर, असरसँगको सम्मुखता, प्रकोपबाट अनुकूलित हुन सक्ने क्षमता, सडक तथा स्वास्थ्य लगायतका पूर्वाधारको पहुँच तथा तालिम प्राप्त जनशक्ति तथा मानवीय संसाधनको अवस्थालाई आधार बनाएर वडा सङ्कटासन्नताको स्तर निर्धारण स्तरीकरण गरिएको छ। सबैखाले जलवायुजन्य प्रकोपहरूको असर पारिरहेको तथा वडाभित्र स्रोत तथा क्षमता कम भएको साथै सडक तथा स्वास्थ्य लगायतका पूर्वाधारको तथा सेवा प्रदायक निकायहरूबाट टाढा भएको वडालाई उच्च जोखिम; सबैखाले जलवायुजन्य प्रकोपहरूको असर परिरहेको भएता पनि स्वास्थ्य चौकी, प्रहरी चौकी/बिट, सडक तथा अन्य पूर्वाधारको पहुँच तथा तालिम प्राप्त जनशक्तिहरू भएको वडालाई मध्यम जोखिम र तुलनात्मक रूपमा अन्य वडाहरू भन्दा स्थान विशेष हुन सक्ने प्रकोप (पहिरो, बाढी, चटयाङ्ग, आगलागी/वन डढेलो) हरूको असर कम भएको र स्रोत र क्षमता बढी भएको वडालाई न्यून जोखिम रहेको वडाको रूपमा स्तरीकरण गरिएको छ।

### ४.२.११ प्रकोप तथा जोखिम विश्लेषण

समग्र गाउँपालिकाको प्रकोपको प्राथमिकिकरण भन्दा वडाहरुमा भिन्न किसिमको प्राथमिकता तथा प्रभाव समेत हुन सक्छ भन्ने मान्यताका आधारमा निम्न तालिकाहरुमा ९ वटा वडाहरुमा रहेको प्रकोपको प्रभाव, प्रकोपको प्रभावित क्षेत्रहरु विश्लेषण गर्नुका साथै भविष्यमा प्रकोप हुन सक्ने जोखिम र प्रकोपले पार्न सक्ने जोखिमको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको स्तर लाई १ देखी ३ अंक भार दिई विश्लेषण गरिएको थियो जसमा १ भन्नाले न्यून प्रभाव तथा प्रयास र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने बुझिन्छ । यसरी प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको अंक भारलाई गुणाकं गरी प्रकोपको जोखिमको स्तर तय गरिएको थियो ।

## ४.३ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण

गाउँपालिकामा जलवायु परिवर्तनका प्रभाव तथा सम्भावित जोखिमले वनको अवस्था, जैविक विविधता, खोलानाला, पानीका मुहान र कृषि पारिस्थितिकीय प्रणालीमा पारिरहेको असरको मूल्याङ्कन गर्न समूहगत छलफल र स्थानीयवासीहरूसँग अन्तरक्रिया गरेर जानकारी सङ्कलन गरिएको थियो ।

प्राप्त सूचनाको आधारमा प्रकोपका प्रभाव तथा असरलाई उच्च (३), मध्यम (२) र न्यून (१) श्रेणीमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । विश्लेषणका लागि पानीका स्रोतहरूमा पाइने वनस्पति र जीवजन्तुमा आएको परिवर्तन, पानीको गुणस्तरमा भएको असर, पारिस्थितिकीय प्रणालीको संयोजन, वन तथा वन्यजन्तुका प्रजातिमा देखिएको परिवर्तन, वनको अवस्था र पारिस्थितिकीय सेवामा परेको असरलाई आधार बनाइएको छ ।

**तालिका 22: पारिस्थितिकीय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण**

| प्रकोप/प्रभाव | पहिरो | बाढी | खडेरी | असिनापानी | मिचाहा प्रजाति | कृषिमा रोग | हावाहुरी | आगलागी | पशु रोग |
|---|---|---|---|---|---|---|---|---|---|
| **वन पारिस्थितिकीय प्रणाली** | | | | | | | | | |
| वन प्रजातिमा परिवर्तन | १ | १ | २ | १ | २ | - | १ | ३ | - |
| जीवजन्तु प्रजातिमा परिवर्तन | १ | १ | २ | १ | १ | - | १ | १ | - |
| वनको अवस्था/ गुणस्तर | ३ | २ | ३ | १ | ३ | १ | २ | ३ | - |
| संयोजन (Forest Composition) | २ | १ | २ | १ | २ | - | १ | २ | - |
| पारिस्थितिकीय प्रणालीको सेवामा परिवर्तन | २ | २ | ३ | १ | ३ | २ | १ | ३ | - |
| जम्मा | ९ | ७ | १२ | ५ | ११ | ३ | ६ | १२ | - |
| **कृषि पारिस्थितिकीय प्रणाली** | | | | | | | | | |
| खेती प्रणालीमा परिवर्तन | २ | १ | २ | १ | १ | २ | १ | १ | १ |
| खेतमा बसोबास गर्ने जीवजन्तुमा परिवर्तन | १ | १ | २ | १ | २ | २ | १ | १ | १ |
| कृषि उत्पादन/ गुणस्तर | ३ | २ | ३ | ३ | ३ | ३ | १ | २ | १ |
| संयोजन | १ | १ | ३ | १ | २ | २ | १ | १ | १ |
| पारिस्थितिकीय प्रणालीको सेवामा परिवर्तन | २ | २ | ३ | २ | २ | ३ | १ | १ | १ |
| जम्मा | ९ | ७ | १३ | ८ | १० | १२ | ५ | ६ | ५ |
| **जलीय पारिस्थितिकीय प्रणाली** | | | | | | | | | |
| जलीय वनस्पतिमा परिवर्तन | १ | २ | २ | १ | २ | १ | १ | १ | १ |
| पानीको अवस्था/ गुणस्तर | २ | ३ | ३ | १ | १ | १ | १ | १ | १ |
| जलीय जीवजन्तुमा परिवर्तन | २ | २ | ३ | १ | १ | २ | १ | २ | २ |
| संयोजन | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| पारिस्थितिकीय प्रणालीको सेवामा परिवर्तन | ३ | ३ | ३ | १ | १ | १ | १ | २ | १ |
| **जम्मा** | ९ | ११ | १२ | ५ | ६ | ६ | ५ | ७ | ६ |

**स्रोतः** वडा लापा तयारी गोष्ठी, २०८२

हालका वर्षहरूमा जलवायु परिवर्तनका कारण स्थानीय वन प्रजातिहरू जस्तैः जडिबुटी तथा वन्यजन्तुहरूको संख्या घट्दै गएको छ, जबकि मिचाहा प्रजातिहरू जस्तैः कुरी, चरीमारो, पानी झार, वनमारा आदि बढ्दै गएका छन् । जलवायुजन्य प्रकोपहरू बढ्दै जाँदा वनको अवस्था र गुणस्तरमा असर पर्ने गरेको छ, जसले वनबाट प्राप्त हुने सेवा तथा सुविधामा पनि नकारात्मक प्रभाव पारिरहेको छ ।

वन तथा कृषि पारिस्थितिकीय प्रणालीमा खडेरी, मिचाहा प्रजातिको विस्तार र आगलागीले सबैभन्दा बढी असर परेको छ । यस्तो परिवर्तनले कुनै एक प्रजातिको संख्या अत्यधिक बढाउने र केही प्रजातिहरू लोप हुने स्थितिमा पुऱ्याउने खतरा बढाएको छ ।

कृषि पारिस्थितिकीय प्रणालीमा खडेरी, रोग कीरा, पहिरो तथा भू-क्षयका कारण गम्भीर प्रभाव परेको देखिन्छ । जलवायुजन्य जोखिमका कारण कृषिजन्य उत्पादन तथा कृषि पारिस्थितिकीय प्रणालीको सेवा क्षमतामा उल्लेखनीय ह्रास आएको छ ।

यस्तै गरी, जलीय पारिस्थितिकीय प्रणालीमा खडेरी, बाढी, पहिरो तथा आगलागीको असर बढी परेको छ । जलवायुजन्य जोखिमका कारण पानीको उपलब्धता तथा गुणस्तरमा कमी आएको र जलीय पारिस्थितिकीय सेवामा प्रतिकूल असर परेको छ । पहिले प्रचुर मात्रामा पाइने माछाको प्रजाति र संख्या समेत घट्दै गएको देखिन्छ ।

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण, २०२२ अनुसार, मिचाहा प्रजातिको सबैभन्दा धेरै प्रभाव कृषि क्षेत्रमा परेको देखिन्छ जहाँ बुट्यानको प्रभाव क्रमशः १०.९% वन क्षेत्रमा, ५.७% चरण क्षेत्रमा, र ८१% कृषि क्षेत्रमा परेको उल्लेख गरिएको छ । जलीय मिचाहा झारको प्रभाव वन क्षेत्रमा ७.३%, कृषि क्षेत्रमा ३०.७% र अन्य क्षेत्रमा (जस्तै जलीय पारिस्थितिकीय प्रणाली) ६१.५% पुगेको देखिन्छ ।

मिचाहा प्रजातिका कारण आम्दानी घट्नु, टिम्बर/काठमा नोक्सानी, घाँसपात र डालेघाँसको कमी, सोत्तरको अभाव तथा पशु र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव परेको पाइन्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२४)।

स्थानीय स्तरमा मिचाहा प्रजातिको नियन्त्रणका लागि सबैभन्दा धेरै काट्ने/फाड्ने विधिको प्रयोग गरिन्छ । केही स्थानमा आगो लगाउने र रसायन छर्कने उपायहरू अपनाइएको भए पनि जलीय मिचाहा झारको व्यवस्थापनमा भने खासै प्रयास नभएको पाइएको छ ।

तालिका 23: पारिस्थितिकीय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण

| पारिस्थितिकीय प्रणाली | वनस्पतिमा परिवर्तन | जीवजन्तुमा परिवर्तन | अवस्था/ गुणस्तर | संयोजन | सेवामा परिवर्तन | जम्मा | औसत |
|---|---|---|---|---|---|---|---|
| वन पारिस्थितिकीय प्रणाली | १.५७ | १.१४ | २.२५ | १.५७ | २.१३ | ८.६६ | १.७३ |
| कृषि पारिस्थितिकीय प्रणाली | १.३३ | १.३३ | २.३३ | १.४४ | १.८७ | ८.३३ | १.६७ |
| जलीय पारिस्थितिकीय प्रणाली | १.३३ | १.५६ | १.७८ | १ | १.७८ | ७.४४ | १.४९ |

यस गाउँपालिकामा रहेका विभिन्न पारिस्थितिकीय प्रणालीहरूको तुलनात्मक जोखिम विश्लेषण गर्दा, **वनजङ्गल पारिस्थितिकीय प्रणाली** सबैभन्दा बढी जोखिममा रहेको देखिन्छ । वनजङ्गलको अवस्था र गुणस्तरमा ठूलो असर परेको छ, जसका कारण सो प्रणालीले प्रदान गर्ने सेवाहरूमा पनि उल्लेखनीय परिवर्तन आएको छ । वन पैदावार, वन्यजन्तु र जडिबुटीको उपलब्धता पहिलेको तुलनामा घट्दै गएको छ ।

त्यसैगरी, दोस्रो स्थानमा रहेको **कृषि पारिस्थितिकीय प्रणाली**को अवस्था, गुणस्तर र सेवामा पनि उल्लेखनीय असर परेको छ । यस प्रणालीमा जलवायु परिवर्तनका कारण बाली उत्पादनमा कमी, गुणस्तरमा गिरावट र नयाँ प्रजातिका बालीहरू लाग्न थालेका छन् ।

**जलीय पारिस्थितिकीय प्रणाली** पनि प्रभावबाट अछुतो छैन । यसको गुणस्तर र सेवामा व्यापक असर देखिएको छ । जलवायुजन्य जोखिमहरू जस्तैः खडेरी, बाढी, पहिरो तथा मिचाहा प्रजातिको प्रसारले यी सबै प्रणालीको अवस्था र कार्यक्षमतामा प्रतिकूल प्रभाव पारिरहेको छ ।

वनजङ्गलको गुणस्तर ह्रास हुँदा वन पैदावार संकलनका लागि बढी समय खर्च गर्नुपर्ने भएको छ । कृषि प्रणालीमा पहिरो, खडेरी, र मिचाहा प्रजातिका कारण उत्पादन र सेवा क्षमतामा ह्रास आएको छ ।

जलीय प्रणालीको गुणस्तरमा आएको परिवर्तनका कारण पानीका मुहानहरू सुक्ने, पानीको मात्रा घट्ने, र व्यवस्थापन तथा सङ्कलनका लागि अधिक समय दिनुपर्ने अवस्था सिर्जना भएको छ । यो अवस्था विशेषगरी **महिला,** जो घरायसी कार्यमा संलग्न हुन्छन्, का लागि थप कार्यबोझ सिर्जना गर्दछ ।

पानीको स्रोतहरूमा पहिरो वा बाढीका कारण फोहोर हुँदा संक्रामक रोग फैलने सम्भावना बढ्छ । साथै, व्यक्तिगत सरसफाइको लागि आवश्यक पानी अभाव हुँदा **स्वास्थ्यमा गम्भीर असर** पर्ने देखिन्छ ।

जलवायु परिवर्तनका कारण **खाद्य तथा पोषणको अभाव** सिर्जना भई सन्तुलित आहारको कमी हुने, जसले **बालबालिका, सुत्केरी तथा गर्भवती महिला, तथा अन्य संकटासन्न वर्गहरूमा प्रतिकूल असर** पार्ने सम्भावना उच्च रहेको देखिन्छ ।

# परिच्छेद ५ विषयगत क्षेत्र तथा जीविकोपार्जनका स्रोतमा पारेको प्रभाव, अनुकूलन कार्यहरुको विश्लेषण

## ५.१ विषयगत क्षेत्रमा पारेको प्रभाव

परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको खाका २०७६ ले दस वटा विषयगत क्षेत्र र यस विधिबाट यस गाउँपालिकामा विगत ३० वर्षमा जलवायुमा देखिएको परिवर्तनले विभिन्न क्षेत्रगत प्रभाव तथा हालको अवस्था र भविष्यको अनुमान प्रस्तुत गरिएको छ । पहिलेको अवस्थाबाट वर्तमान अवस्थामा भएको परिवर्तन र भविष्यमा पार्न सक्ने नकारात्मक असरको चित्रण गरिएको छ । जसले जलवायु परिवर्तनको असरबाट अनुकूलन हुन गर्नुपर्ने कामहरूको प्राथमिकीकरण र लेखाजोखा गर्न मद्दत गरेको छ ।

तालिका 24: विषयगत क्षेत्रमा परेको प्रभाव तथा भविष्य अनुमान

| ३० वर्ष अगाडिको अवस्था | हालसम्म महसुस गरेको प्रभाव | भविष्यको अनुमान | संकटासन्न वर्गमा पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| | कृषि तथा खाद्य सुरक्षा | | |
| वर्षाको पानीमा भर पर्नु पर्ने हुन्थ्यो । सिँचाईको सुविधा थिएन । दलहन प्रशस्त मात्रामा उत्पादन हुन्थ्यो, प्राङ्गारिक मलको प्रयोग थियो, रैथाने बीउ (कोदो, मार्से, गहुँ, मकै, फापर, मार्सी धान) उब्जनी हुन्थ्यो, स्थानीय उत्पादनहरूमा मात्र पहुँच थियो । पशुपालनमा लोकप्रियता थियो । धेरैजसो मानिस कृषिमा मात्र आबद्ध थिए ।<br>कृषि प्रविधि र ज्ञानको कमी, उन्नत जातका बिउ बिजन थिएन, परिश्रम अनुसार उत्पादन कमी थियो, अन्न गेडागुडीमा पौष्टिकता बढी थियो, पशुपालन धेरै गरिन्थ्यो, पशु रोगले विकराल रूप लिन्थ्यो, दूध, दही, घ्यू बिक्री वितरण गरिन्नथ्यो, घरपालुवा बस्तु फुकुवा चरी चरण गरिन्थ्यो, खुल्ला चरिचरण थियो । | खाद्यन्न बालीसँगै नगदेबाली तथा फलफूल खेती प्रवर्द्धन गर्ने प्रयास भएको छ । खेतीयोग्य जमिन बाढीले गर्दा बाँझो भएको, भटमास, गहत, मास, अरहर, सिमि कम मात्रामा उत्पादन हुन थालेको छ, बोझो लोप हुँदै गएको छ, युरिया लगाएत रासायनिक मलको प्रयोग बढ्न थालेको छ, उन्नत जातको बीउ (खुमल ४, जोडीकरण आदि) प्रयोग हुन थालेको, पशुपालनमा लोकप्रियता कम हुँदै गएको, अझै पनि केही रैथाने जातको पशु पालिँदै आएको छ । धेरै स्थानहरुमा सिँचाई सुविधा पुगेको छ । कृषि समूह र कृषि सहकारीका सदस्यहरुको क्षमता विकास, सशक्तिकरण भएको छ । कृषिमा काम गर्ने मानिस घट्दै गएका छन्। प्रांगारिक मलको प्रयोग कम र रासायनिक मलको प्रयोग बढी हुने गरेको, सिंचाइको व्यवस्था | भू-क्षमता अनुसारको भू-उपयोग सम्बन्धि प्राविधिक तालिम पाएका हुनेछन् । खडेरी थेग्ने बाली वितरण भएको हुनेछ । भिरालो ठाउँमा पनि गह्रागह्रा बनाएर खेती गर्ने चलन बढ्नेछ । तरकारी तथा फलफुल संकलन केन्द्र, व्यावसायिक खेती सुरु भएको हुनेछ । पशु तथा कृषि बिमा सबैले गरेका हुनेछन् । गोठसुधारका कार्यक्रमहरु संचालनमा हुनेछन् । कृषि उत्पादनमा प्रविधि प्रयोग भएको हुनेछ । थोपा सिँचाई विस्तार हुनेछ । उन्नत जातका बीउ प्रयोग हुनेछ, माटो परीक्षण गरिएको हुनेछ, बेमौसमी खेती हुनेछ, पशु उत्पादनको बजार र मूल्य समायोजन हुनेछ । व्यावसायिक पशु तथा कुखुरापालन सुरु हुनेछ । कृषि सामान आयात भन्दा निर्यात हुने | दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ । सुनौला हजार दिनका आमाहरु सुरक्षीत पोषण नपाएर कमजोर हुन सक्नेछन् । बच्चाहरु कुपोषित हुन सक्नेछन् । सन्तुलित आहारको कमी हुन् सक्नेछन् । |

| ३० वर्ष अगाडिको अवस्था | हालसम्म महसुस गरेको प्रभाव | भविष्यको अनुमान | संकटासन्न वर्गमा पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| नाउलोमा लाइन लागेर पानी भर्नु पर्ने बाध्यता रहेको थियो । | अझै पूर्ण रूपले नभएको, स्थानीय पशुपालनमा कमी, बाढी पहिरोले कृषि जमिन कमी भएको, पशु उत्पादन बिक्री हुन थालेको छ तर मूल्य एकरूपता छैन, पशुरोग रोकथाम नभएको अवस्था छ । जङ्गली जनावरले अन्नबाली धेरै क्षति गर्न थालेको, मानिसले जग्गा बाँझो राख्न थालेका छन्, मार्सी, थापाचिनी, हंसराज, जाउली धन, बड्डी गहुँ, औली गहुँ, फापर जस्ता प्रजाति लोप हुँदै गएको छ । | अवस्था आउनेछ, कृषि जमिनको क्षति रोकथाम हुनेछ । पुरानो रैथाने बिउ संरक्षण भएको हुनेछ । | |
| **वन, जैविक विविधता तथा जलाधार संरक्षण** | | | |
| पर्याप्त वन पैदावार, जैविक विविधता थियो । दारकाठ राम्रो थियो, पर्याप्त मात्रामा बिरुवा, जडीबुटी पाइन्थ्यो । वन व्यवस्थापन थिएन, वन हेरालुको व्यवस्था थिएन, कन्दमुल प्रसस्त मात्रामा पाइन्थ्यो, वन उपभोक्ता समिति थिएन, वन सम्बन्धी कार्यक्रम थिएन ।<br>खुल्ला चोरीशिकारी हुने गरेको थियो । थुप्रै वन्यजन्तु जस्तै भालु, लंगुर बाँदर, रतुवा, गोहोरो देखिने गरेको थियो । गैरकाष्ठ वन पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको विकास भएको थिएन। काठ घरेलु फर्निचर बनाउन मात्र प्रयोग हुन्थ्यो । | वन, जैविक विविधता तथा जलाधार सम्बन्धी अध्ययन भएको छैन् । वन डढेलो धेरै भएको कारण वन पैदावार कमी भएको छ । फर्निचर उद्योगको विकास भएको छ । वन व्यवस्थापन तालिम तथा सोको लागि आवश्यक सामाग्रीहरु सामुदायिक वन उपभोक्ता समितिलाई वितरण गरिएको छ ।<br>माथिल्लो तथा तल्लो तटिय क्षेत्रहरुको अन्तर सम्बन्ध र सहकार्य सहितको जलाधार व्यवस्थापनको ज्ञानको कमी छ, जंगली जनावरले सताएर दुख दिन थालेको, वनमा जडीबुटी कम पाइने, पानीको मुहान सुक्दै गएको, वन विनाश सम्बन्धी अझै पनि ज्ञानको कमी रहेको छ, कन्दमुल कम पाइन थालेको छ, पुराना केही | राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको प्रवर्द्धन भएको हुनेछ । वन व्यवस्थापन हुनेछ । उपभोक्ताहरुले माथिल्लो तथा तल्लो तटिय क्षेत्रहरुको अन्तर सम्बन्ध र सहकार्य सहितको जलाधार व्यवस्थापन सम्बन्धि प्राविधिक तालिम पाएका हुनेछन् । व्यावसायिक जडीबुटी उत्पादन हुनेछन्, वन विज्ञान सम्बन्धी दक्ष जनशक्ति हुनेछन्, नयाँ जातका रूखविरुवा वृक्षारोपण हुनेछन्, लोप भएका तथा हुन लागेका जनावर संरक्षण हुनेछन् । जङ्गल संरक्षण भएर पानीको मुहान संरक्षण भएको हुनेछन् | रोजगारीका सिलसिलाका पुरुषहरु घरमा नहुँदा काठ, दाउरा, घास संकलन गर्न जाने महिलाहरु वन्यजन्तुसँगको द्वन्द्वको जोखिम रहेको हुन्छ । अहिलेको जस्तै आगलागीको घटना बढ्दै गए वन पैदावार लिन टाढा जानु पर्ने हुन सक्छ । |

| ३० वर्ष अगाडिको अवस्था | हालसम्म महसुस गरेको प्रभाव | भविष्यको अनुमान | संकटासन्न वर्गमा पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| | बिरुवा तथा जनावर लोप भएको र नया झाडी बुट्यान देखिन थालेको छ । | | |
| **जलस्रोत तथा ऊर्जा** | | | |
| टुकी/दियालो बाल्ने गरेको, खाना पकाउन सबै परिवारहरुले दाउरा गर्ने गरेको, वैकल्पिक ऊर्जा सम्बन्धि ज्ञान नभएको, पानीको उपयोग पिउने, पशुचौपायालाई दिने, सिँचाईको साथै घट्ट संचालन प्रयोजनका लागि हुने गरेको थियो । मुहान ठाउँठाउँमा फुट्ने गर्दथ्यो तथा जलको प्रशस्त मात्रामा उपलब्धता थियो । पानी बोकेर धाउनुपर्ने अवस्था थियो । परम्परागत चुलोको प्रयोग थियो । प्रसस्त मात्रामा गाईवस्तु आहाल खेल्ने पोखरीहरु रहेकोले पानीको पुनर्भरण हुने गरेको थियो । | धेरै स्थानमा राष्ट्रिय प्रशारण लाइन पुगेको छ तथा लघु जलविद्युत संचालनमा आएपछि बिजुली बत्ति आउने गरेको छ तर ठूलो क्षमताको विद्युतीय उपकरण संचालन गर्न समस्या रहेको छ । खाना पकाउन अधिकाशं परिवार दाउरा र बजार क्षेत्रमा केही परिवारहरु एल.पि.जि ग्यास प्रयोग गर्दैछन् । जलको बहुउपयोग हुने गरेको छ र माग पनि बढ्दो छ । अव्यवस्थित सडक निर्माण तथा अत्याधिक खडेरी तथा पहिलेका गाईवस्तु आहाल खेल्ने पोखरीहरुको प्रयोग कम हुनाले पानीका मुहान सुकेका छन् । टोलटोलमा खानेपानी पाईप मार्फत् वितरण भएको छ भने सुधारिएको चुलो केही ठाउँमा प्रयोग हुन थालेको छ । | गाउँपालिका पूर्ण रूपमा राष्ट्रिय प्रसारण लाइनबाट विद्युतीकरण हुनेछ । वैकल्पिक ऊर्जा सम्बन्धि तालिम संचालन भई प्रयोगमा आएको हुनेछ । एल.पि.जि ग्यास प्रयोग अधिक हुनेछ । पानीको बहुउपयोग हुने र साना उद्योग कलकारखानाका लागि माग पनि बढ्दो हुनेछ र प्रति व्यक्ति पानीको माग बढ्ने छ । धुवाँरहित सुधारिएको चुलोको प्रयोग बढेको हुनेछ । लघुजलविद्युत आयोजना हरुको नहरमा बाढी तथा पहिरोको क्षति हुने सम्भावना रहन्छ । पानीको मुहान संरक्षण भएको हुनेछ । | खाना पकाउन अधिकाशं परिवारले दाउराको प्रयोग गर्ने हुँदा र स्वच्छ ऊर्जाको प्रयोग नहुँदा महिला, दुधे बालबालिका र वृद्धवृद्धाहरुमा श्वासप्रश्वासको जोखिम अधिक रहेको छ । रोजगारीका सिलसिलाका पुरुषहरु घरमा नहुँदा दाउरा संकलनमा गर्न जाने महिलाहरु वन्यजन्तुसँगको द्वन्द्वको जोखिममा रहेको हुन्छ । |
| **स्वास्थ्य, खानेपानी तथा सरसफाई** | | | |
| रुढीवादी अन्धविश्वासमा आधारित उपचार पद्धति थियो । धामीझाँक्रीले स्थानीय जडिबुटी प्रयोग गर्दथे । आपत्कालीन स्वास्थ्य सेवा संचालनका लागि संचार, सवारी केही थिएन । शौचालयको व्यस्था नहुदा खुल्ला शौच गर्ने अवस्था थियो । साबुन पानीले हात धुने चलन थिएन । घर र पशुका गोठ खोर नजिकै हुन्थे | प्राथामिक उपचार सम्वन्धी तालिम पाएका छन् । चर्पीको प्रयोग हुन्छ । स्वास्थ्य संस्था सञ्चालनमा छ । प्राथमिक स्वास्थ्य केन्द्र तथा प्रसुती गृह संचालनमा छन् । बिरामीलाई स्वास्थ्य चौकी पुऱ्याउन स्ट्रेचरको व्यवस्था छ । आवश्यक औषधिहरुको केही मात्रामा व्यवस्था छ । घरायसी तहमा पानी शुद्धिकरण गर्ने विधिको | मानव महामारी साथै पुश तथा बालीको महामारी प्रकोप क्षेत्रका लागि महामारी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ ।<br>लिङ्ग, उमेर र अपाङ्गताका आधारमा महामारी जोखिमयुक्त क्षेत्रहरूमा भू-सूचना प्रविधि समेत | किशोरी मैत्री शौचालय नभएका विद्यालयमा महिनावारीको समयमा अप्ठेरो पर्ने गरेको छ । त्यस्तै कतिपय किशोरी मैत्री शौचालय भएका विद्यालयका शौचालयमा पानीको आपुर्ति सहज छैन् । स्वास्थ्य संस्थाको पहुँचले महिला तथा बालबालिकाको स्वास्थ्य स्थिति सुधार हुने देखिन्छ । |

| ३० वर्ष अगाडिको अवस्था | हालसम्म महसुस गरेको प्रभाव | भविष्यको अनुमान | संकटासन्न वर्गमा पर्न सक्ने प्रभाव |
|---|---|---|---|
